# सङ्घीय संसद्
# राष्ट्रिय सभा
# उन्नाइसौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २०८२ फागुन १ गते
# शुक्रवार
# बैठक सङ्ख्या - ९

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:१९ बजे प्रारम्भ भयो।

(१२:१९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू शून्य समयमा बोल्नको लागि माननीय सदस्यको नाम प्राप्त भएको छ। शून्य समयमा बोल्नको लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेट को समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१२:१९ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- सम्माननीय अध्यक्ष महोदय, कर्णाली प्रदेशको दैलेख जिल्लाको भैरवी गाउँपालिका वडा नम्बर १ जलबिरेमा ८० अर्ब ७० करोड घन मिटर प्राकृतिक ग्याँस रहेको खोजबिन, अनुसन्धान, नापजाँचबाट पता लगाएको छ। मिथेन ग्यास, पेट्रोल, डिजेल भन्दा स्वच्छ इन्धन मानिन्छ। चीनको सरकारी निकाय चाइना जियोलोजिकल सर्वेले विभिन्नमा चरणमा सर्वे गरेको थियो। पेट्रोलियम पदार्थ खोजबिन गर्न जलबिरेमा ४५ रोपनी जग्गा अधिकरण गरिएको छ। ग्यासको व्यावसायिक उत्पादन थालिएपछि नेपालको आर्थिक भार घट्ने छ। विदेशी मुद्रा बचत हुनेछ जसले राष्ट्रिय अर्थतन्त्रमा ठुलो योगदान

पुऱ्याउन सक्ने छ। यसलाई सरकारले तदारुकताका साथ उत्खनन गरेर यो अभावलाई र यो राष्ट्रिय आवश्यकतालाई पूर्ति गरोस् भन्ने विचार राख्न चाहन्छु। हस् धन्यवाद।

(१२:२० बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोपाल भट्टराई।

(१२:२० बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्षज्यू, अहिले महिला मन्त्रालय अन्तर्गतको समाज कल्याण परिषद्मा रहेका ५९ जना करारका कर्मचारीहरू मध्ये १६ जना कर्मचारीलाई निष्कासन गरिएको भन्ने सुनिएको छ। यदि करारमा नराख्ने नै हो सबैलाई निष्कासन गर्नु पऱ्यो, होइन भने १६ जनालाई मात्रै विभिन्न खालको आरोप, आक्षेप लगाएर निष्कासन गरिएको हामीले जानकारी पाएका छौं। यस्तो अवस्थामा अहिले चुनावको अन्तिम अन्तिम अवस्थामा सरकारले यदि यसो गर्छ भने निर्वाचन आयोगले दिएको अनुशासन कायम गरे, गरेनन् भने कुरा समेत आउन सक्छ (..... समय सकिएको।)

(१२:२१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१२:२१ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** (..... आवाज सुनिएन।)

(१२:२२ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य माया प्रसाद शर्मा।

(१२:२३ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** (..... आवाज सुनिएन।)

(१२:२३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य शारदा देवी भट्ट।

(१२:२३ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्ष महोदय, अहिलेको समसामयिक जल्दो बल्दो विषय भनेको निर्वाचनमा जान २० दिन मात्रै बाँकी छ देश। तसर्थ, म अध्यक्षज्यूमार्फत नेपाल सरकारलाई भन्न चाहन्छु निर्वाचन भयरहित, त्रासरहित,

निष्पक्ष, धाँधलीरहित, सदाचार नीति अपनाएर संयमताका साथ सम्पन्न होस् र गराओस्। अहिलेको सरकार सफल होस् भन्न चाहन्छु। धन्यवाद।

(१२:२४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा वि.सी.।

(१२:२४ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, देशका विभिन्न भागहरूमा हत्या, हिंसा बढ्दै गएको समाचारहरू आइरहेका छन्। यही २०८२ माघ २८ गते बुधवार जनकपुरमा २३ वर्षीय अलिता खातुनलाई सलले घाँटी कसेर हत्या गरेको आएको छ। यस्तै गरेर दैलेख जिल्ला दुल्लु क्याम्पस रोड साथीले धारिलो हतियार प्रयोग गरि १० कक्षामा अध्ययनरत प्रकाश खत्रीको हत्या भएको छ र मृतकहरूप्रति म हार्दिक श्रद्धाञ्जली दिँदै यस्ता हतियारहरूलाई यथार्थ छानबिन गरी दोषीलाई कडा भन्दा कडा कारबाही गरी पीडितलाई न्याय दिनका लागि म सरकारसँग माग गर्दछु। धन्यवाद।

(१२:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू संवैधानिक व्यवस्था बमोजिम ६ वर्ष पदावधि पूरा गरी एक तिहाइ माननीय सदस्यहरू २०८२ फागुन २० गते देखि बिदाइ हुँदै हुनुहुन्छ। अनुभव प्रस्तुत चाहनु हुने बाँकी माननीय सदस्यहरूलाई आफ्नो अनुभव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु। यसका लागि प्रत्येक माननीय सदस्यहरूलाई १२ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१२:२६ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम त यो परिवर्तनकारी आन्दोलनमा आफ्नो जीवन आहुति गर्नुहुने र विशेष गरेर देशको महत्वपूर्ण राजनीतिक परिवर्तनको आन्दोलन १० वर्षको जनयुद्धमा आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण योद्धाहरूलाई स्मरण गर्न चाहन्छु र आज ३१औं जनयुद्ध दिवस भएको कारणले गर्दाखेरि सबै परिवर्तनमा आफ्नो भूमिका खेल्नुहुने आदरणीय आमाबुवा, दाजुभाइ, दिदीबहिनी सबै जनसमुदायलाई पनि म मेरो आफ्नो तर्फबाट र पार्टीको तर्फबाट पनि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। म तत्कालीन नेपाल कम्युनिष्ट पार्टीबाट नै २०७६ मा राष्ट्रिय सभामा प्रतिनिधित्व

कोशी प्रदेशबाट गरेको थिए। हुन त त्यसपछि देशमा थुप्रै खालका दुर्घटनाहरू भए, फेर बदलहरू भए र विशेष गरेर कम्युनिष्ट पार्टीको विभाजन र म जुन पार्टीबाट ६ वर्ष अगाडि राष्ट्रिय सभामा प्रतिनिधित्व गरेको थिए पार्टी फुटी सकेपछि फेरि नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र र अहिले हामी फेरि बिदाइ हुँदै गर्दाखेरि गरी नेपाली कम्युनिष्ट पार्टीको सदस्यको रूपमा राष्ट्रिय सभामा प्रतिनिधित्व गरेर म बिदा हुँदै छु। यो ६ वर्षको कार्यकाल मलाई के लाग्छ भने हामी थुप्रै चुनौतीहरू, थुप्रै जटिलताहरू र विषम राष्ट्रिय राजनीतिक परिस्थितिलाई झेल्दै, सामना गर्दै र विशेष गरेर यो ६ वर्षको राजनीतिक अवधिमा यो राष्ट्रिय सभाको सदस्य हुँदै गर्दाखेरि ३ चोटि संसद विघटन भयो। पहिलो चोटिको संसद विघटन हामी सबै परिवर्तनकारी राजनीतिक शक्तिहरूको सडक सङ्घर्षको बलमा अदालतकै भूमिकाबाट संसद पुनर्स्थापना भयो। दोस्रो चोटिको संसद विघटन फेरि अदालतकै बलबाट विशेष गरेर नागरिकसमाज, प्रबुद्ध वर्ग र राजनीतिक पार्टीहरूको सचेत पहलकदमी सहित अदालतको भूमिकाबाट संसद पुनर्स्थापना भयो।

यो तेस्रो चोटिको संसद विघटन जेनजी आन्दोलनको रूपमा जुन समाजमा भएको एउटा असन्तुष्टि जसरी व्यक्त भयो त्यो सन्तुष्टिकै कारण गर्दाखेरि जेनजी आन्दोलन भयो र जेनजी आन्दोलनको कारण गर्दाखेरि यो संसद विघटन भयो र हामी यसको प्रज्ञागत हिसाबले हल गर्नको लागि, यही २१ गते मध्यावधि निर्वाचनमा जाँदैछौं। लोकतन्त्रलाई संस्थागत गर्नको लागि संविधान कार्यान्वयनको सुनिश्चितताको लागि र यो सबै परिवर्तनकारी आन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै देशलाई अगाडि बढाउने एउटा लोकतन्त्रको अभ्यास अनुरूप नै हामी निर्वाचनबाट अनुमोदित हुने ठाउँमा र संसदलाई फेरि पुनर्स्थापना मतलब नयाँ ढङ्गले संसद अगाडि बढ्ने ठाउँ तिर देश अगाडि बढिराखेको छ। म यो सन्दर्भमा पनि अहिले सरकारले जुन एउटा महत्वपूर्ण दायित्व अथवा जिम्मेवारी लिएको छ। लोकतन्त्रको रक्षा गर्ने, संविधानको रक्षा गर्ने, गणतन्त्रको रक्षा गर्ने, दायित्व अन्तर्गत जुन ऐतिहासिक निर्वाचन हुन लागेको छ। यो निर्वाचन शान्तिपूर्ण तरिकाले निष्पक्ष, धाँधलीरहित एउटा समाज भय पनि छ के हुने हो भन्ने पनि छ एक, दोस्रो कतिपय मानिसहरूले चुनाव हुँदैन पनि भनिराखेका छन्। मतदाता अथवा जनसमुदायमा पनि एउटा खालको अन्यौलता भएको कारणले गर्दाखेरि यो जिम्मेवारी असाध्यै गहन छ, महत्वपूर्ण छ र यसलाई त्यही हिसाबले यो सरकारले पूरा गरोस् भने पनि म निवेदन गर्न चाहन्छु।

हामीले १० वर्षको जनयुद्ध, १९ दिनको जनआन्दोलन र मधेश आन्दोलन यो ३ वटा आन्दोलनको भावना एकीकृत हुँदाखेरि बनेको संविधान हो यो एउटा सहमतिको दस्तावेज जसले राष्ट्रियताको कोणबाट हेर्दाखेरि आन्तरिक राष्ट्रिय एकतालाई मजबुत गर्ने, समावेशितालाई सुनिश्चित गर्ने

र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जुन एउटा महत्वपूर्ण अभिभारा संविधानले गर्‍यो या राजनीतिक दलको सूझबुझ पूर्ण पहलकदमीकै कारणले गर्दाखेरि देश आज यो स्थितिमा छ। तर मलाई के लाग्छ भनेको समाज परिवर्तन अथवा क्रान्ति भने क्रान्तिको एउटा चरणले मात्रै क्रान्तिको मकसद पूरा हुदैन र यसले निरन्तर क्रान्ति अथवा निरन्तर परिवर्तनको माग गरि रहन्छ। हामीले राजनीतिक हिसाबले संविधान बनाएर गणतन्त्र, संघीयता, समावेशिता र उत्पीडितहरूको अधिकारलाई सुनिश्चित त गर्‍यौ तर फेरि हामीले मौलिक अधिकारलाई व्यवस्थापन गर्नको निम्ति संविधानमा जुन हामीले मौलिक अधिकारको व्यवस्था गरेका थियौ त्यो मौलिक अधिकारलाई व्यवस्थित र कार्यान्वयन गर्नको निम्ति कानुन नबन्दाखेरि अथवा क्रान्तिकारी शक्तिहरू कमजोर हुँदाखेरि र रिभयोलुशनको प्रक्रियाबाट देशमा जुन परिवर्तन भयो हाम्रो गति फेरि इभयोलुशनको तरिकाले अगाडि बढेको कारणले गर्दाखेरि डेलिभरीमा समस्या भयो संघीयता प्रति, राजनीतिक पार्टीहरू प्रति, सरकार र राज्य प्रति क्रमशः भरोसा टुट्यो जुन एउटा विद्रोहको स्थितिमा देश पुग्यो त्यो जेनजी आन्दोलनको रूपमा व्यक्त भयो।

हामीले क्रान्तिलाई संस्थागत गर्न नसक्दाखेरि, क्रान्तिका उपलब्धिहरूलाई व्यवहारिक कार्यान्वयनमा तदारुकता नदेखाउँदाखेरि र यो सरकार क्रमशः अदलबदल भईराख्ने जुन एउटा म्यूजिकल चेयरको गतिमा राज्य अगाडि बढ्यो मैले त्यसलाई के भन्छु भने मिलीजुली शासनको असफलता हो। मिलीजुली शासनको हामी तबसम्म अन्त्य गर्न सक्दैनौं एउटा स्थायी प्रकृतिको मतलब ५ वर्षसम्म रूलिङ्ग गर्ने, सरकार बनाउने अथवा राज्यलाई त्यो दिशातर्फ अगाडि बढाउने ढङ्गले हामी अगाडि बढ्न सक्दैनौं तब देशमा यस्ता खालको जटिलताहरू आउँदै गर्छ, आइरहन्छ र अझै धेरै जटिल परिस्थिति हक देशमा आउँछ होला कि भने मैले त्यो पनि अनुभूत गरिराखेको छु। म अहिले निर्वाचनकै क्रममा जनसमुदायहरूको, मतदाताहरूको बीचमा पनि गईराखेको छु, नयाँ युवा साथीहरूको बीच पनि गईराखेको छु, पुराना साथीहरूको मनोविज्ञान पनि बुझिराखेको छु, मतदाताको मनोविज्ञान पनि बुझिराखेको छु, नयाँ साथीहरूको माग आवश्यकतालाई पनि बुझि राखेको छु। यो स्थिति हेर्दाखेरि अझै पनि मलाई के लाग्छ भने यो चुनावले पनि राजनीतिक हिसाबले समस्याको समाधान गर्छ जस्तो मलाई लागिराखेको छैन। तर मेरो निवेदन के छ भने राजनीतिक समस्याको समाधान हुनु पर्छ। अब देशमा जुन खालको परिस्थिति बन्यो हामीले संविधान बनायौं, राज्य परिवर्तन भयो, केन्द्रीयता तोडियो र जनतालाई विशेष गरेर उत्पीडित मधेशी, मुस्लिम, कर्णाली, जनजाति, दलित, र महिलालाई यो राज्यको मालिक बन्ने ठाउँसम्म एक किसिमको आन्दोलनले देशलाई त्यहाँ पुर्‍यायो तर त्यसको व्यवहारिक हिसाबको कार्यान्वयनका केही जटिलताहरू भनेको कानुन निर्माणकै जटिलता हो, विधि निर्माणकै जटिलता हो र योजटिलता हामीले हल गर्न सकेनौं र अबका दिनमा नयाँ चुनाव पछि आउने सरकारले

त्यसमा तदारुकता देखाउन आवश्यक छ एक, दोस्रो कुरा हाम्रो राष्ट्रिय सभा आजसम्म हामी एउटा समझदारीको बीचबाट, सहकार्यको बीचबाट म जुन एउटा परिस्थिति, परिवेश, राजनीतिक पृष्ठभूमि, पारिवारिक पृष्ठभूमि, सामाजिक पृष्ठभूमि, धरातलबाट यहाँ आए मैले कहिलेकाहीँ भन्ने गर्छु म अलि उमेर हुँदै आए यो प्रबुद्धहरूको सभा, अलिकति अनुभवी, खारिएका र सिनियरहरूको कार्यकारी अलि सीनियरहरूको सभा हुँदा हुँदै पनि म आउँदा करिब ४५ वर्षको उमेरको थिए। अलि उमेरमै आएकी भन्ने पनि लाग्छ तर म विश्वविद्यालयमा आए। यहाँ मैले राजनीतिक हिसाबले धेरै परिपक्व लिडरहरूसँग सहकार्य गर्ने अवसर पनि पाए। सबै राजनीतिक पार्टीका सिनियर दल नेता, प्रमुख सचेतक र अरू माननीयज्यूहरूसँग पनि जुन एउटा सहकार्य गर्ने अवसर पाए। जनताका इश्युहरूलाई आफ्नो ठाउँबाट उठाउने विधि निर्माणको हिसाबले आफ्नो पहलकदमी र भूमिका पूरा गर्ने र राज्यको हिसाबले सरकारले गरेको कामहरूमा पनि चासो, चिन्ता र दबाब दिने भूमिका मलाई लाग्छ सापेक्षित रूपमा मैले पूरा गरे भन्ने लाग्छ। सहकार्यको हिसाबले राष्ट्रिय सभाका दुबै पूर्व अध्यक्ष र बहालवाला अहिलेका अध्यक्षले नै गार्जियनशिप गर्नुभयो।

दल नेताका हिसाबले मेरो दिनानाथ शर्मा, त्यसपछि नारायण काजी श्रेष्ठ लगायतका नेताहरूले मलाई राम्रो ढङ्गले गाइड गर्नभयो र मुख्यत मेरो पार्टीको लिडर आदरणीय कमरेड प्रचण्डले जसरि जिम्मा दिनुभयो मलाई प्रमुख सचेतकको रूपमा पनि जिम्मा दिनुभयो। कार्यव्यवस्थामा पनि मैले आफ्नो भूमिका पूरा गर्ने मौका पाए म आफ्नो पार्टीको अध्यक्षको हिसाबले आदरणीय कमरेड प्रचण्डलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। त्यसैगरी महासचिवज्यू पनि शायद दुईटा महासचिव फेरिनु भयो राष्ट्रिय सभाको सचिव पनि फेरिनु भएकोछ ३ जना करिब सचिवज्यूसँग मेरो सहकार्य भयो र त्यस्तै समितिका सभापति, कर्मचारी साथीहरू, सचिवालयका सबै साथीहरूसँग जसले सहकार्य र एउटा खालको सौहार्दपूर्ण वातावरणमा काम गर्ने अवसर मिल्यो यसको लागि हार्दिक सबैलाई आभार र धन्यवाद पनि व्यक्त गर्न चाहन्छु। अब चुनावको नजिक देश त्यतै अगाडि बढिराखिएको छ। चुनाव पछिको परिस्थिति के हुन्छ ? मैले बाँकी यो अनुभवलाई समाज सेवामा, राष्ट्रको सेवामा र सामाजिक काममा लगाउने मेरो आफ्नो प्रतिबद्धता सहित यो अवसरको लागि म सम्माननीय अध्यक्ष, सचिवालयलाई हार्दिक धन्यवाद र आभार व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्न चाहन्छु। हस् त अभिवादन। नमस्ते।

(१२:३८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरूले अनुभव प्रस्तुत गर्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू प्रादेशिक सरोकार समयमा बोल्नका लागि दलीय आधार माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब माननीय सदस्यहरूलाई बोल्नको लागि समय उपलब्ध

गराउँछु। सर्वप्रथम माननीय सदस्य उर्मिला अर्याल समय १२ मिनेट यसपछि माननीय सदस्य दुर्गा गुरुङ।

(१२:३९ बजे) **माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म आफ्नो कुरा राख्नु भन्दा अगाडि डा. मीना आचार्यको हिजो देहावसान भएको छ र उहाँलाई श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। महिलाहरूको कामको एउटा आर्थिक मूल्याङ्कन गरेर महिलाहरूको योगदानको एउटा कदर गर्ने एउटा जुन पद्धति उहाँले बसाल्नु भयो। त्यसको त्यो काम गरे बापत कति महिलाले आर्जन गर्न सक्थ्यो भन्ने किसिमले जुन एउटा लेखाजोखा त्यसको तथ्याङ्कको सुरुआती गर्ने काममा उहाँको ठुलो योगदान रहेको हुनाले उहाँलाई सम्पूर्ण नेपालको महिलाहरूको तर्फबाट पनि मेरो तर्फबाट हार्दिक श्रद्धाञ्जली र सम्मान व्यक्त गर्न चाहन्छु।

अब प्रदेश विशेषको समयलाई प्रयोग गर्दै म मधेश प्रदेशको प्रतिनिधित्व गर्ने हुनाले त्यसैलाई अब सुरुआत गरेर बोल्न चाहन्छु। अब मधेश प्रदेश भनेको एउटा खाद्यान्नको भण्डार र कृषि योग्य, खेती योग्य अन्न उत्पादन गर्ने एउटा राम्रो भण्डारको रूपमा रहेको प्रदेश हो। यसमा ५ लाख ४२ हजार ५८० हेक्टर जमिन मध्ये ५ लाख २ हजार २२४ हेक्टरमा खेती हुन्छ। र यहाँको मुख्य बाली धान, गहुँ एक किसिमले भन्ने हो भने मधेश प्रदेश अन्नको भण्डार नै हो। अब यहाँ आर्थिक रूपले सक्रिय जनसङ्ख्याको हिसाबले भन्यो भने ५७.७ प्रतिशत छन्। अब मुख्य बालीमा अघि मैले भनिसके धान त्यसपछि गहुँ आयो, उखु बाली उत्पादन हुन्छ, तरकारी पनि राम्रो हुन्छ अब पशुपालनमा पनि यहाँ पल्ट्री, फलफूल, दूध, माछा, यो सबैको राम्रो व्यवस्था छ। उखुमा राष्ट्रमै ६६.५ प्रतिशत उत्पादन मधेश प्रदेशबाट हुन्छ। तेलहनमा २२.१ प्रतिशत उत्पादन हुन्छ। आँप, लिची, केरा आदि यो फलफूलमा धेरै सम्पन्न छ। दूध १०औं लाख लिटर यहाँ उत्पादन हुन्छ। माछाको पनि राम्रो उत्पादन हुने ठाउँ हो। त्यसकारणले नेपालको सम्पूर्ण प्रदेशहरू मध्ये मलाई लाग्छ, मधेश प्रदेश यो हिसाबले खाद्यान्नमा सम्पन्न प्रदेश हो। यहाँ कलात्मक हिसाबले मिथिला कला एकदम चर्चित छ, कपडा उद्योग, फर्निचर निर्माण गर्ने, घरेलु उत्पादन सामग्रीहरू बनाउने, सिमेन्ट, पाइप फैक्ट्रीहरू, औषधी उत्पादन, कृषिमा आधारित उद्योगहरू पनि प्रशस्त छन्, सांस्कृतिक सम्पदाको हिसाबले भने जानकी मन्दिर, मिथिला कला, गढीमाई बारा रहेको, कङ्कालिनी माई सप्तरीमा रहेको, गहवामाई बीरगञ्जमा, सिमरौनगढ एउटा ऐतिहासिक त्यहाँको गढ हो तर अहिले ती जून सांस्कृतिक सम्पदाहरू छन् सांस्कृतिक सम्पदाहरूको

सम्पूर्ण जमिनहरू हिनामिना हुने त्यसको एउटा लेखाजोखाहरू हराएको यो हिसाबले गर्दाखेरि अब हामीले पूर्ण म त सिमरौनगढ जाँदाखेरि त्यो बेलामा ४२, ४० बिघाको पोखरी एउटा मात्र देखेको थिए। त्यसको छेउछाउ थुप्रै केराहरूको उत्पादन हुने, आफ्नै तरकारी बारी भएको ठुलो रोज गार्डनहरू भएको। म बि.ए. पढ्दाखेरि गएको थिए। ऐतिहासिक हिसाबले भेट्न जाउँ भनेर तर अहिले जाँदा त्यो दरबारको यताउताको सबै जग्गाहरू इन्क्रोचमेन्ट भइसकेको छ। त्यो पोखरी पनि सकिसकेको छ त्यो बडो हिनामिना भएको छ, मलाई लाग्छ सरकार पुनः त्यसलाई खोजी गरेर ती सम्पदाहरूलाई पुनः संरक्षण गरेर एउटा आदर्शीय भनौ न एउटा पर्यटकीय हिसाबले त्यसको सम्वर्धन गर्नु र नितान्त आवश्यक भएको कुरा मैले यहाँ सरकारको प्रतिनिधि पनि भएको हुनाले यहाँहरूको ध्यानाकर्षण गराउन चाहन्छु।

अर्को यहाँ धेरै समस्याहरू छन् मानव स्रोतको हिसाबले भन्ने हो भने बेरोजगारी, गरिबी, बाढी डुबानको समस्याहरू, लैङ्गिक असमानता, लैङ्गिक असमानतामा फेरि कस्तो छ भने अहिले महिलाहरू गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रदेश सभा सदस्यहरूमा अथवा वडा अध्यक्षहरूमा निर्वाचित हुने हिसाब हेर्ने हो भने अब त समग्र देशमा नै महिला वडा अध्यक्षको सङ्ख्या एकदमै कम छ भने अब मधेश प्रदेशमा त झन् कमजोर छ। त्यसमा पनि खास मधेश प्रदेशकै छोरीबेटीहरूको पढ़ाईको स्तर त्यति उच्च नहुने हुनाले अलि पिछडिएका अवस्था हुनाले बाहिर यहाँ भन्नु हुन्थ्यो हुदैन थियो। त्यो छुट्टै कुरा हो अहिले हाम्रो खुल्ला सिमाना बाहिरबाट जुन इंडियाबाट पढेर आएको थुप्रै शिक्षा अलि बढि आर्जन गरेका छोरीहरू हामीले बुहारी बनाएर ल्याउँछौं र बढि उहाँ गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, यस्ता अवसरहरू आउँदा प्रदेश सांसदहरू हुँदा बढि अवसरहरू उहाँहरूले पाइराख्नुभएको छ। त्यसैले आफ्नै छोरीहरूलाई पढाउने कुरामा मधेश प्रदेश अझै अलि पछाडी परेको देखिन्छ र त्यो शिक्षाको लागि डोर-टू-डोर कैम्पेन पनि गभरमेन्ट गर्नु पर्छ। छोरीलाई उच्च शिक्षासम्म लैजाउ भने डोर-टू-डोर कैम्पेन गर्ने अभिभारा हामीलाई पनि लिनुपर्छ। हामी पनि प्रदेशको प्रतिनिधि भएको हुनाले त्यस हिसाबले मैले फिल गरे मैले त्यो सबै संघबाट भेज्दाखेरि त्यो भयोट माग्न जाँदाखेरि मैले त्यो फिल गरेको हुनाले आज यो कुरा राखिएको हो। र मैले दुई चार ठाउँमा यो सुझाव पनि दिएको छु। अब यो महिला शिक्षा, साक्षरता वृद्धि, सहकारी सशक्तिकरण, राजनीतिक बढ्दो सहभागिता, आत्मनिर्भरता र उद्यमशीलतामा वृद्धि भएको देखिन्छ। अनि मूलतः अब त्यहाँ अल्पसङ्ख्यक समुदायहरू हुनुहुन्छ त्यसमा मुस्लिमहरू हो अलि त्यो तल्लो समुदाय तल्लो जातको भनेर अब जस्तो त्यहाँ डोम भन्ने हुन्छ, दुसाध भन्ने हुन्छ, चमार भन्ने हुन्छ त्यो खालको समुदायमा एकदमै उत्पीडन छ। उनीहरूको घरमा ट्वाइलेट

हुँदैन एकदम मार्जिनलाइज्ड इयानमा सानो झोपडी बनाएर बस्ने अवस्था हुन्छ र धेरै समाचारहरू सुन्न पाइन्छ। छोरीहरू ट्वाइलेट बाहिर झाडी-साडी जाँदाखेरि बलात्कृत हुने, कतिको ज्यान जाने, सामूहिक बलात्कारमा पर्ने यस्तो थुप्रै घटना यहाँहरूले पनि पत्रपत्रिकामा पढिराख्नु भएको होला। त्यसकारणले मधेश प्रदेशलाई विशेष त यो हो जातीय पिछौटेपन जुन दलित समुदायहरू माथि हुने उत्पीडन र उनीहरू एउटा मानवीय स्तरको मान्छेको रूपमा पनि नगन्ने जुन एउटा चलन छ, त्यसको लागि उहाँहरूको समृद्धि, उहाँहरूको एउटा मानव सूचकाङ्कमा विकासको यो अवस्था अलि वृद्धि गर्ने किसिमले विशेष बजेटको व्यवस्था मधेश प्रदेशको लागि हामीले विशेष कार्यक्रम बनाएर ल्याउनु पर्ने देखिन्छ। र त्यहाँको प्रदेश सरकारलाई पनि यो विषयमा ध्यानाकर्षण गराउन चाहन्छु।

यस बाहेक अब मिथिला प्रदेश कला क्षेत्रमा अत्यन्त मिथिला कला भनेपछि विश्वभरि नै प्रसिद्ध छ। र यसको राम्रोसँग मार्केटिङ्ग गर्ने अहिले हराईरहेको अवस्था मैले अस्ति पछि जाँदा मैले फिल गरे कि त्यसमा केही कमी आइरहेको छ। त्यसलाई अलिकति राम्रोसँग हामीले व्यापारीकरण गर्न सकेका छैनौं। त्यसकारण अरू देशहरूमा यसलाई प्रोमोट गर्ने हिसाबले यसलाई विशेष कार्यक्रमहरू ल्याएर आउनुपर्ने यो जुन मिथिला आर्टको राम्रो उहाँहरूले आर्टहरू बनाउनु हुन्छ। पहिले म जाँदा र अहिले जाँदा अहिले धेरै घटिसकेको छ। त्यसलाई हामीले सम्वर्द्धन गरेर बाहिर निकासी गर्न सक्ने हो भने र सम्पूर्ण मन्त्रालयहरूमा कमसेकम मिथिला आर्टको त्यो किनेर राखि दिने सरकारी कार्यालयहरूमा मिथिला आर्टलाई अलिकति प्रोमोट गर्न हिसाब राख्ने हिसाबको व्यवस्था गर्न सक्यो भने सरकारले यो नीति लागू गर्न सक्यो भने त्यो कलालाई फेरि प्रवर्द्धन गर्न सकिन्छ भन्ने हिसाबले यसमा सुझाव राखे र यसलाई मैले ध्यानाकर्षण गराउन पनि चाहन्छु। अहिले सरकारको अनि अब एक किसिमले भन्ने हो भने मधेश प्रदेशको आफ्नै एउटा मौलिकता छ। त्यहाँ एउटा हरेक वैशाखको १ गते सहलेस फुल फुल्छ त्यो दुईटा प्रेमीहरूको एउटा सहलेस राजा र एउटा (मालिनी) मालीको काम गर्ने महिलाको बीचको प्रेम सम्बन्धको आधारमा हरेक वैशाख १ गते सहलेस फूल फुल्छ र माला जस्तो स्वरूपमा फुल्छ र बेलुका एक दिन मात्र हरेक वैशाख १ गते भनेसी त्यो एउटा अनौठोपन छ र यसलाई अलि प्रोमोट गर्ने हो भने हाम्रो छिमेकी देशहरूमा पनि यसलाई अलि प्रचारप्रसारमा लाग्न सक्ने हो भने हामीले धेरै पर्यटकलाई पनि भित्र भित्र्याउन सक्छौं र त्यो क्षेत्रलाई बढि सम्वर्द्धन गर्ने हिसाबले सरकारले बजेट छुट्याओस् भन्ने ध्यानाकर्षण गराउँछु।

अब अर्को यहाँ के छ भने त्यहाँ विशेष गरि (मार्जिनलाइज कम्युनिटी) सिमान्तकृत समुदायहरू मुस्लिम, हरिजनहरू भयो, उत्पीडित समुदायहरू, अल्पसङ्ख्यक समुदायहरू, आदि, इत्यादि

हुन्छ। उनीहरूको लागि विशेष कार्यक्रम लिएर जानु पर्ने देखिन्छ। र त्यसो हुँदाखेरि उनीहरूको पनि एउटा सम्वर्द्धन होस् नत्र भने उनीहरू अलि पिछडिएको र अलिकति हेपिएको जस्तो अवस्थामा रहन्छ। जसले पनि भयोट बेसको आधारले मूल्याङ्कन गरेर भयोट धेरै हुने समुदायलाई बढि केन्द्रित हुने। अलि अल्पसङ्ख्यक समुदाय अलि सीमान्तकृत भएर बस्नु पर्ने अवस्था हुँदो रहेछ त्यो ओझेलमा पर्दो रहेछ। त्यसकारण यसलाई अलि ध्यान दिएर जानु पर्ने देखिन्छ। त्यस्तै अब भाषाको सम्वर्द्धनमा पनि हामीले मैथिली, भयोजपूरी, बाज्जिका लगायत पनि अरू अन्य स्थानीयहरूको आ-आफ्नै ठाउँहरूको आफ्नो भाषा छ, अर्को आफ्नो भाषा ती भाषाहरूको सम्वर्द्धनमा अलि जोड दिएर जानुपर्ने र चाहे अल्पसङ्ख्यक होस् चाहे सीमान्तकृत समुदायहरू होस् सबैको हामीहरूले एउटा राम्रो लेखाजोखा गरेर उनीहरूको भाषाहरूको राम्रो अध्ययन र तथ्याङ्क तयार गरेर त्यसलाई कसरी बढाएर लैजाने, उनीहरूको सम्वर्द्धन कसरी गर्ने भन्ने कुरा यो हाम्रो एउटा सम्पदा हो विविध भाषाहरू सम्पदा हो त्यसलाई ध्यान दिएर जानु पर्ने।

अर्को कृषि र पशुपालनमा अगाडि छ, तर पनि सरकारको तर्फबाट र सरकारी तर्फबाट बढि हामीले त्यसलाई प्रोमोट गर्न र बढि इनसोन्टिभ दिएर उनीहरूलाई अगाडि बढाउने कुरोमा कृषि अनुसन्धानका पक्ष धेरै हाम्रा कृषि अनुसन्धान परिषद् भनुँ मैले प्रष्ट भन्न चाहन्छु। र त्यहाँ अब छ क्षेत्रिय कृषि अनुसन्धानको काम गर्नलाई सबै ठाउँमा बागवानीहरू छन् तर त्यसमा भ्रष्टाचार धेरै छ राम्रोसँग व्यवस्थापन हुन सकेका छैनन्। त्यसको ओनरशिपमा कृषकहरूलाई पनि त्यो बोर्डमा राख्नुपर्‍यो, त्यो भएपछि त्यहाँ जे निर्णय हुन्छ त्यो निर्णयहरूमा उनीहरू पनि सहभागी हुन सके भने उसले आफ्नो हकहितलाई पनि राम्रो सँग सम्वर्द्धन गर्न सक्छन्। त्यसकारण हरेक कृषि अनुसन्धान परिषद्हरूको बोर्ड बनाउनु पर्‍यो र बोर्डमा मात्स्य पालनमा लागेका कृषकहरूको अगुवा बागवानी छ, फलफूल उत्पादन छ, धान खेती गर्ने छ, गहुँ छ यी सबै चीजबाट मुख्य-मुख्य किसानहरू केही न केही त्यो बोर्डमा हालेर आफ्नो कृषकहरू एउटा उत्थान हुने किसिमले कृषि अनुसन्धानको कामलाई बढि व्यवस्थित राम्रो, राम्रो गरेर लिएर जानुपर्ने देखिन्छ। त्यस्तै अब पहाडी जनजाति अलिकति अल्पसङ्ख्यक अवस्थामा छन्। अब ती पहाडी जनजातिहरूको गणना नै हुँदैन। त्यसकारण ती पहाडी जनजातिहरू पहाडी मूलबाट गएका जनजातिहरूको पनि संरक्षणको व्यवस्था अलि राम्रो गर्नुपर्ने हुन्छ। अनि अब त्यस्तै मुस्लिम समुदायहरू, अब यादव मुख्य अब हिन्दू सबै भन्दा धेरै बढि भएको रह्यो। अब यी हिसाबले थारूहरूको पनि जनसङ्ख्या तराईमा भनौ अब चुरेभावर क्षेत्र देखि तलपट्टि थारूहरू हुने र अलि दक्षिणसे (.....समय सकिएको।)

(१२:५१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य दुर्गा गुरुङ।समय १२ मिनेट।

(१२:५२ बजे) **(नियमापत्ति): माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, म नियमापत्ति गर्न चाहन्छु।राष्ट्रिय सभाको नियमावली २१ को (घ)१ अनुसार म नियमापत्ति गर्न चाहन्छु भर्खरै मात्र सभामा नेपालका ६० लाख भन्दा बढि दलित समुदायहरूको अपमान हुने गरीकन, नेपालको संविधानले व्यवस्था नगरेको नेपालका ३ करोड भन्दा बढि जनसङ्ख्यालाई उ पल्लो जात, तल्लो जात, नीच जात, उच्च जात भनेर न छुट्टाइएको व्यवस्थालाई सभामा प्रस्तुत गरिएको छ।म यसको भत्सर्ना गर्न पनि चाहन्छु, नेपालको सन्दर्भमा यस्तै कतै पनि व्यवस्था छैन।कुनै पनि कानुनमा त्यस्तै व्यवस्था छैन सभामा यसरी अपमानित गरेर दलित समुदायलाई अपमानित गरेर विचार राख्न पाइँदैन।तसर्थ, म यसलाई रेकर्डबाट हटाउन र यसलाई अस्वीकार गर्नको लागि म अनुरोध गर्न चाहन्छु।धन्यवाद।

(१२:५३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यले जुन विषयमा नियमापत्ति गर्नुभएको छ, यस बारेमा के भएको शब्द कहाँ नियमावली भन्दा बाहिर केही छ भने अध्ययन गर्न म सचिवालयलाई निर्देशन गर्छु।माननीय सदस्य दुर्गा गुरुङ समय १२ मिनेट। यसपछि माननीय सदस्य सुमित्रा वि.सी.।

(१२: ५३ बजे) **माननीय श्री दुर्गा गुरुङ (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्षज्यू, आफ्ना केही विचार प्रस्तुत गर्न चाहन्छु।आजको विशेष समयमा मैले २० दिन पछि हुन गइरहेको प्रतिनिधि सभा सदस्यको निर्वाचनको बारेमा आफ्ना केही धारणा राख्ने सोच बनाएर यहाँ उभिएकी छु।सम्माननीय अध्यक्षज्यू, विस्तारै देश निर्वाचनमय बन्दै छ, आगामी फागुन २१ गते संघीय संसद अन्तर्गत प्रतिनिधि सभा सदस्यहरूको निर्वाचन हुँदैछ।जनताको शासन जनताद्वारा जनताकै लागि भन्ने प्रजातान्त्रिक मान्यतालाई व्यावहारिक रूप दिने माध्यम निर्वाचन हो।निर्वाचनद्वारा जनताले वारेसको रूपमा आफ्ना प्रतिनिधि छान्ने र तीनै छानिएका जनप्रतिनिधिका बीचबाट सरकार बन्ने राज्यका निम्ति चाहिने आवश्यक नीति, विधि, प्रक्रिया र ऐन कानुनको तर्जुमा हुने वार्षिक बजेट बन्ने, विकास निर्माणका योजनाहरू बन्ने गर्दछन्।त्यसैले यो निर्वाचनले जनतालाई प्रत्यक्ष राज्यसँग जोडने हुँदा प्रजातान्त्रिक व्यवस्थालाई पनि आज भन्दा लगभग २५ वर्ष अगाडी युरोप महादेशको ग्रीस एथेन्स शहरबाट सुरु भएको निर्वाचन प्रक्रिया १८औं शताब्दी देखि आधुनिक ढङ्गले अस्ट्रेलिया, बेलायत, अमेरिका हुँदै विश्वभर प्रचलन

ल्याइएको कुरा सबैलाई थाहा छ। हाम्रो देश नेपाल २०१५ सालको संसदीय निर्वाचन देखि निर्वाचन प्रणाली सुरु भएको देखिन्छ। सम्माननीय अध्यक्षज्यू, अहिले हुन गइरहेको प्रतिनिधि सभा सदस्यको निर्वाचन हाम्रो संवैधानिक तथा कानुनी व्यवस्था अनुसार नियमित रूपमा ५/५ वर्षमा हुने आवधिक निर्वाचन भने होइन भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनसँग यो निर्वाचनको प्रत्यक्ष सम्बन्ध जोडिएको छ। जून आन्दोलनमा नेपालगञ्ज धम्वोझी बस्ने मेरो आफ्नै भदैनी पुनम गुरुङ थापामगर तथा सुशील थापा मगरको छोरा आयुष थापामगरको मृत्यु भएको छ। म नाति आयुष थापामगर सहित जेनजी आन्दोलनमा मृत्यु हुने सबै किशोर तथा युवाहरूको स्मरण गर्न चाहन्छु र घाइते हुने सबैको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। साथै जेनजी आन्दोलनलाई हाईजेक गर्दै गरिएको बिध्वंस र राजनीतिक दल तथा नेताहरू माथिको आक्रमण अत्यन्त गलत थियो यस प्रति दुःख व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, भाद्र २३ र २४ को जेनजी आन्दोलन कसरी सुरु भएको थियो सुरुमा जेनजी आन्दोलन कहाँ जेनजी आन्दोलनका माग र मुद्दा के थिए र पछि कहाँबाट के गरी सामाजिक सञ्जाल माथिको प्रतिबन्ध हटाउनु पर्ने माग लिएर अघि बढेको आन्दोलन कसरी सरकार अपदस्थ गर्ने, प्रतिनिधि सभा विघटन गर्ने, गैरदलीय सरकार गठन गर्ने सम्म पुग्यो। यो सबैलाई थाहा छ, यो विषयमा हाम्रा धारणा फरक-फरक पनि होलान् तर जे भए पनि विस्तारै देश निर्वाचनको प्रक्रियामा प्रवेश गर्‍यो। प्रतिनिधि सभाको प्रत्यक्ष तर्फको १६५ र समानुपातिक तर्फको ११० सीटका लागि उम्मेदवार चयन गरी उम्मेदवारहरूले मनोनयन दर्ता गर्ने तथा दलहरूले समानुपातिकको बन्द सूची पेश गर्ने काम समेत भइसकेको छ। प्रत्यक्ष तर्फको ३ हजार ८४ को उम्मेदवारी दर्ता ३९५ जना मात्र महिला उम्मेदवार खडा हुनुले हामी महिलाहरू प्रति दलहरूको बुझाइ के हो दलका नेताहरूको बुझाइ के हो ? भन्ने प्रश्न उठे को छ। समान अधिकारको नारा दिने हाम्रा सबै दलहरूले आ-आफ्ना दलबाट १० प्रतिशत महिला उम्मेदवार खडा गर्न नसक्नु दुखद कुरा भएको छ। यसलाई सच्याउनु पर्छ कम्तीमा ३३ प्रतिशत महिलालाई प्रत्यक्ष उम्मेदवार बनाउने कानुनी व्यवस्था गरौं म अध्यक्षज्यूमार्फत सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, चुनावको दिन नजिकै आईसक्यो तर चुनावको जस्तो वातावरण बन्नु पर्‍यो त्यस्तै बन्न सकेको छैन भन्ने टिप्पणी सुनिन्छ। चुनाव स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित हुन्छ कि हुँदैन ? भन्दै प्रश्न गरेको पनि सुनिन्छ। चुनाव शान्तिपूर्ण वातावरणमा हुन सकेन र कतिपय दलहरूको पूर्ण वातावरणमा हुन सकेन, कतिपय दलहरूले भयोलि अस्वीकार गर्ने अवस्था आयो भने मुलुक कता

जाला चिन्ताको विषय बनेको छ। सबैको चाहना छ, यस्तो नहोस् आम मतदाता ले भय रहित वातावरणमा निर्वाचनमा सहभागी भएर स्वतन्त्रपूर्वक आफ्नो मतदानको अधिकार प्रयोग गर्न पाउन। आइ.सी.यू. पुगेको हाम्रो संविधान व्यवस्था स्वस्थ भएर फर्किउन संसदले आफ्नो काम सुचारु गरोस् भन्ने आशा गर्दछु। सरकारले आफूलाई विशिष्ट राजनीति परिस्थिति उपर इमानदारीपूर्वक राष्ट्र जनताको हितमा निर्वाचन सफलतापूर्वक गर्न सकोस् म यहीँ आशा र अपेक्षा गर्दछु। यहीँ बाट चुनावी मैदानमा प्रतिस्पर्धा गर्न उत्रिएका उम्मेदवारहरू लोकतान्त्रिक गणतन्त्रको पुर्ण जीवित गर्न सक्ने छ भन्ने अपेक्षा गर्दछु। केही राजनीतिक दलहरूले यो व्यवस्थाप्रति नै असहमति जनाइ निर्वाचनलाई बहिष्कार गरी विविध संघर्षका कार्यक्रम गरि रहेको पनि पाइएको छ। ती सबै दलहरूलाई जनतामा पनि भय र त्रासको वातावरण सिर्जना नहुने गरी आफ्नो विचार जनतामा लैजान पनि अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, हाम्रो देश नेपाल विश्वस्तरकै भू-राजनीतिक प्रतिस्पर्धा र द्वन्द्वको चपेटामा पर्दै जान थालेको छ। व्यापक रूपले चर्चामा आउन थालेको छ नेपालको पूर्वी भाग टुक्राउने कुराको हल्ला पनि चल्दै छ। हावा नचली पात हल्लिदैंन भन्छन् कतै यो उखान चरितार्थ नहोस्, हाम्रो राष्ट्रिय एकतामा कुनै खलल पैदा नहोस् म फेरी दोहऱ्याएर भन्छु शान्तिपूर्ण ढङ्गले निर्वाचन सम्पन्न होस्। हाम्रो प्रजातान्त्रिक व्यवस्था आफ्नो लयमा फर्कियोस् र राज्यले सुशासन सहित विकास र समृद्धिको बाटोमा आफूलाई उभ्याउने काम गरोस्। सम्माननीय अध्यक्षज्यू, मैले थाहा पाए अनुसार भाद्र २३ गतेको आन्दोलन भ्रष्टाचारी विरुद्ध र देशमा सुशासनका लागि जेनजीहरूको आक्रोश सहितको आन्दोलन थियो। देशका लागि राम्रो गर्नुपर्छ, भ्रष्टाचार गर्नु अपराध हो भन्दै सडकमा उत्रेका जेनजीहरू माथि अन्धाधुन्ध गोली चलाइयो, निर्दोष जेनजीहरू मारिए, त्यो घटनालाई सम्झिँदा आज पनि निन्द्रा लाग्दैन। यस्तो कहालीलाग्दो घटनामा ज्यान गुमाएका जेनजीहरूका बाबा-आमालाई कति पीडा भएको होला त्यो त उहाँहरूलाई मात्र थाहा छ कि भन्ने आफ्नो आफन्त गुमाउँदा कति धेरै पीडा हुन्छ भनेर खुकुरीको धार अचानोलाई मात्र थाहाँ हुन्छ। देशमा आन्दोलन हुन्छन्, सकिन्छन् पाउनेले बिर्सन्छन् तर गुमाउने जिन्दगीभरि सम्झिएर रुन्छन्। आखिर आज ती सन्तान गुमाउनेका परिवारलाई कसले सम्झिन्छन् र भाद्र २३ गतेको आन्दोलन भ्रष्टाचारी विरुद्धको थियो तर २४ गतेको आन्दोलन केका लागि रहेछ त आखिर जेनजीहरूको नाममा केही अवसरवादीहरूले नेताहरूका घर मात्र जलाएनन् निर्दोष जेनजीहरूलाई शहीद बनाए, सार्वजनिक सम्पत्ति ध्वस्त बनाए, खरानी बनाए, बिगमार्ट र भाटभटेनी मात्र होइन घर-घरमा पसेर लूटपाट मच्चाए सरकार ढलाए, फेरि सरकार बनाए चुनावमा

गए त्यो व्यक्तिको फाइदा लूटे आखिर सन्तान गुमाउने बाबा-आमा परिवारले के पाए ? जसले गुमायो उसले गुम्यो तर उसको परिवारले आफ्नो सन्तानलाई धन पैसाले पाउन सक्दैन। ती निर्दोष जेनजीहरू जसले देशको लागि ज्यान दिए उनीहरू प्रति हार्दिक श्रद्धाञ्जली सन्तान गुमाउने बाबा-आमा सम्पूर्ण परिवारलाई हार्दिक समवेदना प्रकट गर्दछु।

सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८२/०८३ को बजेटमा समयमा लागू गर्न नसक्दा थुप्रै योजनाहरू अलपत्र परको अवस्था छ। बजेट थोरै होस वा धेरै, थोरै बजेटले शहर बजारमा त फरक नपर्ला तर दुर्गम जिल्लाहरूका विकट ठाउँहरूमा सानो योजना पनि ठुलो काम गर्दछ। हाम्रो कर्णाली प्रदेशमा त आज पनि सडक, स्वास्थ्य, शिक्षा, खानेपानी, बिजुलीको उत्तिकै समस्या सम्माननीय अध्यक्षज्यू, जनताहरूका लागि गरिने विकासका योजनाहरू रोक्दा के त्यो न्याय हुन्छ। हामीसँग सोध्नुहुन्छ हाम्रो विकास योजना रोकियो भनेर हामीसँग जवाफ छैन। सबैले आन्दोलन गर्दा जनताले दुःख पाए विकास भएन शिक्षा, स्वास्थ्य आदिको सुविधा पुगेन भनेर भाषण गर्छन् तर सरकारमा पुगेपछि सबैले बिर्सदा कसरी विकास हुन्छ। पूर्व सरकारले योजनाहरूका लागि छुट्याइएको बजेट वर्तमान सरकारले रोक्दा समस्याहरू झनझन बढ्दै गएका छन्। त्यसकारण सम्माननीय अध्यक्षज्यूमार्फत रोकिएका बजेटहरू कार्यान्वयनका लागि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। अन्तमा ६ वर्षको कार्य अवधि पूरा गरेर फागुन २० गते बिदा हुँदै गर्नुभएका माननीय सदस्यज्यूहरूमा संसद समितिमा रहेर राम्रो कामको कदर गर्दै धन्यवाद व्यक्त गर्दैछु। साथै उहाँहरूको व्यक्तिगत जीवनमा उतरोउत्तर सफलताको शुभकामना व्यक्त गर्दछु। हस् त धन्यवाद। जय नेपाल।

(१३:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुमित्रा वि.सी. समय १० मिनेट यसपछि माननीय सदस्य डा. अन्जान शाक्य।

(१३:०६ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यहीं माघ २९ गते डोल्पा जिल्ला त्रिपुरासुन्दरी पालिकामा जिप दुर्घटना भई र सीतानगर दाङ देउखुरीमा अटो दुर्घटना भई मृत्यु हुने प्रति म हार्दिक भावपूर्ण श्रद्धाञ्जली भन्न चाहन्छु र घाइतेहरूलाई शीघ्र स्वास्थ्य लाभको कामना भन्न चाहन्छु। र अध्यक्ष महोदय, हाम्रो कर्णाली प्रदेश विभिन्न स्रोतले धनी छ तर त्यहाँ बस्ने मान्छेहरूले सधैंभरि सास्ती खेपीरहनु परेको छ र यो माथिल्लो कर्णाली जल विद्युत आयोजनाको विकास सम्झौता, पीडीए नेपाल सरकार र भारतीय कम्पनी जीएमआर

अपर कर्णाली हाइड्रोपावर लिमिटेड बीच भएको हो। यो आयोजन लामो समयदेखि वित्तीय व्यवस्थापन गर्न नसकि र निर्माण कार्य सुरु हुन नसकि अन्योलपूर्ण अवस्थामा छ। यद्यपि सम्झौता रद्द भइसकेको छैन तर यसको पटक पटक समय, म्याद थपेर यसको काम पनि नहुने म्याद पनि थपि रहने एउटा स्थिति छ। २०७१ असोज ३ गते लगानी बोर्ड र जीएमआर बीच सम्झौता भएको हो। यो ९ मेगावाटको भएको परियोजनामा त्यस क्षेत्रका जनताहरूको पनि शेयर लगानी गर्न दिने कानुनी व्यवस्था गराउनु पर्छ र वित्तीय व्यवस्थापन नभएकाले योजना अघि बढ्न सकेको छैन। र जनताहरूको पनि शेयर लिएपछि मलाई लाग्छ यो आर्थिक पनि हुने जनताले पनि अपनत्व महसुस गर्ने एउटा परिस्थिति सिर्जना हुने भएकोले म आगामी सरकारको यतातिर ध्यान जाओस् भन्ने भन्न चाहन्छु। यस परियोजनालाई समय सीमा भित्र अघि बढाउने विषयमा पटक पटक म्याद थप भए पनि व्यावहारिक रूपमा निर्माण कार्य सुरु भएको छैन। आगामी सरकारले समयमै ध्यान पुऱ्याउने माग गर्दछु र विश्वास गर्छु। कर्णाली प्रदेशको महत्वपूर्ण जडीबुटीहरू छन्, ती जडीबुटीहरूलाई पनि व्यवस्थित गर्न र त्यस क्षेत्रका जनताहरूलाई आयअर्जन गर्नका निम्ति चेतना जगाउन, सानातिना उद्योग खोल्न, कम्पनीहरू दर्ता गर्न र त्यहाँको जडीबुटीलाई सदुपयोग गरि त्यस क्षेत्रका जनताहरूको आर्थिक उपार्जनमा अगाडि बढाउनका निम्ती संघीय सरकार सचेत रहने छ, भन्ने म अनुरोध गर्न चाहन्छु।

दैलेखको भैरवी गाउँपालिका जलजले क्षेत्रमा ठुलो परिणाममा पेट्रोलियम पदार्थको अन्वेषण गर्न ४००० मिटर गहिरो ड्रिलिंग गर्नुपर्ने अहिले ७९ प्रतिशत काम भइसकेको तर अहिले यतिकै अधूरो छ। नेपाललाई ५० वर्ष पुग्ने पेट्रोल, मिथेन ग्याँस निकाल्ने काम अब आउने सरकारले यो योजना समयमै पूरा गरेर नेपालको र कर्णाली प्रदेशका जनताको आर्थिक रूपले भविष्य उज्ज्वल बनाउने काममा आगामी सरकार लाग्ने छ भन्ने मैले माग गर्दछु र विश्वास पनि गर्दछु। यस्तै गरेर जाजरकोट भूकम्प पीडितहरूले २०८० कार्तिक १७ गते भूकम्प गयो अहिले पनि ती भूकम्प पीडितहरूले घर बनाउने रकमहरू प्राप्त गर्न सकिरहेका छैनन्। यसको कार्यविधि पनि लेन्दि भएको र बजेटको पनि अभाव भएको कारणले त्यहाँ ४ लाख रुपैयाँले घर सम्पन्न गर्नपर्छ भने कुरा छ तर अहिलेको महँगीमा त्यो ४ लाख रुपैयाँले घर बन्न नसक्ने एउटा स्थिति छ र यो कार्यविधिलाई पुनः संशोधन गरि त्यो क्षेत्रका जनताहरूले जाडोमा कठ्याङग्रिने र गर्मी र वर्षामा पानीबाट पीडित हुने भएकोले यो समस्यालाई एउटा राष्ट्रकै समस्या सम्झेर यो प्राकृतिक समस्या जतिखेर जहाँ पनि हुन सक्ने भएकोले त्यो दुर्गम क्षेत्रका जनताहरूले पनि नेपालकै नागरिक सरह सुविधा पाउनुपर्ने म माग गर्न चाहन्छु। र जाजरकोट, रुकुमपश्चिम जोड़ने एउटा पुल यस सभामा धेरै पटक कुराहरू उठिसकेको छ र यो पुल समयमा

नबन्दा त्यो क्षेत्रका जनताहरूले धेरै सास्ती खेप्नु परेको छ र त्यो पुलको सम्झौता अहिले रद्द भएको छ र पुनः फेरि ठेक्का गर्दाखेरि कसैले त्यहाँ ठेक्का लीन नचाहेको कुराहरू सुन्नमा आइरहेको छ। यसको कारण त्यहाँको जुन ठाउँमा त्यो पुल बन्दै छ, त्यो पुल बनाउन अलि असम्भव, प्राविधिक हिसाबले अलि असम्भव भएको कारणले यसलाई ठाउँ सारेर हुन्छ, बजेट बढाएर हुन्छ, के गरेर हुन्छ यो पुल समयमै बन्यो भने त्यस क्षेत्रका जनताहरू लाभान्वित हुने छन्।

म अब यो जुन फागुन २१ को निर्वाचन पछि बन्ने सरकारसँग यो कर्णाली क्षेत्रका समस्याहरूको बारेमा समयमै ध्यान जाओस् भने म जोडदार माग गर्न चाहन्छु र मलाई अलिकति चिन्ता के लाग्यो भने हाम्रो अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखले दिनुभएको रिपोर्ट अनुसार नेपाल भ्रष्टाचार गर्नेमा १ नम्बर सूचीमा पर्ने कुरा आएको छ। यो एकदमै हामी सबैको लागि चिन्ताको विषय हो, यो भ्रष्टाचार सूचीमा पर्ने कारण भनेको संघ, प्रदेश, स्थानीय तीनै तहका प्रतिनिधिहरू संलग्न हुने गरेको र १ करोडको सामान २५ करोड सम्ममा मूल्य राखिएको, देखिएको, भेटिएको खबर छ। र यसरी भ्रष्टाचार गरेको रकम अमेरिका लगायतका देशहरूमा गएको कुराहरू पनि छ र यस्तो भ्रष्टाचार जो कोही पार्टीका हुन्, जो कोही व्यक्ति हुन्, जो कोही सम्राट परिवारका हुन्, कडा भन्दा कडा कारबाही गर्न म माग गर्दछु। मलाई अहिलेको यो सुशासन दिन्छु भनेर आएका व्यक्ति भनौं अथवा दल त छैन व्यक्ति नै भनै बालेन शाह चढेको गाडी व्यापारी कमल किशोर मालपानीले गाडी ल्याउँदा १५ थान गाडी ल्याउँदा कर छलेर ल्याएको भन्ने समाचारहरू आएको छ। १५ थान गाडी ल्याउँदा २ करोड २१ लाख ६० हजार २०० सय ५ रुपैयाँ राजस्व छलि गरेको खबर हामीले समाचारहरूमा सुन्ने गर्छौं र यसरी एकातिर राजस्व छलि गर्ने, अनि भ्रष्टाचार गर्ने, अनि नेपालमा विकास भएन भन्ने गर्नेहरूलाई कानुनी कारबाही नगर्ने, उल्टै देवत्व गर्ने हामी जनताहरू पनि सायद उस्तै भएर होला नेपालको विकास बेलामा हुन् नसकेको र हामी सचेत हुनेछौं अहिलेको चुनाव भन्ने अनुरोध गर्दै म आफ्ना भनाइहरू टुङ्ग्याउँछु। धन्यवाद।

**(१३:०६ बजे) पीठासीनः-** माननीय उपाध्यक्ष श्री विमला घिमिरे।

**(१३:१६ बजे) <u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्य डा. अन्जान शाक्य। समय ९ मिनेट। त्यसपछाडि माननीय सदस्य रेनु चन्द।

**(१२:१७ बजे) <u>माननीय डा. अन्जान शाक्य (मनोनित)</u>:-** सम्माननीय अध्यक्ष महोदय, आज यस गरिमामय र सम्मानित राष्ट्रिय सभाको १९औं अधिवेशनको विसर्जनको सङ्घारामा उभीरहँदा प्रादेशिक सरोकार समयमा म मेरो केही विचार र राष्ट्रिय सरोकारका विषयहरू यस सदन समक्ष राख्न अनुमति चाहन्छु। सबैभन्दा पहिले यस सभाका सदस्य वरिष्ठ राजनीतिज्ञ तथा नेपाली काङ्ग्रेसका निष्ठावान् र संघर्षशील नेता स्व. बलदेव बोहरा ज्यू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। उहाँको निधनले सुदूरपश्चिमले मात्र होइन सिङ्गो देशले एक इमानदार व्यक्तित्व गुमाएको छ। उहाँले देखाउनु भएको राजनीतिक निष्ठा र समाज प्रतिको समर्पण आगामी पुस्ताका लागि सधैं प्रेरणाको स्रोत रहने छ। म शोकको यस घडीमा शोकाकुल परिवारजनमा हार्दिक संवेदना व्यक्त गर्दछु। यसैगरी वरिष्ठ अर्थशास्त्री तथा लैङ्गिक समानता विज्ञ डा. मिना आचार्य पनि हामी बीच रहनु भएन। उहाँ प्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु। यस सदनबाट आफ्नो कार्यकाल सफलतापूर्वक सम्पन्न गरी बिदा हुन लाग्नु भएका आदरणीय माननीय सदस्यज्यूहरू प्रति पनि म सम्मान व्यक्त गर्दछु। उहाँहरू सँगको २ वर्षको सहकार्य मेरा लागि अत्यन्तै स्मरणीय र शिक्षाप्रद रह्यो। यहाँहरूको अनुभव र सुझाव आगामी दिनमा पनि राज्यका लागि मार्गदर्शक बन्ने छन् भन्ने विश्वासका साथ म यहाँहरू सबैलाई धन्यवाद र उज्वल भविष्यको शुभकामना व्यक्त गर्दछु।

अध्यक्षज्यू, अब म देशको वर्तमान, आर्थिक र सामाजिक अवस्था तर्फ यस सदन र नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। गत भाद्र महिनाका घटनाहरूले देशका धेरै संरचनाहरू खरानी बनाइ दिए। सरकार सेवाग्राही संस्थाहरू ध्वस्त हुँदा नागरिकले सास्ती पाएका छन्। तर त्यो भौतिक क्षतिभन्दा ठुलो क्षति विश्वासको भएको छ। जब कुनै समाजमा अराजकताले प्रसय पाउँछ र उद्योगीहरू व्यवसायी माथि भौतिक आक्रमण हुन्छ तब लगानीको वातावरण धमिलिन्छ। विदेशी त के आफ्नै देशका स्वदेशी लगानीकर्ताहरू समेत लगानी गर्न हच्किएको वर्तमान अवस्थामा मुलुकको अर्थतन्त्र अत्यन्तै जोखिमपूर्ण मोडमा पुगेको छ। आज हाम्रा हजारौं युवाहरूले रोजगारी गुमाईरहेका छन्। सरकारले अब कुनै एक वा दुई प्रदेशहरूमा मात्र होइन सातै प्रदेशहरूमा लगानी मैत्री वातावरण सिर्जना गर्न र चुनाव माहोलका बीचमा पनि जनतामा सकारात्मक सन्देश प्रवाह गर्न तत्काल विशेष कार्यक्रम ल्याउन पर्छ। आर्थिक रूपान्तरणका लागि कोरा नारा होइन सुरक्षित लगानीको ग्यारेन्टी र व्यवहारिक कार्यान्वयनको आजको आवश्यकता हो।

अध्यक्ष महोदय, चुनावको माहोल नजिकिदैं छ। राजनीतिक दलहरू आ-आफ्ना घोषणा पत्र लेख्न र सार्वजनिक गर्न व्यस्त छन्। म यस गरिमामय सदन मार्फत सबै दलहरूलाई आग्रह गर्न

चाहन्छु। अबका घोषणा पत्रहरूमा शिक्षा, स्वास्थ्य र पूर्वाधारका पुरानै शैलीका मात्र कुरा गरेर पुग्दैन। अबको मुख्य एजेन्डा जलवायु परिवर्तन हुनु पर्दछ। वैज्ञानिक रूपमा पुष्टि भइसकेको छ कि हरितगृह ग्यासँ उत्सर्जनले पृथ्वी तातिरहेको छ। यद्यपि विश्वको तुलनामा नेपालको उत्सर्जन केबल ०.०५६ प्रतिशत मात्र छ। तर यसको गम्भीर मारमा हामी सबै भन्दा अग्र पन्थीमा छौं। हाम्रो सुदूरपश्चिम र कर्णाली प्रदेशका गाउँहरूमा पानीका मुहान सुकिरहेका छन्। मधेश प्रदेशमा खडेरी र डुवानको चक्रले किसानको ढाँड सेकेको छ। पहाडी र हिमाली प्रदेशहरूमा पहिरो र हिउँ तालको विस्फोटको जोखिम बस्तीहरू विस्थापित भइरहेका छन्।

कोशी र गण्डकी प्रदेशहरूका हिमनदीहरू पग्लिने दर अघिल्लो दशकको तुलनामा ६५ प्रतिशत ले बढेको छ। जलवायु परिवर्तन केबल वातावरणको विषय मात्र होइन अध्यक्षज्यू यो हाम्रो खाद्य सुरक्षा, जनस्वास्थ्य, बसाइ सराई, रोजगारी र समग्र राष्ट्र सुरक्षासँग जोडिएको विषय हो। जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालको औसत अधिकतम तापक्रम विगत ४ दशकमा २.४ डिग्री सेल्सियस बढिसकेको छ। Climate analytics को अध्ययनले चेतावनी दिएको छ कि यदि यहीं अवस्था रहे सन् २०५० सम्म नेपाल कुल ग्राहस्थको उत्पादन जीडिपि १८ प्रतिशत ले घट्न सक्छ। यसको सिधा अर्थ हो, जलवायु परिवर्तनलाई बेवास्ता गर्नु भनेको हाम्रो भावी समृद्धिलाई दाउमा राख्नु हो। विगत १५ वर्षमा बाढी र पहिरोका ७ हजार घटनाले ३ हजार नागरिकको ज्यान लियो र २०.५ अर्ब भन्दा बढीको आर्थिक क्षति गरायो। यो तथ्याङ्कले के देखाउँछ भने हामी विकासका लागि विनियोजन गरेको बजेटले ठुलो हिस्सा राहत र पुन निर्माणमा खर्च गर्न बाध्य छौं। यो चक्रलाई नतोडेसम्म हामी दिगो विकासको लक्ष्य प्राप्त गर्न सक्दैनौं।

अब जलवायु परिवर्तन सम्बन्धी अध्ययन प्रतिवेदन राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको दिगो विकास उपसमितिले २०८२ असार २९ गते उक्त समितिलाई बुझाएको थियो। त्यो प्रतिवेदन पनि यस सम्मानित सभामा छलफल चलाउँदा राम्रो हुन्छ कि भन्ने मेरो धारणा छ। सम्माननीय अध्यक्षज्यू, अब हामीले समाधानको बाटो पक्कै पनि खोज्नु नै पर्छ। जलवायु परिवर्तनलाई चुनौती मात्र होइन अवसरका रूपमा पनि बुझ्नु पर्छ। सबैभन्दा पहिला ऊर्जा रूपान्तरण हाम्रै देशमा उत्पादित जल विद्युत प्रयोग गरेर विद्युतीय बस, मेट्रो, साइकल लेन र विद्युतीय भान्सालाई व्यापक बनाउनु पर्छ। यसले कार्बन उत्सर्जन घटाउनुका साथै पेट्रोलियम आयतमा हुने खर्बौको रुपैयाँ बचत गरी हाम्रो अर्थतन्त्र बलियो बनाउँछ। दोस्रोमा, औद्योगिक सुधार, सिमेन्ट कारखाना र ईट्टा भन्टामा कोइलाको सट्टा स्वदेशी विद्युत प्रयोग गर्ने नीति कडाइका साथ लागु गरिनु पर्छ। तेस्रोमा अनुकूलन

कोष (Adaptation Fund) हिमाल र हिमताल जोगाउन निजी लगानी आउँदैन। यसका लागि सरकारले अन्तर्राष्ट्रिय मञ्चमा दृढताका साथ क्षतिपूर्तिको माग गर्नु पर्छ।

अध्यक्ष महोदय, अब भने म नेपालको कूटनीतिक र अन्तरराष्ट्रिय उपस्थितिको विषयमा एउटा महत्त्वपूर्ण कुरा राख्न चाहन्छु। अन्तरराष्ट्रिय सम्बन्धमा एउटा प्रसिद्ध भनाई छ, "If you want at the table you won't get the menu" यो भन्नुको तात्पर्य के हो भने यदि तपाई वार्ताको टेबलमा हुनुहुन्न भने तपाईंले मेनु पाउनु हुनेछैन। नेपाल अब केबल पीडितका रूपमा अन्तरराष्ट्रिय मञ्चमा जाने मात्र होइन अधिकारका साथ वार्ताको टेबलमा बस्ने शक्ति हुनुपर्दछ। नेपाल अनुपस्थित नभई हरेक महत्त्वपूर्ण वार्तामा पूर्ण रूपमा सहभागी हुनुपर्छ। मलाई यस सदनमा जानकारी गराउन पाउँदा गर्व लागेको छ। लाग्छ हामी सबैलाई गर्व लागेको नै हुनुपर्छ कि अन्तरराष्ट्रिय सांसदहरूको संस्था IPU (Inter Parliamentary Union) को ६० वर्षको इतिहासमा पहिलो पटक २०८१ सालमा नेपाल दिगो विकास स्थायी समितिमा निर्वाचित भएको छ। यो हाम्रा लागि ऐतिहासिक उपलब्धि हो। यो मञ्च मार्फत हामीले विश्वलाई बताउनपर्छ कि कार्बन उत्सर्जनमा नगन्य योगदान भएको नेपालले अरू विकसित राष्ट्रहरूको गल्तीको सजाय भयोग्न सक्दैन। हामीलाई दया होइन, न्याय र क्षतिपूर्ति चाहिन्छ। हाम्रा हिमालहरू पग्लिदैं छन्। यदि यो शताब्दीको अन्त्य सम्म दुई तिहाइ हिमनदी हराए भने हाम्रो जलविद्युत, सिँचाई र खानेपानीको भविष्य के होला ? यो केबल नेपालको चिन्ता होइन। यो त आधा एसियाको पानीको स्रोतको चिन्ता हो। त्यसैले हामीले अन्तरराष्ट्रिय जलवायु वित्त क्षति र नोक्सानीको (Loss and Damage Fund) मा हामीले आफ्नो दाबीलाई अझ वैज्ञानिक र बलियो बनाउनु पर्दछ।

सम्माननीय अध्यक्षज्यू महोदय, अन्त्यमा विकास र वातावरण बीचको सन्तुलन मिलाउँदै सातै प्रदेशहरूका नागरिकहरूले महसुस गर्ने गरी आर्थिक रूपान्तरणको बाटोमा लाग्नु आजको मुख्य आवश्यकता हो। संघ, प्रदेश र स्थानीय तहका यस सम्बन्धमा खासगरी समन्वय र सहकार्यबीच हुने ठुलो खाडल छ। त्यो पूर्ति गर्न सातै प्रदेशमा जलवायु परिवर्तनका बारेमा जनचेतना जगाउने र अनुकूलता कार्यक्रम लैजाने काम सरकारले तुरुन्त गरोस्। आगामी अधिवेशन यस्ता गम्भीर विषयमा ठोस कानुन र नीति निर्माण गर्नेछ भन्ने पूर्ण विश्वासका साथ म मेरा भनाइहरू यहीँ टुङ्ग्याउँछु। धन्यवाद।

**(१३:२६ बजे) <u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य रेनु चन्द। समय १२ मिनेट। त्यसपछाडि विष्णु देवी पुडासैनी।

(१३:२६ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, आज फागुन १ गते महान् जनयुद्ध दिवस आज सङ्कल्पको दिवस नेपाली माटोमा भएको अद्‌भुत काल झैं आन्दोलनलाई स्मरण गर्दै म सबैमा महान जनयुद्ध दिवसको शुभकामना व्यक्त गर्न चाहन्छु। महान जनयुद्ध लगायत विभिन्न समयमा अग्रगामी परिवर्तनका लागि भएका आन्दोलन जेनजी विद्रोहमा प्राण उत्सर्ग गर्नु हुने महान सहिदहरू प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते र अपाङ्ग प्रति श्रद्धा व्यक्त गर्दै स्वास्थ्य लाभको कामना गर्दछु।

सम्माननीय अध्यक्षज्यू, जेनजी आन्दोलन पछि म पहिलो चोटि यो रोस्टमबाटै बोल्दै छु। तसर्थ, माननीय सदस्यहरू, सम्माननीय अध्यक्षज्यूको अनुमतिको अपेक्षा सहित केही कुराहरू यहाँ राख्न चाहन्छु। यो प्रादेशिक समय हो, प्रदेशको समस्या र विकासको बारेमा बोल्ने समय हो। यो प्रदेश कसरी बन्यो, संघीयता कसरी आयो भन्ने विषयमा यसको इतिहासलाई स्मरण गर्ने अवसरको रूपमा म यसलाई लिन चाहन्छु। एकात्मक र केन्द्रिकृत शासन व्यवस्थाले चरम विभेद गरिरहेको अवस्थामा नेपाली समाजका मधेशी, थारू, दलित, आदिवासी जनजाति, मुस्लिम महिला, सुदूरपश्चिम, कर्णाली जस्तो उत्पीडित क्षेत्रको हक अधिकारको लागि अति महत्त्वपूर्ण आधार माओवादी जनयुद्धको समयावधिमा उठाइएका सवालहरूले प्रदान गरेको छ। माओवादी जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको बलमा नेपाल एकात्मको र केन्द्रीकृत राज्य प्रणालीबाट संघात्मक राज्य प्रणालीमा गयो। तर हामीबाट केही कमजोरी केही गल्ती भए। लोकतन्त्रको मर्म विपरीतका कार्य शासकीय दंभ, असक्षमता, कुशासन र भ्रष्टाचारका कारण नवयुवाहरूको आन्दोलन भयो। वर्षौंदेखि लोकतन्त्रका आधारभूत संरचनामा अति दलियकरण गर्दा भ्रष्टाचार मौलायो। नागरिकले समयमा सेवा पाउन सकेनन्। एउटा राजनीतिक दलको केन्द्रीय सदस्य र संसदको हैसियतमा यी शासकीय असक्षमतामा मेरो पदीय सोपान अनुसारको जिम्मेवारी म लिन्छु। तर केही पात्रहरूले गरेको गल्तीको दोष सामान्यीकरण गरिदिने र प्रसाद बाडे जस्तै दोष सबैमा बराबरी बाढ्ने कुरा प्रति म सहमत हुन सकिन। प्रदेशहरूमा एक्का दुक्का राष्ट्रिय गौरवका योजना छन्। यति लामो अवधिसम्म पनि ती योजनाहरू पूरा नहुनु हक दर्जाको निकम्मापन हो। प्रादेशिक विश्वविद्यालयहरू पनि दलीयकरण हुन बाट मुक्त हुन सकेनन्। विश्वविद्यालयमा अध्ययन अनुसन्धानको वातावरण बनाएर क्रिटिकल मास तयार गर्ने राज्यले लगानी गरेको खैत ? केही प्रतिष्ठित एवं विश्वसनीय सरकारी एवं गैर सरकारी संस्थाले नेपालको समाज, विज्ञानको अध्ययन अनुसन्धान नगर्ने हो भने यस विधामा अनुसन्धानको ठुलो खडेरी पर्ने देखिन्छ। तर अध्ययन गर्ने केही सीमित संस्थालाई सरकारले

केही नीतिगत अवरोध सृजना गरेको छ। समाज कल्याण परिषद्को नाममा पञ्चायतको प्रेत बोकेर बसेको संस्था मार्फत् अनेक हैरानी दिएको छ। जबसम्म राज्यले अध्ययन अनुसन्धानका कार्यालय फिजूल खर्च मान्दैन, लगानी गर्दैन, भएका संरचना मास्न वक्रदृष्टि लाउने छ, पतन सुनिश्चित छ। जनताको नैराश्यता र आक्रोशको आगोमा घिउ थप्ने काम तत्कालीन सरकारले गरेको हो। अहिलेको राजनीतिक र संवैधानिक सङ्कटका मूल कारण पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको हट धार्मिकता पनि हो। तत्कालीन माओवादी र एकीकृत समाजवादी पार्टीले सुशासनका पक्षमा सदनमा संघर्ष गरेको तर्फ पनि म सभा अध्यक्षज्यूमार्फत् नागरिकको ध्यानाकर्षण गराउन चाहन्छु। गिरि बन्धु टी स्टेट र भू-माफियालाई फाइदा हुने गरि भूमि विधेयक गठबन्धन सरकारले सदनमा प्रस्तुत गर्‍यो। संघीय निजामती ऐनमा कूलिङ्ग आफ पीरियडलाई केही उच्च पदस्थ कर्मचारीको स्वार्थमा गठबन्धन सरकारले हटाउन खोज्यो। यी दुवै विधेयकमा हामीले सदनमा जोडदार विरोध गरेपछि सरकार पछि हटेको थियो। प्रदेशलाई बलियो बनाउने प्रहरी ऐन जस्ता महत्त्वपूर्ण विधेयक सदनमा नल्याउने तर बिचौलिया र व्यापारिक स्वार्थमा मात्र काम गर्ने आदिवासी जनजातिको ऐतिहासिक धार्मिक थलोमा सैनिकीकरण गर्ने कार्यले जनतामा आक्रोशपन दिएकै थियो।

नवयुवाले सुशासन र वाक स्वतन्त्रताको माग गर्दा उनीहरूको छातीमा र टाउकोमा ताकी ताकी गोली दागियो। भदौं २३ गते १९ जना युवकको ज्यान गयो। भदौं २४ गते ..... जस्तै दन्किएको आगजनीमा जलेको देशको प्रतिष्ठा लूटपाट, अपमान, मानमर्दन लगायतका घटनाको छानबिन गर्न सरकारले बनाएको आयोगले निष्पक्ष छानबिन गरोस्। तर यो सरकार कसलाई बचाउन वा फसाउन आयोगमा थपेको थपै छ भन्ने प्रश्न म सरकारसँग गर्न चाहन्छु। आयोगको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गरेर दोषी उपर कारबाही हुनुपर्छ। त्यसो भएमा मात्र भविष्यमा पनि दण्डहिनताले प्रसय पाउँदैन। विगतको मल्लिग आयोग र रायमाझी आयोगको प्रतिवेदनको जस्तो नियती यस आयोगको प्रतिवेदनले भयोग्न नपरोस् भनेर सरकारलाई खबरदारी गर्न चाहन्छु। तत्कालीन प्रधानमन्त्री केपी ओली जी ले जेनजी आन्दोलनमा गोली चलाउने आदेश कसले दियो थाहा छैन भन्नु हुन्छ। म यसको जिम्मेवारी लिन्न भन्नु हुन्छ। म आदरणीय नेता पूर्व प्रधानमन्त्री केपी ओली ज्यूलाई भन्न चाहन्छु, प्रधानमन्त्रीको हैसियतले तपाईंले भेदौं २३ र २४ को घटनाको संस्थागत र नैतिक जिम्मेवारी लिनु पर्छ। तब देश रहन्छ, देश रहे प्रदेश रहन्छ अनि नेता रहन्छ। देशमा सुशासन हुनुपर्छ, भ्रष्टाचारमुक्त हुनुपर्छ भन्नेमा शायदै कुनै दलको विमति होला। त्यसो हो भने संविधानको फ्रेमवर्क भित्र रहेर नवयुवकको आन्दोलनले उठाएका भ्रष्टाचार विरोधी र सुशासनका मागलाई यस सभाले अपनत्व लिँदै सङ्कल्प प्रस्ताव पारित

गरियोस् भन्ने म सभा अध्यक्ष समक्ष माग गर्न चाहन्छु। साथै जेनजी आन्दोलनका सहिद परिवार, घाइते र अपाङ्गलाई आवश्यक क्षतिपूर्ति राहत र उपचारको यथोचित व्यवस्था गर्न पनि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र राष्ट्रिय सभा संघीयताको सभा हो प्रदेशको, प्रतिनिधिको सभा हो तसर्थ, यो माग प्रति सभा अध्यक्षज्यू मार्फत गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। नेपालको संविधानले संस्थागत गरेको गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिकता समावेशीलाई थप बलियो बनाउँदै सुशासन र भ्रष्टाचार नियन्त्रणको लागि संविधान र कानुनमा संशोधन गर्ने विषयमा नवयुवाहरू र दलहरूको मिलन बिन्दु हो। थुप्रै जेनजी साथीहरूसँग मैले प्रत्यक्ष संवाद गरेकी छु।

उहाँहरूको विचार सुनेकी छु। विशेष त प्रेरणा पासवान, माजिद अन्सारी, मोनिका, रिजन राणा, अर्नव चौधरी, उपार्जुन चामलिंग लगायत नवयुवा अगुवा साथीहरू नेपालको संविधानले संस्थागत गरेको मुद्दामा स्पष्ट हुन्छ। त्यस प्रति उहाँहरू प्रतिबद्ध पनि देखिनुहुन्छ। संविधानको मूल मर्म प्रतिबद्ध रहँदै अग्रगामी परिवर्तनका पक्षधर नवयुवाहरू जेनजी आन्दोलनका असली अगुवा हुन्। लोकतन्त्रका मुख्य आधारस्तम्भलाई जलाएर राष्ट्रिय झण्डा ओढेर जलाएर जल्यो तेरो देश भन्दै अट्टहास गर्ने कथित सेलिब्रेटिहरू त्यस्तो बेला एउटा दमकल पुऱ्याउन नसक्ने काठमाडौं महानगरको मुख्य जिम्मेवारीमा बसेका भाइरल नगर प्रमुखज्यूहरू जेनजी आन्दोलनका मूलधार होइनन्। संविधानको मूल स्तम्भहरूप्रति प्रतिबद्ध नवयुवाहरूका लागि दल र तिनका नेतृत्वले राजनीतिक मार्गप्रशस्त गर्न सङ्कोच मान्नु हुँदैन। तर विचारविहीन, गन्तव्यविहीन, भाइरलिजमको अनियन्त्रित वायुपंखी घोडा चढेर हिड्नेहरू कथित पुराना दलभन्दा फरक कुन अर्थमा छन्। पुराना दलहरू भन्दै जेनजी आलोचना गरियो। त्यो भन्दा निकम्मा निर्णय उहाँहरूले गर्नुभएको छ। कुनै राजनीतिक दलका नेताका छोराछोरीहरूको लगानीमा अमुक व्यवसाय छ, भनेर त्यो व्यवसाय नै खरानी पार्नेहरूले अदालतमा आफ्नो धरौटी बुझाउने बैंकका मालिकको छोरालाई समानुपातिक लिस्टमा राख्नुभएको होइन। समानुपातिक प्रणाली विभिन्न समुदाय भित्र पर्ने आर्थिक र सामाजिक रूपमा पछ्यौटेपन भएकाको प्रतिनिधित्व गर्न बनाइएको हो। तर सामाजिक सञ्जालमा भाइरल, सहरिया र सभ्रान्त नयाँ भनिने दलले समानुपातिक लिस्टमा राखेको होइन र ? विभिन्न प्रदेशमा सहकारी ठगीको मुद्दा लागेको, सम्पत्ति शुद्धीकरणको मुद्दा लागेको व्यक्तिको मुद्दा सरकारको महान्यायाधिवक्ताले फिर्ता लिने निर्णय गरेको छ। सुशासन कायम गर्छु भनेर बनेको सरकार सुशासनको खिल्ली उडाउँदै हिँडेको छ। त्यस्तो न्यायाधिवक्तालाई प्रधानमन्त्रीज्यूले आफै जोगाउन लाग्नु भएको हो। किन कारबाही गर्नुभएको छैन। कानुनको व्याख्या त हामी भन्दा बढी उहाँलाई थाहा होला। यति भन्दै जुन व्यक्तिहरूले प्रदेशलाई गाली गरे, जुन व्यक्तिहरूले प्रादेशिक संरचनाहरूले टैक्स

पेयरहरूको पैसाको दुरुपयोग गरेर भन्दै हिड्ने आज तिनै व्यक्तिहरूले प्रदेश प्रदेशमा भयोट माग्ने नैतिक बल कहाँबाट ल्याउँदै हुनुहुन्छ, भन्ने प्रश्न पनि मेरो रहेको छ। र म जनयुद्ध लडेको एउटा सिपाहीको हैसियतले र सार्वभौमसत्ता सम्पन्न एउटा सांसदको हैसियतले भन्न चाहन्छु, संविधान जोगाउनको लागि गणतन्त्र जोगाउनको लागि हर सम्भव संघर्ष गरिन्छ। चाहे त्यो चुनावको मैदानबाट होस्, चाहे त्यो संघर्षको मैदानबाट होस्। साना दुःखले आर्ज्याको गणतन्त्र होइन, साना दुःखले आर्ज्याको संविधान पनि होइन। त्यसैले यसलाई जोगाउनको लागि हरसम्भव संघर्ष गरिन्छ। जस्तोसुकै सुनामीको डर देखाए पनि हामी डराउने वाला छैन भनेर पनि भन्न चाहन्छु र अवतार सिंह पासको एउटा कविताको लाइन भन्दै म आफ्नो कुरा टुङ्ग्याउन तिर पनि जान चाहन्छु।

अवतार सिंह पास भन्नु हुन्छ, “हम लडेंगे जब तक दुनिया में लड्ने कि जरुरत बाँकी है और हम लडेंगे साथी हम लडेङ्गे कि लड्ने के बगैर कुछ भी नहीं मिलता” बिना लडे गणतन्त्र पनि आएन। बिना लडे संविधान पनि बनेन त्यसैले हम लडेंगे भन्ने प्रतिबद्धता हजुरहरूको माझमा राख्दै चुनाव आउँदै छ र सरकारलाई फेरि पनि एउटा प्रश्न गर्न चाहन्छु। तपाईहरूले जुन बुथहरूको विवरण निर्वाचन आयोगले सार्वजनिक गरेको छ। त्यसमा चाहिँ संवेदनशील र अति संवेदनशील भनेर बहुमत बुथहरू संवेदनशीलको लिस्टमा राख्नु भएको छ। सामान्य बुथहरूमा २८४५ बुथहरू मात्र राख्नु भएको छ। यसमा चाहिँ चुनाव निष्पक्ष कसरी हुन्छ ? चुनाव धाँधलीरहित कसरी हुन्छ ? चुनाव सुरक्षित कसरी हुन्छ ? भन्ने प्रश्नको जवाफ पनि सरकारले दिनुपर्‍यो भन्ने म माग राख्न चाहन्छु। ८० हजार सेना डिप्लोय गर्ने भन्नुभएको छ। पहिलो पटक देशको इतिहासमा पहिलो पटक सशस्त्र प्रहरी बल तपाईँहरूले डिप्लोय गर्ने भन्नुभएको छ। त्यसपछि गएर प्रहरी छ, त्यसपछि गएर सशस्त्र छ। यति धेरै सेना पुलिसहरू परिचालित गरिसकेपछि पनि विश्वासको वातावरण बन्ने देखिएको छैन। यस प्रति सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु र महिला मतदाता र महिला उम्मेदवार उहाँहरूको सुरक्षाको निम्ति पनि सरकारको व्यवस्था होस्। यस प्रति ध्यान जाओस् भन्ने कुराहरू राख्दै फेरि पनि १० वर्ष जनयुद्धलाई सलाम भन्दै बिदा हुन्छु। धन्यवाद। लाल सलाम।

**(१३:३८ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य विष्णु देवी पुडासैनी समय ११ मिनेट त्यसपछाडि माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१३:३८ बजे) **माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, विभिन्न अवरोधलाई पन्छाएर आज हामी १९औं अधिवेशनको अन्तिम तिर आइसकेका छौं। जनताको निकै ठुलो संघर्ष र बलिदानबाट प्राप्त लोकतन्त्र र संविधानको संरक्षण गर्न सफल हुनु भएकोमा म सर्वप्रथम सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यस १९औं अधिवेशन सञ्चालन गर्नमा आ-आफ्नो क्षेत्रबाट योगदान पुर्‍याउनु हुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष ज्यू, नेपाल सरकार लगायतका सम्पूर्ण महानुभावहरूलाई म हार्दिक धन्यवाद पनि दिन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, आज प्रादेशिक सरकार सम्बन्धी कार्यक्रम भएकोले म सकभर प्रदेश सम्बन्धी कुरामा मात्रै आफ्ना कुरा राख्न गइरहेको छु। बागमती प्रदेशको बारेमा आफ्ना केही भनाईहरू राख्न गइरहेको छु। बागमती प्रदेशमा १३ जिल्ला, ३ वटा महानगरपालिका, १ वटा उपमहानगरपालिका र ४१ वटा नगरपालिका र ११२१ वटा गाउँपालिका रहेको कुरा पनि म यहाँहरू समक्ष राख्न चाहन्छु। प्रसिद्ध मठ मन्दिरहरू पनि बागमती प्रदेशमा पर्छन्। जस्तै आराध्य देव, भगवान पशुपतिनाथको मन्दिर यही प्रदेशमा पर्दछ। पर्सि मात्रै महाशिवरात्री पर्व आइरहेको छ। यो पर्वमा देश विदेशबाट हजारौं हजार महात्माहरू, सन्तहरू, मन्तहरू आउनु हुन्छ। आउने क्रम शुरू भइसकेको छ र यो शिवरात्रीको दिन महात्माहरूलाई र सन्त, मन्तहरूलाई भयोजनको व्यवस्था गर्ने गरेको छ सरकारको तर्फबाट। तब अघिपछि आउने सन्त, मन्तहरूको लागि चाहिँ भयोजनको व्यवस्था हुनुपर्छ भनेर म सरकारसँग यो पनि मेरो आफ्नो कुरा राख्न गइरहेको छु। त्यस्तै नेपालीहरूका १ महिनासम्म घर घरमा श्री स्वस्थानी माताको महात्मा पढिन्छ र १ महिनासम्म साली नदीमा महत्त्वपूर्ण मेला लाग्ने कुरा हजुरहरूलाई पनि थाहा नै छ। यही बागमती प्रदेशमा नै पर्दछ। त्यस्तै हरिबोधनी एकादशी दिन एकै दिन ४ वटा नारायणको दर्शन गर्नपर्छ भन्ने हाम्रो चलन छ। त्यो पनि यहीं बागमती प्रदेशमा पर्दछ। त्यस्तै गरी दोलखाको प्रसिद्ध भीमसेनको मन्दिर त्यहाँ पनि अत्यन्त महत्त्वपूर्ण मन्दिर छ। जब देशमा कुनै सङ्कट आयो भने भीमसेनलाई पसिना आउँछ र अनि राष्ट्रले त्यहाँ क्षमा याचना गर्नुपर्ने, पूजा गर्नुपर्ने पनि चलन भएको कुरा पनि म यहाँहरू समक्ष राख्न गइरहेको छु। त्यस्तै गरी प्रसिद्ध कुण्ड गोसाइँकुण्ड पनि यही प्रदेशमा पर्दछ। यहाँ ऋषिपञ्चमीका दिन अर्थात् जनैपूर्णिमाको दिन अत्यन्त ठुलो मेला लाग्ने कुरा छ। त्यसैले यो प्रदेश, बागमती प्रदेश पर्यटकीय उद्देश्यले पनि अत्यन्त महत्त्वपूर्ण प्रदेश छ भन्नेमा म यहाँहरू समक्ष राख्न चाहन्छु। काठमाडौंमा महत्त्वपूर्ण, प्रसिद्ध ६ वटा नदीहरू रहेका छन्। जस्तै बागमती, विष्णुमती, रुद्रमती, मनमती, इच्छुमती र सोमती। यी अत्यन्त प्रसिद्ध मन्दिरहरू छन् तर ती मन्दिरहरू अहिले ढलमतीमा प्रयोग भइरहेका छन्। ढल मिस्सिरहेको छ, दुर्गन्ध

भइरहेको छ। यसमा पूर्व शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंह ज्यूले यी नदीहरू स्वच्छ, सफा बनाउने उद्देश्यले नदीहरूको निरीक्षण गरेर सफा पानी बगाउँछु भनेर सोच्नु भएको थियो र काठमाडौंमा योजना बनाउनु भएको थियो। काठमाडौंको मुटुमा रहेका यी नदीहरू सफा बनाउन सम्माननीय सदन मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, काठमाडौं उपत्यका सडकहरूका बारेमा मैले भन्नै पर्छ। मेन सडक भन्दा पनि सहायक सडकहरू सबै खाल्डै खाल्डा छन्। जब असार शुरू हुन्छ अथवा पानी पर्न शुरु हुन्छ अनि मात्रै ती खाल्डा खुल्डी र विकास निर्माणको काम शुरु हुन्छ। मैले हरेक सदनमा यो असारे विकास गर्नु हुँदैन। यसले गर्दा जनता अत्यन्त सास्ती हुन्छ भनेर र बजेट पनि नोक्सान हुन्छ भनेर मैले पटक पटक भन्दै आएको कुरा पनि फेरि पनि दोहोऱ्याउन चाहन्छु कि यो असारे विकास हुँदै हुँदैन। असारे विकासले जनताहरूलाई पनि दुःख भयो, सास्ती भयो र त्यसैगरी बजेट पनि नोक्सान भयो भन्ने पनि म आज सम्मानित सदन मार्फत म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। अब अरू कुरा धेरै भन्नु भन्दा पनि यही माघ ११ गते अस्ति भएको राष्ट्रिय सभाको निर्वाचनमा निर्वाचित हुनुभएका हाम्रा माननीय सदस्यहरूको उहाँहरूलाई हार्दिक शुभकामना एवम् बधाई दिदै उहाँहरूको कार्यकालको सफलताको पनि म कामना गर्न चाहन्छु। त्यस्तै गरी यस सम्माननीय सदनलाई महत्त्वपूर्ण भूमिका निर्वाह गरेर बिदाइ हुन लाग्नुभएको आदरणीय माननीय ज्यूहरूलाई पनि उहाँहरूको बिदाइ पछिको जीवन, राजनीतिक एवम् व्यक्तिगत जीवन सुखमय रहोस् भन्ने पनि शुभकामना दिँदै सबैको जय होस् भन्दै जय नेपाल भन्दै सबैको जय होस् भन्दै बिदा हुन्छु। धन्यवाद। जय नेपाल।

**(१३:४५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य गंगा कुमारी बेलबासे समय १२ मिनेट।

**(१३:४५ बजे)** **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, म बागमती प्रदेशबाट निर्वाचित भएको हुँ। प्रदेशका मुख्य सम्भावना बारे केही विषयहरू राख्न चाहन्छु। बागमती प्रदेशमा १३ वटा जिल्लाहरू छन् र यसको सिमाना उत्तरमा चीनको तिब्बतसँग, पूर्वमा कोशीसँग, दक्षिणमा मधेशसँग, पश्चिममा गण्डकी प्रदेशसँग जोडिएको छ। यसमा ६ वटा महानगर मध्ये ३ वटा महानगर यसै प्रदेशमा पर्दछन् र हेटौंडा उपमहानगरपालिका पनि यसमा रहेको छ। ४१ वटा नगरपालिका छन् भने ७४ वटा गाउँपालिका रहेका छन्। यो प्रदेशमा

चितवन राष्ट्रिय निकुञ्ज, लाङटाङ्ग राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्जसँग पनि यसको सम्बन्ध जोडिएको छ र यो ढङ्गले रहेको प्रदेशमा ठुलो औद्योगिक क्षेत्रको सम्भावना छ। हेटौँडामा ठुलो औद्योगिक क्षेत्र थियो र अहिले बन्द भइराखेको छ, त्यसलाई सञ्चालन गर्नका लागि हामीले पहल, प्रयत्न गर्नु पर्छ र उद्योग धन्धा नेपालमा खोल्नुपर्छ भन्ने कुराहरूमा म जोड दिन चाहन्छु। त्यस्तै गरेर चितवनको शक्तिखोरमा औद्योगिक क्षेत्र बनाउने भनेर हामीले भूगोल छुट्याएर राखेका छौं। त्यो क्षेत्रमा ठुलाठुला उद्योगहरू खोल्न सक्छौं भन्ने कुराहरू म राख्न चाहन्छु। त्यस्तै गरेर यहाँ धेरै ठुला महत्त्वपूर्ण सडक खण्डहरू छन्, बाटो घाटोहरू छ। त्यसता कोरिडोरहरू, त्यसता जंक्शनहरू हामीहरूले मध्यम खालका उद्योगहरू खोल्नु पर्दछ।

पृथ्वी राजमार्ग जसले काठमाडौंलाई पोखरासँग जोड्छ, त्रिभुवन हाईवे जसले काठमाडौंलाई बीरगञ्जसँग जोड्छ, अरनिको हाईवे जसले पूर्वतिर कोशीमा गएर जोडिन्छ र त्यस्तै वी.पी. हाईवे जसले बनेपा, बर्दिबासको खण्डलाई जोड्छ। पासाङल्हामु शेर्पा काठमाडौं देखि रसुवासँग जोडिएको छ र बीचबाट मदन भण्डारी राजमार्ग काठमाडौं, तराई द्रुत मार्ग जसले तराई मधेशलाई काठमाडौंसँग जोड्छ। तराई र हिमालको भूगोललाई डेढ दुई घण्टाको दुरीमा छुट्याउँछ। यो अति नै महत्त्वपूर्ण छ र त्यस्तै गएर मध्यपहाडी लोकमार्ग हामीले निर्माण गरिरहेका छौं। र त्यहाँ केही खण्डहरू बनाउन बाँकी छ। त्यसलाई व्यवस्थित गरेर मध्यपहाडी लोकमार्गका जंक्शनहरूमा बजार क्षेत्रहरूमा निर्माण गरेर पहाडी क्षेत्रमा भएका उत्पादनलाई सहरसम्म पुऱ्याउनका लागि हामीले निर्माण गर्ने जुन योजना बनाएका छौं। त्यसलाई तदारुकताका साथ सम्पन्न गर्न पनि म सरकारसँग र आउने सरकारसँग आग्रह गर्दछु। त्यसै गरेर नेपाल एउटा पर्यटकीय क्षेत्र हो, पर्यटकीय देश हो। त्यसमा पनि यो बागमती प्रदेश, पशुपतिनाथ, स्वयम्भूनाथ, गोसाइँकुण्ड, दोलखा, भीमसेन, काभ्रेपलाञ्चोक, भगवती, खाँडादेवी, गयाधाम, वाल्मीकि आश्रम, त्रिवेणीधाम जस्ता महत्त्वपूर्ण धार्मिक स्थलहरू छन्। त्यस्तै पुरातात्विक स्थलका रूपमा नुवाकोट दरबार, हनुमान ढोका दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, बनेपा, पनौती, धुलिखेल जस्ता ऐतिहासिक विकास भएका सहरहरू छन्। प्राकृतिक सम्पदाको हिसाबले काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा त्यतिकै महत्त्वपूर्ण छन् भने पदयात्राका धेरै सम्भावनाहरू छन्। एक दिनमा गएर फर्किन सक्ने पदयात्राका ठाउँहरू प्रशस्त छन् र त्यसै गरेर यात्रालाई कति दिनसम्म लम्ब्याउने हो त्यति दिनसम्मको योजना बनाएर हामी पदयात्रामा निस्कियो भने विभिन्न पद यात्राहरूमा जान सक्छौं। त्यो ढङ्गले पनि यो बागमती प्रदेश असाध्यै महत्त्वपूर्ण ठाउँ रहेछ। त्यस्तै गरेर थारू संस्कृतिको मज्जा लिनको लागि गोलाघाट, नारायणगढ, माडि, सौराहा जस्ता

ठाउँहरूमा हामी जान सक्छौं भने चेपाङ संस्कृति र संग्रहालय हेर्न सक्छौं, भयोटे होम स्टेहरूमा जान सक्छौं। चेपाङ होम स्टेमा जान सक्छौं। दराई, गुरुङ, मगरका होम स्टेमा जान सक्छौं।

विभिन्न भेषभूषाहरू यहाँ रहेको छ। यहाँ मुख्य गरेर तामाङ र नेवारीहरूको बाहुल्यता भएको प्रदेश पनि रहेको छ र उहाँहरूका भेषभूषाहरू असाध्यै सुन्दर कलाहरू यहाँ व्यवस्थित छन्। हामीले कृषिलाई जोड दिन सक्छौं। कृषिमा औद्योगीकरण गरेर, कृषिमा आत्मनिर्भर बन्न सक्ने यो प्रदेशको क्षमता छ। हामीले मनाङ, मुस्ताङका स्याउलाई हामी मुग्लिङ जंक्शनबाट भित्र्याउन सक्छौं। त्यस्तै गरेर जुनार, सुन्तला सिन्धुली र रामेछाप, काभ्रेलाई जुनार र सुन्तलाको उत्पादन क्षेत्र घोषणा गर्न सक्छौं। भुइकटहर, रूखकटहर हामीले विभिन्न जिल्लाहरूमा उत्पादन गर्न सक्छौं। अम्रिसो बाँस, सल्ला, चिलाउने जस्ताका उत्पादनलाई हामी यो प्रदेशमा प्रशस्त रूपमा उत्पादन गर्न सक्छौं। खाद्यान्नको यो भण्डार हो। यो खाद्यान्नको रूपमा धान, मकै, गहुँ जौं, फापर, कोदो, तेलहनमा तोरी, तिल, सूर्यमुखी जस्ता उत्पादनहरू हामीले गर्छौं। दलहनमा सिमी, राजमा, गहत, मास, मूग, मसुरो, भटमास, सिल्टुङ जस्ता उत्पादनहरू हुन्छ भने यहाँ प्रशस्त मात्रामा नगदे बालीहरू पनि हुन्छ। अदुवा, सुठो, अलैची, अकबरे खुर्सानीहरूको उत्पादन गर्न सक्छौं। त्यसै गरेर अमिला फलफूलहरूमा कागतीहरू प्रशस्त उत्पादन गर्न सक्छौं। तरकारी काठमाडौंका वरिपरि भएका सबै जिल्लाहरूमा तरकारीहरूको प्रशस्त उत्पादन हुन्छ र ललितपुर, भक्तपुर र काठमाडौंका केही भागहरूमा पनि तरकारी उत्पादन गर्न सकिन्छ। पशु चौपाया दूध, दही, घिउ, खुवा, पनिरहरूमा हामी आत्मनिर्भर हुन सक्ने यो प्रदेश रहेको छ। अन्डामा हामी आत्मनिर्भर छौं। मासुजन्य उत्पादनमा पनि हामीले बल प्रयत्न गर्‍यौ र कृषिमा लगानी लगाउन भने आत्मनिर्भर बन्न सक्ने अवस्थाहरू रहेका छन्। यो शिक्षाका हिसाबले अति महत्त्वपूर्ण प्रदेश हो। यहाँ त्रिभुवन विश्वविद्यालय लगायत सबै सरकारी विश्वविद्यालयहरू, प्राइभेट कलेजहरू छन्। यहाँको मुख्य चुनौती भनेको योग्य, दक्ष, जनशक्ति उत्पादन हो र यसलाई हामीले पुरा गर्‍यौ भने हामी योग्य जनशक्ति उत्पादन गर्न सक्छौं। स्वास्थ्यको हिसाबले यहाँ ठुलाठुला हस्पिटलहरू छन्। हस्पिटल भएर स्वास्थ्य राम्रो हुने होइन। हस्पिटल व्यवस्थित गर्ने र स्वस्थ्य रहनका लागि, स्वास्थ्यको बारेमा धेरै जानकारीहरू र अध्ययनहरू र पोषणयुक्त खाने कुराहरूमा हामीले ध्यान दिनुपर्छ भन्ने कुराहरू राख्न चाहन्छु। जल विद्युतको ठुलो सम्भावना भएको ठाउँ हो र उत्पादन भइरहेको छ। यहाँ त्रिशुली, बुढी गण्डकी, सुनकोशी, अमरावती जस्तै लगायत साना साना नदीहरूबाट धेरै उत्पादनहरू भइरहेको छ। सुनकोशी  मरिन डाइभर्सनको काम यहाँ भइरहेको छ। सिन्धुली खण्डमा त्यो काम भइरहेको छ। सुरुङ निर्माण भएको space reduce २०/२२ महिनासम्म पनि त्यहाँ बाँधको

काम नसकिएको हुनाले अहिले अदालतले ठेक्का रद्द गरेको सूचना आएको छ। तुरुन्तै नयाँ ठेक्का लगाएर यसलाई अगाडि बढाउनका लागि म सरकारसँग अनुरोध गर्दछु। र यो पहल गरिसकेपछि बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, जस्ता तराईका उत्पादनशील ठाउँहरूमा १ लाख २२ हजार हेक्टर सिँचाई हुने छ र हामी कृषिमा आत्मनिर्भर हुनका लागि हामी सक्षम हुनेछौं।

मध्य पहाडी लोकमार्गको निर्माणको क्रममा चौरी देउराली गाउँपालिका खण्ड निर्माणको क्रममा थुपारेको माटो बर्खाको पानीले बगाएर अति राम्रो उत्पादन योग्य फाँट बगरमा परिणत भएको छ। यसलाई उत्पादनयोग्य बनाउन सम्बन्धित पालिका, प्रदेश लोकमार्ग आयोजनाले तुरुन्त काम गरोस् र यसलाई सफा गरोस् भन्ने कुराहरू पनि म राख्न चाहन्छु। त्यस्तै गरेर हामी हाम्रा अति राम्रा पर्यटकीय क्षेत्रहरू रहेका छन्। नगरकोट सूर्योदय अद्भुत दृश्य देख्न सकिन्छ, हिम श्रृंखलाहरू देख्न सकिन्छ। चन्द्रागिरी केबलकार, मनकामना केबलकार यस्ता केबलकारहरूले हामीलाई हिमश्रृंखला र काठमाडौं उपत्यकाको र विभिन्न ठाउँको पर्यटकीय हिसाबले हामीले क्षेत्रहरू हेर्न सक्छौं। ट्रेकिङका धेरै रुटहरू छन्। जसले हिमाल, जङ्गल, जलवायु विभिन्नको अध्ययन गर्न सक्छौं। गोसाईकुण्ड र सुन्दरीजललाई जोड्न सकिने ट्रेकिङ मार्गहरू छन्। इन्द्रसरोवर जस्तो नेपालको सबैभन्दा ठुलो मानवनिर्मित ताल पनि हामी यही प्रदेशमा पाउँदछौं। मोडेबजारदेखि खोलाखर्क, दोरम्बा, ढुंखर्क, गुराँसे भन्ज्याङ, बुलुङ् गाउँ, छापखोला, कीर्तिमाल, नवबौद्ध, पनौती, भक्तपुर, काठमाडौं हुँदै हामीले १० दिन १२ दिनका पदयात्राहरू हामीले सम्पन्न गर्न सक्छौं। फूलचोकी, चन्द्रागिरी, शिवपुरी, सुन्दरीजल, नगरकोट, लाङटाङ देखि पनौती, चापागाउँ देखि दलचोकी जस्ता ट्रेकिङका रुटहरू पनि यहाँ प्रशस्त छन्। अलि जोखिमपूर्ण खेलहरू पनि हामीले गर्न सक्छौं। राफ्टिङहरू पनि हाम्रो उपलब्ध छ। त्यस्तै गरेर मन्दिर, गुम्बाहरूका अत्यन्त राम्रा पर्यटकीय, धार्मिक पर्यटक बिकाउन सक्ने सुन्दर ठाउँहरू पनि छन्। यसै गरेर राष्ट्रिय निकुञ्जको वन क्षेत्रमा बुट्यानन भएको क्षेत्र ३० वर्ष अगाडिदेखि बसोबास गरिरहेका सुकुम्वासीहरूको व्यवस्थापन नभएको कारणले यो प्रदेशमा सुकुम्वासीको समस्याहरू छ। एक पटक राष्ट्रिय निकुञ्जको र वनको ऐनलाई संशोधन गरेर अव्यवस्थित बसोबासी र सुकुम्वासी समस्यालाई समाधान गर्नका लागि सरकारले पहल गर्नुपर्छ भन्ने कुराहरू राख्न चाहन्छु। नारायणी नदी किनारमा पर्यटकीय प्रवर्धनका लागि विकास गर्न सकिन्छ। व्यवसायिक कामहरू त्यहाँ अगाडि बढाउन सकिन्छ। अस्पताललाई स्वस्थ, सुन्दर र निरोगीका लागि धेरै कामहरू अगाडि बढाउनु पर्ने हुन्छ। साना ठुला उद्योगहरू विभिन्न मार्गहरूका तटहरूमा निर्माण गर्न सकिन्छ। वी.पी. राजमार्गको वैकल्पिक मार्गको रुपमा मध्य पहाडी लोकमार्गलाई पुनः बनाएर त्यसलाई अगाडि बढाउनको लागि अनुरोध

गर्दछु। वी.पी. राजमार्गको निर्माणको कार्य सुस्त छ। त्यसलाई गतिमा लैजान र तुरुन्त सम्पन्न गर्न अनुरोध गर्दछु। त्यस्तै गरी चुनाव स्वच्छ, निष्पक्ष, धाँधली रहित गर्नका लागि सरकारलाई अनुरोध गर्दै मेरो भनाई अन्त्य गर्छु। हस्त धन्यवाद।

(१३:५७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू प्रादेशिक सरोकार समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट मन्त्री परिषद् सदस्यको कार्यभार तोकिएको पत्र प्राप्त हुन आएको छ। अब उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री मदन प्रसाद परियार इटलीको रोममा आयोजना हुने ४९औं session of the governing council of the international fund for agriculture development मा सहभागी हुन संवत २०८२ साल माघ २४ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीबाट उद्योग, वाणिज्य तथा आपूर्ति; कानुन, न्याय तथा संसदीय मामिला; संस्कृति पर्यटन तथा नागरिक उड्डयन र ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री माननीय अनिल कुमार सिन्हालाई सम्हाल्ने गरी तोक्नु भएको बेहोरा अनुरोध गर्दछु।

(सुमन राज अर्याल)
मुख्य सचिव
२०८२ माघ २३

माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री सुशीला कार्कीको तर्फबाट माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हालाई मुस्लिम आयोग को आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पेश गर्न समय उपलब्ध गराउँछु।

(१३:५९ बजे) **<u>माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री अनिल कुमार सिन्हा</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले मुस्लिम आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:०० बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई संघीय इकाइहरू बीच विधायिकी अन्तरसम्बन्ध अध्ययन प्रतिवेदन, २०८२ समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:०० बजे) **<u>माननीय विधायन व्यवस्थापन समितिका सभापति श्री तुलसा कुमारी दाहाल</u>**ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम विधायन व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तर्गत सभाबाट प्राप्त विधेयक माथि छलफल तथा विधेयक व्यवस्थापन ऐन कार्यान्वयन मापन तथा अध्ययन अनुसन्धान र संघीय इकाइ बीचको विधायिकी अन्तरसम्बन्ध सम्बन्धी विषय रहेका छन्। प्रस्तुत प्रतिवेदन संघीय इकाइ बीच विधायिकी अन्तरसम्बन्ध सम्बन्धी विषय र सम्बन्ध निकायसँग सम्बन्धित छ। नेपालको संविधानको अनुसूची ५ देखी अनुसूची ९ सम्म संघ, प्रदेश र स्थानीय तहका एकल अधिकार सूची र साझा अधिकार सूचीको व्यवस्था गरिएको छ। सोही अधिकार विन्यासको सूचिमा आधारित भइ तीनै तहले आ-आफ्नो कार्यक्षेत्रका विषयमा कानुन निर्माण गर्न सक्दछन्। साझा अधिकारको विषयमा प्रदेश सभा, गाउँ सभा र नगर सभाले कानुन बनाउँदा संघीय कानुनहरू नबाझिने गरी बनाउनु पर्ने र गाउँ सभा र नगर सभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्ने। बाझिएमा बाझिएको हदसम्म अमान्य हुने गरी संवैधानिक व्यवस्था रहेको छ। प्रदेश सभा र स्थानीय तहमा कानुन निर्माण प्रक्रियाको विद्यमान अवस्था र समस्याका बारेमा जानकारी लिदै कानुन निर्माणको सिलसिलामा हासिल भएका मुख्य उपलब्धि, चुनौती एवम् समस्याहरू, त्यसका लागि जिम्मेवार निकाय एवम् कारकतत्व र अबको कार्य दिशाका बारेमा छलफल र संघीय कानुन निर्माण प्रक्रियामा अभ्यास एवम् अनुभव आदान प्रदान गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेश र बागमती प्रदेशका प्रदेश सभा समिति र स्थानीय तहसँग छुट्टाछुट्टै अन्तरक्रिया कार्यक्रम आयोजना गरिएका थिए। अध्ययन तथा अन्तरक्रिया बाट प्राप्त तथ्य विश्लेषण गर्दा तीनै तहमा विधायिकी अभ्यास विस्तार भए पनि अन्तरतह विधायिकी अन्तरसम्बन्ध अपेक्षित रूपमा सुदृढ हुन न सकेको देखिन्छ। संघ, प्रदेश र स्थानीय तहमा उल्लेखित सङ्ख्यामा ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदि निर्माण भई विधायिकी अभ्यासमा संस्थागत विकास भएको पाइएको छ। तथापि विधायन प्रक्रियाको गुणस्तरीय सरोकारवाला सँगको परामर्शको अवस्था साथै उत्तर विधायिकी परीक्षण अभ्यासका दृष्टिमा भने कमजोर रहेको कानुनको व्यवहारिक कार्यान्वयन सुनिश्चित हुन भने नसकेको पाइएको छ। साझा अधिकार सूचीका विषयमा स्पष्ट मार्गदर्शन, सामग्री तथा संघीय आधारभूत कानुनको अभावले संघीयता

अवलम्बन गरेको नेपालको संविधान कार्यान्वयन भएको एक दशक ब्यतित भइसकेको अवस्थामा पनि प्रदेश र स्थानीय तहमा अन्योलता, दोहोरो कानुन निर्माण र अधिकार अतिक्रमणको अवस्था सृजना हुन पुगेको छ। स्थानीय तहका कानुनहरू स्थानीय आवश्यकता केन्द्रित भएता पनि प्राविधिक क्षमता, कानुनी जनशक्ति लगायत उपलब्धताको वर्तमान अवस्थाका कार्यान्वयन संस्थागत कमजोरी हुन गई गुणस्तरीय विधायन निर्माण कार्य अत्यन्त चुनौतीपूर्ण रहेको छ।

सम्माननीय अध्यक्ष महोदय, स्थानीय तह र प्रदेश सभाका समितिसँगको अन्तरक्रियाबाट प्राप्त निष्कर्षका आधारमा गुणस्तरीय विधायिकी अभ्यास र सुदृढ अन्तरतह विधायिकी समन्वयका लागि बहुआयामिक सुधार आवश्यक देखिन्छ। यसका लागि स्थानीय र प्रदेश तहमा विधि निर्माण सूत्रको बेहोरामा एकरूपता सहित यसको अनिवार्य प्रयोग सुनिश्चित गर्दै ऐन निर्माणलाई प्राथमिकतामा राख्नु कानुन कार्यान्वयन मापन र अधिकार क्षेत्रको परीक्षणलाई विधायन प्रक्रियाको अभिन्न अङ्गको रूपमा कार्य गर्ने परिपाटीको संस्थागत गर्न आवश्यक छ। साथै संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७, विधायन ऐन, २०८१ र प्रदेशले बनाएको गाउँ नगर सभाको कानुन निर्माण सम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनका लागि तीनका समसामयिक परिमार्जनमार्फत् स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपर्दछ। जनशक्ति र संस्थागत क्षमताको दृष्टिले स्थानीय तहमा दक्ष कानुनी विज्ञको आवश्यकता, स्थानीय र प्रदेशका जनप्रतिनिधि र कर्मचारीका लागि विधायिकी अभ्यास, कानुन तर्जुमा र नीति विश्लेषण सम्बन्धी नियमित प्रशिक्षण अपरिहार्य छ। अन्तरतह विधायिकी समन्वय सुदृढीकरणको लागि संघ, प्रदेश र स्थानीय तह बीच स्थायी समन्वय संयन्त्र स्थापना, साझा अधिकार सूचीका विषयमा संघीय कानुनलाई मार्गदर्शन बनाउने स्पष्ट कार्यविधिको निर्माणका साथै विद्यमान कानुन निर्माण संयन्त्र र आपसी समन्वय बैठकहरूलाई नीतिगत, नियमित र निष्कर्षमुखी बनाइनु आवश्यक छ। यसका साथै तीनै तहका कानुन समेट्ने एकीकृत डिजिटल कानुनी डाटाबेस निर्माण गरी आपसी सामञ्जस्यता र पारदर्शिता अभिवृद्धि गर्नुपर्ने देखिएको छ। अन्त्यमा प्रस्तुत अध्ययनका क्रममा सहभागी हुनुहुने प्रदेश सभा समितिका सभापति, सदस्यका साथै प्रदेश सभा सचिवालयका कर्मचारीहरू, स्थानीयका तहका प्रमुख, अध्यक्ष, उपप्रमुख, उपाध्यक्ष, सदस्य तथा प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। साथै प्रस्तुत कार्यक्रमका लागी सहजीकरण गर्ने जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च एनएफ पीपीडी समितिका सदस्य, सचिव, सचिवालय र प्रत्यक्ष परोक्ष कार्य गर्ने सम्बद्ध सबैलाई यहाँ धन्यवाद व्यक्त गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम (१) बमोजिम समितिद्वारा संवत २०८२ साल माघ २० गते पारित संघीय इकाइहरू बीच विधायिकी अन्तरसम्बन्ध अध्ययन प्रतिवेदन, २०८२ सम्मानित सभा समक्ष पेश गर्दछु। धन्यवाद।

(१४:०१ बजे) <u>पुनःपीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१४:०६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई बालबालिका ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानहरूको कार्यान्वयन मापन प्रतिवेदन सम्बन्धी समितिको प्रतिवेदन, २०८२ सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछु।

(१४:०७ बजे) **<u>माननीय विधायन व्यवस्थापन समितिका सभापति श्री तुलसा कुमारी दाहाल</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम विधायन व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तर्गत सभाबाट प्राप्त विधेयक माथि छलफल तथा विधेयक व्यवस्थापन ऐन कार्यान्वयन मापन तथा अध्ययन अनुसन्धान र संघीय इकाइ बीच विधायिकी अन्तरसम्बन्ध विषय रहेका छन्। प्रस्तुत प्रतिवेदन बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानहरूको कार्यान्वयनको अवस्थाको मापनसँग सम्बन्धित उत्तर विधायिकी अध्ययन हो।

नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको अधिकार सुनिश्चित गरेको छ। सो संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि जारी भएको उक्त बालबालिका सम्बन्धी ऐनले सम्मानजनक बाल सहभागितालाई विशेष महत्व दिएको छ। ऐन कार्यान्वयनको सात वर्ष पूरा भइसकेको सन्दर्भमा विधायिकी मनसाय अनुरूप बाल सहभागिता सुनिश्चित भएको छ वा छैन भन्ने प्रश्नको उत्तर खोज्ने उद्देश्यले समितिले यो कार्यान्वयनको मापन कार्य गरेको हो। अध्ययन प्रक्रियामा नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरू तथा निकायबाट कार्यान्वयन प्रगति विवरण सङ्कलन पाँच प्रदेशमा स्थलगत अन्तरक्रिया कार्यक्रम सञ्चालन, बालबालिकासँग प्रत्यक्ष छलफल तथा विज्ञ र सरोकारवालासँग परामर्श गरिएको थियो। अध्ययनले स्थानीय तहमा बाल कलब गठन, स्थानीय बाल अधिकार समिति स्थापना,

बालकल्याण अधिकारी तोक्ने जस्ता कार्यहरूका माध्यमबाट बाल सहभागिता प्रवर्धन गर्ने प्रयास गरिएका छन्। विद्यालय र समुदायस्तरमा बाल कलबहरूको सक्रियता भने राम्रो पाइएको छ। यद्यपि, सबै स्थानीय तहमा आवश्यक संरचना स्थापना नभएको, बालकल्याण अधिकारीको दरबन्दी अनुरूप नियुक्ति ज्यादै न्यून भएको, बाल सहभागिता समिति विधायिकी मनसाय स्पष्ट कार्यविधि मापदण्ड रूपान्तरण हुन न सकेको तथा बजेट क्षमता र समन्वयको अभाव रहेको जस्ता चुनौतीहरू पनि देखिएका छन्। परिवार, समुदाय र संघीय र प्रादेशिक तहमा निर्णय प्रक्रियामा बाल सहभागिताको स्पष्ट संरचना र मानकको कमी रहेको तथ्य समेत यस अध्ययनको क्रममा उजागर भएको छ।

सम्माननीय अध्यक्ष महोदय, प्रतिवेदनले बाल सहभागितालाई प्रभावकारी, संस्थागत र परिणाममुखी बनाउन कानुनी स्पष्टता, संरचनात्मक सुदृढीकरण, क्षमता विकास, बजेट सुनिश्चितता तथा समन्वय प्रणाली सुदृढ गर्न सिफारिस गरेको छ। यी सिफारिसहरूको कार्यान्वयनबाट सम्मानजनक बाल सहभागिता सुनिश्चितको लागि बाल सहभागिताको प्रवर्धनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। यस कार्यमा सहयोग पुऱ्याउने सबै मन्त्रालयहरू, सरोकारवाला, विज्ञ स्थलगत अध्ययनका क्रममा सहयोग पुऱ्याउनुहुने सबै स्थानीय तह र  प्रदेश सभाका जनप्रतिनिधि तथा कर्मचारीहरू सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस अध्ययन कार्यमा प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने बाल सहभागिताको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरूको सङ्गठन "कन्सोर्टीयम नेपाल" लगायतका संस्थाहरूलाई धन्यवाद व्यक्त गर्दछु। साथै यस कार्यमा सहयोग पुऱ्याउनुहुने समितिका माननीय सदस्यहरू, समिति सचिवालय लगायत प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ को उपनियम (१) बमोजिम समितिद्वारा संवत २०८२ साल माघ २९ गते पारित बालबालिका  ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानको अध्ययन कार्यान्वयन मापन प्रतिवेदन, २०८२ सम्मानित सभा समक्ष पेश गर्दछु। धन्यवाद।

(१४:१० बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्मालाई अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध  गराउँछु।

(१४:११ बजे) **मानतीय सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति श्री माया प्रसाद शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले निरन्तर आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा अध्ययन, अनुगमन, छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू गरी समितिले महत्वपूर्ण र दूरगामी प्रभाव पार्नसक्ने साथै सभामा छलफल गर्न समितिले आवश्यक ठानेका प्रतिवेदनहरूमाथि सभा समेत छलफलको लागि अनुरोध गरेको छ। समितिले अनुरोध गरे अनुसार सभामा समितिको प्रतिवेदनहरू माथि छलफलको समय पनि सम्माननीय अध्यक्षज्यूले उपलब्ध गराईदिनु भएको छ। यसै क्रममा अध्यागमन ऐन, २०४९ र सो ऐन अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरूको अध्ययन तथा विश्लेषण गरी सम्मानित राष्ट्रिय सभा समक्ष सुझाव सहितको पेश गरेको प्रतिवेदनमा समेत सभामा छलफलको लागि समय व्यवस्थापन गरिदिनु भएकोमा म समितिको तर्फबाट सम्माननीय अध्यक्षज्यू सम्मानित सभा समक्ष आभार व्यक्त गर्दछु। समितिले प्रत्यायोजित विधायन अध्ययन गर्ने क्रममा हालसालै अध्यागमन ऐन, २०४९ र सो ऐन अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरूको अध्ययन तथा विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन सम्मानित सभा समक्ष माघ १९ गते पेश गरेको थियो। समितिले पछिल्लो समय निकै चर्चामा रहेको र विवादित बनेको विषय "भिजिट भिसा" प्रकरणसँग समेत प्रत्यक्ष सरोकार रहेको यो ऐन र अन्तर्गतका प्रत्यायोजित विधायनहरू र अध्यागमनसँग सम्बन्धित रहेर नेपाल सरकारले गरेका निर्णय तथा निर्देशनहरूको अध्ययन गर्ने, अध्यागमन विभाग र त्रिभुवन विमानस्थलमा रहेको अध्यागमन कार्यालयको स्थलगत अवलोकन गरी सरोकारवाला निकायका प्रतिनिधिहरूसँग छलफल र अन्तरक्रिया सरोकार राख्ने विषय व्यक्तित्वहरू तथा विज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरेर यो प्रतिवेदन तयार गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, समितिले अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरूको अध्ययन गरेर अध्ययनमा प्रशासनमा सुधार ल्याउने अध्यागमनलाई व्यवस्थापन गर्न बनेका ऐन तथा प्रत्यायोजित विधायनहरू प्रत्यायोजित अधिकारको सीमा भन्दा बाहिर गएको वा गएको छ वा छैन विश्लेषण गर्ने ऐन तर्जुमा गर्दा प्रत्यायोजित अधिकारलाई स्पष्ट प्रत्यायोजन गरेको छ या छैन ? अथवा चाहिने भन्दा बढि र साखान विषयहरूमा प्रत्यायोजित अधिकार दिएको छ या छैन ? अध्यागमन नीति र अध्यागमन कानुनबीच विसङ्गति छ या छैन ? अध्यागमन कार्यमा, प्रशासनिक निर्णयमा एकरूपता वा नागरिकमैत्री दृष्टिकोण के कस्तो छ ? जस्ता विषयहरूको अध्ययन गर्ने गैरआवासीय नेपालीहरूका हकहितका विषयमा के कस्तो अवस्था छ ? आदि विषयमा अध्ययन

गर्ने र ती क्षेत्रमा देखिएका समस्याहरूको समाधान गर्न सुझाव सहितको प्रतिवेदन पेश गर्ने उद्देश्यले यो अध्ययन गरिएको थियो। समितिले अध्ययनका क्रममा अध्यागमन विभाग, त्रिभुवन विमानस्थलको स्थलगत अवलोकनका क्रममा विभागका महानिर्देशक सहित कर्मचारी तथा सुरक्षा निकायका प्रतिनिधि लगायत अन्य सरोकारवाला निकाय र व्यक्तिहरूसँग समेत छलफल गरेको थियो। यो सन्दर्भमा विस्तृत विवरण अध्ययन प्रतिवेदनमा रहको बेहोरा अनुरोध गर्दछु।

अध्यक्ष महोदय, प्रत्यायोजित विधायनको तर्जुमामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरू, स्वायत्त संघ संस्थाहरू, संवैधानिक निकायहरूले गर्न सक्ने गरी कानुनी व्यवस्था गरेको छ। सरकारलाई कार्यसम्पादनमा सहज होस् वा कतिपय कार्यविधिगत विषयमा निर्णयमा पुग्न छिटो छरितो र सहज होस् भनेर यो व्यवस्था गरिएको हुन्छ। प्रत्यायोजित विधायन तर्जुमाको क्रममा सो निर्णय सबै निकायको दायित्व हो र यो सबै भन्दा राम्रो विधि हो। तर विडम्बना भन्नुपर्छ नेपालमा प्रत्यायोजित विधायन तर्जुमा गर्दा नेपाल सरकार र अन्य कुनै निकायहरूले प्रत्यायोजित विधायनको सिद्धान्त, सीमा, मूल्य, मान्यता र अख्तियारी बिर्सिएर पदिय दायित्व, जिम्मेवारी, जबाफदेहिता ख्याल नगरी प्रत्यायोजित अधिकारको प्रयोग गर्ने गरेको पाइन्छ। यसै गरी नेपाल सरकारले संसदमा विधेयक पेश गर्दा कुनै थुप्रै सारवान विषयहरूलाई प्रत्यायोजित विधायनका रूपमा प्रस्ताव गर्ने गरेको तथा संसद र संसदीय समितिहरूले समेत यसलाई स्वीकार गर्ने गरेका कारण प्रत्यायोजित विधायनमा सारवान विषयहरू प्रशस्त मात्रामा भेटिने गरेका छन्। यस बाट एकातिर कानुन बनाउने संसदको अधिकार खण्डित भएको छ भने अर्को तिर मुलुकको सुशासन अभिवृद्धिमा नकारात्मक असर परेको छ। त्यसैले विधेयक पारित गर्ने क्रममा संसदको विशेष ध्यान दिनुपर्ने देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, अध्यागमन ऐन, २०५० मा थुप्रै सारवान विषयहरू प्रत्यायोजित अधिकारका रूपमा हस्तान्तरण गरिएको छ। भिसा निष्कासन, तहकिकात प्रदेश निर्गमन जस्ता विषयहरूमा प्रत्यायोजित अधिकार हस्तान्तरण गरिएका कारण स्वविवेकीय अधिकारको प्रयोग बढेको छ। जसको कारण अधिकारको दुरुपयोग हुने र नागरिकहरूको झन्झटीलो बेहोर्नु पर्ने गरेको गुनासोहरू हामी बारम्बार सुन्ने गरेका छौं। प्रत्यायोजित विधायन मार्फत कार्यपालिकालाई दिइएको स्वविवेकीय अधिकारको दुरुपयोग भएका अवस्थामा समेत नियमनकारी र संसदीय निगरानीलाई प्रभावकारी बनाउन नसकेको अवस्था देखिन्छ। संसदले विधेयक पारित गर्ने चरणमा प्रत्यायोजित अधिकारलाई न्यूनीकरण गर्ने सरकारले प्रत्यायोजित अधिकारको दुरुपयोग गर्दा सारवान विषयहरूमा प्रत्यायोजित विधायन तर्जुमा गर्ने संसदीय संविधान, मूल ऐन र अन्य प्रचलित कानुनसँग बाझिने गरी वा प्रत्यायोजित विधायनको

मान्य सिद्धान्तहरू विपरीत प्रत्यायोजित विधायनहरू तर्जुमा नगर्ने संस्कारको विकास गर्नुपर्ने अवस्था देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले तयार गरेको अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू अध्ययन प्रतिवेदन, २०८२ सम्मानित सभामा छलफल गरियोस् भनि प्रस्ताव पेश गर्दछु। धन्यवाद।

(१४:१८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू अब म अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने  माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिने माननीय सदस्यहरूले विषय केन्द्रित भई आफ्नो धारणा राख्नुपर्ने छ। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम दुई मिनेट भित्र उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीयहरूलाई तीन मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य नर बहादुर विष्ट।

(१४:२० बजे) **<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले अध्यागमन ऐन, २०४९ अध्ययन गर्न बनेको म आफै त्यसको उपसमितिको संयोजकको हैसियतले यो अध्यागमन

सम्बन्धी यो धेरै चर्चा परिचर्चाको बीचबाट हामीले स्थलगत अध्ययन पनि हामीले गऱ्यौं। अध्यागमन विभागमा गएर पनि गऱ्यौं। अन्तर्राष्ट्रिय विमानस्थल भित्रको मा पनि गयौं हामी र जुन खालको बाहिर यसको चर्चा परिचर्चा थियो। त्यो चर्चा परिचर्चा अनुसार हामीले गहन तरिकाले अध्ययन गर्दाखेरि अब यो भिजिट भिसा प्रकरण एकदम ठुलो प्रकरणको रूपमा आयो। अब यो पर्यटकीय हिसाबले पर्यटकीय भिसा लिएर विदेशमा जाने मान्छेलाई नेपालले जुन खालको रोक्ने प्रयत्न गरेको थियो। अब यो ऐनमा हामीले हेर्दाखेरि यो धेरै ठाउँमा यसका प्रत्यायोजित ऐन बनाएर आफु तजविजी महानिर्देशक देखि लिएर सहसचिव देखि लिएर सबै आफ्नो तजविजी गर्नुपर्ने र पुरानो ऐनलाई तपाईहरूले २१औं शताब्दीमा जुन खालको राज्यले अथवा सरकार यो ऐन ल्याउनुपर्ने थियो, त्यो ऐन हामीले अहिलेसम्म ल्याएको छैन र यो  प्रतिवेदनले छिटो भन्दा छिटो ऐन ल्याउनु जरुरी छ।

र अर्को तिर अध्यागमनको काम भनेको बोडर कन्ट्रोल गर्ने हो। विदेशीलाई कन्ट्रोल गर्ने हो, नेपालीलाई कन्ट्रोल गर्ने परम्परा नेपालमा छ। किनभने विदेशीलाई विदेशीले कस्तो हरकत गर्छ, त्यसको कहाँ निगरानी कन्ट्रोल गर्नुपर्ने ठाउँमा विदेशमा नेपाली गयो भनेर कन्ट्रोल गर्ने र यसको समग्र रूपमा हेर्दाखेरि बिचौलिया देखि लिएर त्यहाँ महानिर्देशकले भनेको कुरा के हो भने १० पर्सेन्ट अध्यागमन विभागको काउन्टमा हुन्छ, अरू सबै यो एयरलाईन्स टर्मिनल एजेन्सीहरू देखि लिएर सबैले मिलेमतो बनाएर, प्रोपोकाण्ड गराएर ठुलो मात्रामा चलखेल गराएर मान्छेलाई बेच्ने परम्पराको जबसम्म अन्त्य हुँदैन तबसम्म यो अध्यागमन विभागको जुन खालको धेरै ठाउँमा २० भन्दा २५ ठाउँमा प्रत्यायोजित बनाएको छ र अधिकार ऐन भन्दा आफू माथि, नियमावली भन्दा माथि गएर जुन खालको कार्यविधिहरू बनाएको छ। सबैले गर्दाखेरि के देखिन्छ त भन्दाखेरि समग्र रूपमा यो नेपाली जनताको हितमा छैन किनभने अध्यागमनको सबै काम श्रम मन्त्रालयको पनि अध्यागमनले गर्दिनुपर्ने, शिक्षा मन्त्रालयको काम पनि अध्यागमनले गर्दिनुपर्ने। जो सम्बन्धित मन्त्रालयलाई आ-आफ्नो अध्यागमन ….. श्रम मन्त्रालयले विदेशमा कामदार पठाउँदा space reduce श्रम स्वीकृति आफुले गर्नुपर्छ नि तर अध्यागमन विभागले कन्ट्रोल गर्दे भनेर जुन खालको निर्देशन दिन्छ, यसले गर्दाखेरि के देखिन्छ भनेपछि यो २०४९ को अध्यागमन विभागलाई २०७२ को संविधान अनुकूल नयाँ ऐन बनाएर यसलाई व्यवस्थित र राज्यलाई राष्ट्र र जनता प्रति बफादार बन्ने गरीकन बनाउनु पर्छ भन्ने यो रिपोर्टले दिएको छ। धन्यवाद।

(१४:२३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१४:२३ बजे) **<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भिजिट भिसा प्रकरण सबैमा विदितै छ। यसै परिप्रेक्ष्यमा हाम्रो सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरूको सम्बन्धमा अध्ययन गरि यो प्रतिवेदन प्रस्तुत गरेको छ। यो प्रतिवेदनलाई हेर्दाखेरि यो अध्यागमन ऐन, २०४९ मा भिसाका आधार तोक्ने, विदेशीले पालन गर्नुपर्ने शर्त तोक्ने, भिसा नवीकरण र रद्द गर्ने, महानिर्देशकका काम जस्ता विषयहरू पनि प्रत्यायोजित गरेको रहेछ, जसको दुरुपयोग भएको देखिन्छ। प्रत्यायोजित नगरेका विषयमा पनि प्रत्यायोजित विधायन बनाउने गरि अथवा नियमावली बनाउने गरेको रहेछ, त्यो पनि देखियो। त्यसले गर्दाखेरि यो वास्तवमा धेरै गम्भीर छ भन्ने देखिन्छ। समितिले हाम्रो देशको मात्रै होइन दक्षिण एसियाली मूलुकहरूको पनि भारतको पाकिस्तानको, बङ्गलादेशको, श्रीलङ्काको अध्यागमन ऐनहरूको पनि अध्ययन गरेको रहेछ। यो धेरै राम्रो काम गरेको रहेछ। त्यहाँको अध्ययनबाट देखिएको के छ भने भारतमा कम प्रत्यायोजित गरिएको रहेछ। सारवान विषयहरू त्यति धेरै प्रत्यायोजित गरिएको रहेनछ, तर पाकिस्तान र बङ्गलादेश जस्ता जहाँ अलि निरङ्कुश खालको शासन पद्धति छ त्यहाँ अधिकार कार्यपालिकालाई दिइएको रहेछ। त्यस्तो खालको पनि यो समितिको निष्कर्ष मैले देखे। यो वास्तवमा अत्यन्त महत्वपूर्ण काम समितिबाट भएको छ।

यो दक्षिण एसियाली मुलुकहरूका अध्यागमन कानुनहरूको अध्ययन गरेर ल्याइएको निष्कर्षले के देखाउँछ भने जहाँ लोकतन्त्र छ, त्यहाँ यो प्रत्यायोजन कम गरिँदो रहेछ, प्रत्यायोजित विधायन कम हुँदो रहेछ। जहाँ अलि निरङ्कुश प्रवृत्तिको सरकार छ, त्यहाँ प्रत्यायोजन बढि गरिँदो रहेछ। यस्तो हाम्रो मुलुकमा पनि सम्भवतः पहिले पहिले त्यस्तो थियो। अहिले हामीले त्यसलाई हटाउन कोसिस गरेका छौं, तर पनि सकिराखेका छैनौं अझै हामी, त्यसमा लाग्नुपर्ने देखिन्छ। यो प्रतिवेदनले अध्यागमन ऐन, २०४९ का दफा ३, ४, ७, ८, ९, १०, १४ र १५ मा सुधार गर्नुपर्ने, संशोधन गर्नुपर्ने जुन सुझाव प्रस्तुत गरेको छ। वास्तवमा यो सिङ्गै ऐनलाई नवीकरण गर्नुपर्छ भन्ने मलाई लाग्छ। यो प्रतिवेदनले त केही दफामा मात्रै सुझाव गर्‍यो तर मलाई सिङ्गै यो ऐनलाई पुनर्व्यवस्थित गर्नुपर्ने अथवा संशोधन गर्नुपर्ने या संशोधन र एकीकरण गर्नुपर्ने आवश्यकता छ भन्ने मलाई लाग्छ। त्यस हिसाबका जुन खालका सुझावहरू आएका छन् यी सुझावहरूलाई कार्यान्वयन गर्न जरुरी छ। त्यसकारण ती सभाले निर्देशन गरोस् भन्ने माग गर्दै बिदा हुन चाहन्छु। धन्यवाद।

(१४:२६ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य युवराज शर्मा।

(१४:२७ बजे) **मानयीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, म पनि यसै समितिको भएको नाताले जुन सभापतिज्यूले प्रस्तुत गर्न भयो त्यसको पूर्ण समर्थन गर्छु। र यस अन्तरक्रिया, छलफलमा मैले पनि भाग लिन पाएकोले पनि आफूलाई गौरवान्वित गर्छु, तर मेरो भनाइलाई बेग्लै किसिमले म राख्न गइरहेको छु। सम्माननीय अध्यक्षज्यू, २००७ साल अघि राणा शासनरूपी जहानियाँ शासन थियो। २००७ सालको क्रान्ति पछि नेपाल आधुनिकतामा प्रवेश गऱ्यो। विदेशसँग सम्बन्ध स्थापित हुँदै गयो। यहाँ सम्म कि मित्र राष्ट्र चीनलाई पनि हामीले संयुक्त राष्ट्रको संघको सदस्यमा सिफारिस या प्रस्तावित गरेका थियौं, त्यो एउटा गौरवमय इतिहास छ हाम्रो। कानुन बन्दै गयो, कानुनी राज्यको अवधारणा बलियो हुँदै गयो तर अर्को तर्फ २०१५ को संविधान २०१७ मा २०४७ को संविधान २०५९ मा समाप्त पारियो। अहिले २०७२ को संविधान त्यस अनुरूप कानुन बन्न नपाउँदै आज मुर्छित अवस्थामा पुगेको छ। यसरी हेर्दा हामी संविधानको रक्षक भन्दा भक्षक बढी देखिन्छौं।

इंग्लैंडमा अलिखित संविधानले पनि पूर्ण कानुनी राज्यको प्रत्याभुति दिन सफल भएको देखिन्छ। सधियौं देखि अमेरिकाको संविधान र लगभग ७७ वर्ष देखि भारतले कानुनी शासनलाई बलियो गर्दै लगेका देखिन्छन्। हामी कहाँ प्रत्यायोजित विधायनको अवस्थामा मैले संक्षेपमा बोल्नु पर्दा यति भन्न चाहन्छु कि यहाँ कुकुरले पुच्छर हल्लाउनु भन्दा पुच्छरले कुकुर हल्लाको देखिन्छ। त्यसैले यहाँ ल ब्रेकर र जेल ब्रेकरहरू आज उफ्रेका देखिन्छन्। अन्तमा २०८२ भदौ २३ र २४ को आन्दोलनमा भएको क्षतिको नैतिक जिम्मेवारी लिएर तत्कालीन सत्तारूढ सरकारले राजीनामा दिएको हुनुपर्दछ तर अध्यक्षज्यू भाद्र २३ र २४ को आन्दोलनको घुसपैठियाहरू आज सम्पूर्ण दोष तत्कालीन सरकारलाई दिएर पच्छिर्दै छन्। त्यस्तै लोकतन्त्रवादी दलका नेतालाई मारकाट उम्किन नदेउ भनि लघार्न निर्देशन दिनेहरू आज कहाँ छन्, बुझौं! यस सम्बन्धमा हामी कतै समय निरपेक्ष बहस तिर उन्मुख त छैनौं यो बुझौं। अन्त्यमा, सम्बन्धित विभागसँग, निकायसँग, विज्ञसँग छलफल गरी यो जुन प्रस्तुत भएको छ, यो अध्यागमन ऐनको सम्बन्धमा जुन यो प्रतिवेदन प्रस्तुत भएको छ। त्यो प्रतिवेदन अत्यन्त समय सापेक्ष र ..... छ र यो मूल्यवान् दस्तावेजको रूपमा यहाँ आएको छ। यसको समर्थन गर्दै म बिदा लिन्छु। धन्यवाद।

(१४:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:३० बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यागमन ऐन, २०४९ र यस ऐन अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरूको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन यस गरिमामय सदनमा पेश गरी छलफल भएकोमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति माननीय माया प्रसाद शर्मा र समितिका सदस्य लगायत सम्बद्ध पक्षलाई म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। १९ दफामा रहेको यो विधेयक, यो ऐन २० ठाउँमा प्रत्यायोजित विधायनहरू रहने व्यवस्था गरिएको छ। ऐनमा तोकिए वा तोकिए बमोजिम भनि कार्यविधि निर्देशिका मापदण्ड बनाउन सक्ने व्यवस्थाको साथमा कार्यविधि मार्फत दस्तुर तोक्न सक्ने, खर्च गर्न सक्ने र कोष स्थापन गर्ने जस्ता सारवान विषय वस्तु राखिएका छन्। प्रशासनिक निर्णयबाट पनि कार्यविधि बनेको देखिन्छ। जस्तो अध्यागमन कार्यविधि, २०६५ गृह मन्त्रालयको अधिकारलाई व्यापक बढाउने गरी व्यवस्था गरिएको देखिन्छ, कार्यविधि मार्फत। मन्त्रीहरू मन्त्रालयमा फेरिदा सचिवहरू फेरिदा प्रत्यायोजित विधायनहरू पनि फेरिने परम्परा रहेको देखिन्छ। यो ऐनको सन्दर्भमा हर्दा।

यस्ता धेरै अरू पनि ऐनहरू होलान्। निकै लामो छलफल अन्तरक्रिया, बहस पछि धेरै प्रयासबाट यो विधायन ऐन, २०८१ आएको छ। कुन ऐन अन्तर्गत कति प्रत्यायोजित विधायनहरू बनेका छन् भन्ने यो महत्वपूर्ण विषयवस्तु रहेको छ र यो ऐन अन्तर्गत यसलाई पनि समेट्नु पर्ने आवश्यकता छ। यसलाई यकिन गर्न गणना गर्न सकियोस् भन्ने उद्देश्य यो २०८१ को ऐनले र विधायन ऐनले रहेको छ। र यति बेला सम्बन्धित निकायहरू, मन्त्रालयहरूलाई अलि गाह्रो परेको छ। किनकी २०८२ साल चैत तीन गते भित्र विधायन ऐन एक वर्ष भित्र सम्बन्धित पक्षले बनाएका प्रचलित विधायनहरू कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता गरी दर्ता नं. समेत लिइ प्रकाशन गर्नु पर्ने व्यवस्था गरेको छ। र त्यो भएको हुनाले ८२ माघ २६ गते माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिल कुमार सिन्हाजीले यसै गरिमामय सदनमा ३५५ वटा प्रत्यायोजित विधायनहरू दर्ता हुन आएको जानकारी गराउनु भएको थियो। अध्यागमन ऐन बनिसके पछि ५१ सालमा गएर २०५१ सालमा नियमावली बनेको देखिन्छ। र ऐनले नतोकेका विषयमा पनि प्रत्यायोजित विधायन बनेको पाइएको छ र यो ऐनलाई समय सापेक्ष परिमार्जन गर्न आवश्यक छ र परिमार्जित सम्बन्धित मन्त्रालयबाट प्रस्ताव आओस् भन्न चाहन्छु। समितिले अध्यागमन ऐन, २०४९ मा रहेका विषयवस्तुलाई अध्ययन गरि केही सुझावहरू, केही निष्कर्षहरू पेश गरेको छ। र यो महत्वपूर्ण विषयवस्तु हुन सक्छ फेरि अर्को ऐनको लागि, समय सापेक्ष ऐन बनाउनको निम्ति। आज यो प्रतिवेदनले निकालेको निष्कर्षलाई

कार्यान्वयन गर्नको निम्ति सम्माननीय अध्यक्षबाट नेपाल सरकारलाई निर्देशन गर्नको निम्ति अनुरोध गर्छु। धन्यवाद।

(१४:३२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१४:३३ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले गरेको अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायन अध्ययन प्रतिवेदन माथि छलफल गरिरहेका छौं। अध्यागमन ऐनमा जम्मा १९ दफा रहेका छन् भने दफा भन्दा बढि २० स्थानमा तोकिए वा तोकिएबमोजिम नियम बनाउने व्यवस्था छ। यीनलाई अध्ययन गर्दा सारवान विषयहरू प्रत्यायोजित विधायनमा राखिएको देखिएको छ। यति मात्र होइन त्यी सारवान विषय पुनः पुनः प्रत्यायोजित भएको अवस्था छ। कार्यपालिकाको विवेकमा धेरै विषय छाडिएका छन्। भिजिट भिसामा देखिएका बेथिति यसै कारण भएको पाइन्छ। जुन विधायनको सिद्धान्त र मान्यता विपरीत छ। उदाहरणका लागि नियमावलीको नियम ४४ (क) मा कार्यविधि बनाउने अधिकार गृह मन्त्रालयलाई दिइएको छ। जुन कार्यविधिले नियमावलीको कार्यक्षेत्र ओगटेको देखिन्छ।

अध्यागमन ऐनमा समय सापेक्ष परिमार्जन गर्नुपर्ने र प्रत्यायोजित विधायनले कार्यविधिगत अधिकार मात्र प्रयोग नगरि सारवान विषय समेत प्रयोग गरेको पाइएकोमा यसलाई सच्याउनु पर्छ भन्ने विषय यस प्रतिवेदनले औंल्याएको छ। विधायन ऐन, २०८१ को व्यवस्था अनुसार यो ऐन र प्रत्यायोजित विधायनहरूमा परिमार्जन गर्नुपर्ने सुझाव छ। यस प्रतिवेदनले औंल्याएका सुझावहरूको महत्व र आवश्यकतालाई मनन गरि तत् अनुसार कानुनी व्यवस्था र सुधार तत्काल गऱ्यौं भने अध्यागमन क्षेत्रमा देखिएका बेथिति, अनियमितता र भ्रष्टाचारलाई न्यूनीकरण गर्न सकिन्छ भन्ने मलाई लागेको छ। तसर्थ यो प्रतिवेदनलाई सर्वसम्मत पारित गर्न सम्माननीय अध्यक्षज्यू मार्फत माननीय सदस्यहरूमा हार्दिक अनुरोध गर्दै सम्माननीय अध्यक्षज्यूलाई सरकारलाई निर्देश गर्न पनि अनुरोध गर्दै आफ्ना भनाइहरूलाई यही विश्राम दिन चाहन्छु। धन्यवाद।

(१४:३५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य डा. अन्जान शाक्य।

(१४:३५ बजे) **<u>माननीय डा. अन्जान शाक्य (मनोनित)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज म सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको अध्यागमन ऐन, २०४९ र सो ऐन अन्तर्गत जारी प्रत्यायोजित विधायनहरूको महत्वपूर्ण प्रतिवेदन बारे आफ्नो धारणा राख्न चाहन्छु। अध्यागमन राष्ट्रिय सुरक्षाको पहिलो ढोका र देशको अन्तर्राष्ट्रिय छविको ऐना हो। विक्रम सम्वत् २०१५ साल देखि शुरू भएको हाम्रो कानुनी यात्रा २०४९ को ऐन हुँदै यहाँ सम्म आई पुगेको छ। तर तीन दशक पुरानो यो कानुनी ढाँचाले आजको आधुनिक विश्व सुरक्षा चुनौती र प्रविधिको रफ्तारलाई धान्न सकेको छ त ? यो अध्ययनले भन्छ छैन। अध्ययनमा देखिएका पहिलो समस्या विधायिकाको अधिकार माथि कार्यपालिकाको हस्तक्षेप, अध्यागमन ऐनले गम्भीर विषयहरू आफैले स्पष्ट पार्नु पर्नेमा धेरै अधिकार, निर्देशिका र कार्यविधिलाई सुम्पिएको छ। भिसा दिने, निष्कासन गर्ने वा हिरासतमा राख्ने जस्ता व्यक्तिगत स्वतन्त्रतासँग जोडिएका विषय प्रशासनिक निर्णयमा छोड्नु अत्याधिक प्रत्यायोजनको गम्भीर समस्या हो। यसले संसदको कानुन बनाउने अधिकार विधायिकीहरूमा नभएको जस्तो देखिन्छ।

दोस्रो, ऐन भन्दा शक्तिशाली निर्देशिका आजको अवस्था यो छ कि ऐनको सीमा नाघेर निर्देशिका मार्फत नयाँ सर्त र शुल्कहरू थपिएका छन्। यो विधायिकाको सर्वोच्चता माथिको चुनौती र कानुनी शासनको उपहास हो। तेस्रो, प्रशासनिक स्वविवेकको दुरुपयोग जहाँ कानुन अस्पष्ट हुन्छ त्यहाँ स्वविवेक हाबी हुन्छ। भिजिट भिसा प्रकरण यसको ज्वलन्त उदाहरण हो। स्पष्ट मापदण्ड नहुँदा एउटै कागजात बोकेका नागरिक मध्य कसले उड्न पाउने र कसले नपाउने भइरहेको गुनासो पनि व्याप्त छ। चौथो, पारदर्शिता र संसदीय निगरानीको अभाव। धेरै जसो कार्यविधिहरू र निर्देशिकाहरू न राजपत्रमा प्रकाशित हुन्छ न सदनमा पेश गरिन्छन्। जनताले आफू कुन नियमले शासित छु भन्ने समेत थाहा नपाउने स्थिति छ। केही सुझावहरू म यहाँ राख्न चाहन्छु। पहिलो ऐनको आमूल संशोधन। अध्यागमन ऐन, २०४९ लाई तत्काल संशोधन गरि भिसा निष्कासन र दण्ड सजाय जस्ता सार वस्तुगत विषयहरू ऐनमा स्पष्ट गरिनु पर्छ। नियम र कार्यविधि केवल प्रक्रियामा सीमित हुनुपर्छ। विधायन ऐन, २०८१ को पालना अब बन्ने हरेक नियम विधायन ऐनको सीमा भित्र हुनुपर्छ। सदनमा पेस नभएका वा राजपत्रमा नछापिएका नियमहरू स्वतः अमान्य हुने व्यवस्था कडाइका साथ लागू गरिनुपर्छ। संसदीय निगरानी प्रत्यायोजित विधायनहरू माथि सम्बन्धित संसदीय समितिले नियमित पोस्ट अडिट गर्नुपर्छ। यसरी बनेको निर्देशिकाले कतै नागरिकको मौलिक हक त खोसिएन ? यो हेर्ने अधिकार संसदले आफूसँगै राख्नुपर्छ।

अर्को डिजिटल अध्यागमन। मानवीय हस्तक्षेप र स्वविवेक कम गर्न ई-भिसा र बायोमेट्रिक प्रणाली अनिवार्य गर्दै अध्यागमन श्रम र परराष्ट्र एकीकृत डाटा प्रणाली निर्माण गर्नुपर्दछ। अर्को

उत्तरदायित्व र अपिल हरेक निर्णयको कानुनी आधार र कारण खोलाउने तथा अन्यायमा परेका माथिल्लो निकायमा (.....समय सकिएको।)

(१४:३८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१४:३९ बजे) **<u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यागमन ऐन, २०४९ मा प्रत्यायोजित कानुनहरूको अवस्था विस्तृत अध्ययन गरि यो प्रतिवेदन आएको छ। नेपालको अध्यागमनले सूचना प्रविधिमा आएको विकाससँगै डिजिटलाईजेशन, मुलुकको सुरक्षा, वैदेशिक रोजगारी व्यवस्थापन, मानव बेच-बिखन नियन्त्रण र अन्तर्राष्ट्रिय आगमनमा सुधार ल्याउन प्रयास गर्दागर्दै सीमा सुरक्षा, एकीकृत सूचना प्रणाली, अभिलेखीकरण र नीति तथा संस्थागत समन्वयको अभाव जस्ता समस्या र चुनौती पनि विद्यमान छन्। ऐनमा भएको भिसा निष्कासन, तहकिकात र प्रवेश निर्गमनको अत्याधिक हस्तान्तरण, कमजोर संसदीय निगरानी, सार्वजनिक परामर्शको अभाव, अत्याधुनिक प्रवृत्तिको प्रयोग, अन्तर्राष्ट्रिय मापदण्ड पानानामा सक्षमताको अभाव, स्वविवेकीय मनोमानीका कारण स्वविवेकीय अधिकारको दुरुपयोग भएर विविध प्रकारका विकृति, विसङ्गतिहरू बाट उपभयोक्ताहरूले अनेकन् पीडादायी अवस्थाबाट गुज्रन पर्ने स्थिति, भिजिट भिसा प्रकरण जस्ता विकृतिहरू दोहोरी रहने जोखिम रहि रहने तर्फ पनि प्रतिवेदनले गहिरोसँग अध्ययन गरेको छ। नीतिको अध्ययन, अवलोकन, नीति निर्माणमा रहेका सीमा समस्या, नीति निर्माण प्रक्रियामा सुधार र नीति कार्यान्वयनको अपरिहार्यता तथा जबाफदेहता हुनुपर्ने गरि अन्तर्राष्ट्रिय अनुभवहरूको समेत आधारमा प्रतिवेदनले वस्तुनिष्ठ सुझावहरू प्रस्तुत गरेको छ। सुशासन संस्थागत गर्नका लागि प्रत्यायोजित विधायन बनाउने अधिकार प्राप्त निकायले प्रत्यायोजित विधायनको सिद्धान्त, सीमा, मूल्य, माननीयताको अनिवार्य पालना, जबाफदेहतामा जोड दिएको छ।

विधायन ऐन, २०८१ ले निर्धारण गरे बमोजिम प्रत्यायोजित विधायन दर्ता गर्ने, राजपत्रमा प्रकाशन गर्ने, संसदमा पेश गर्ने प्रबन्ध कडाइका साथ लागू गर्ने गरि संसदीय निगरानीलाई प्रभावकारी बनाउन जोड दिएको छ। प्रत्यायोजित विधायन निर्माण गर्दा सरोकारवाला सम्बद्ध निकायहरूसँग पर्याप्त छलफल, परामर्श गर्न जोड दिएको छ। अनलाईन भिसा अत्याधुनिक प्रविधि जडान गरि सुरक्षा प्रणाली सुदृढ गर्न अध्यागमन ऐन, २०४९ लाई समय अनुकूल संशोधन गर्न प्रतिवेदनले सुझाएको

छ। सम्माननीय अध्यक्ष महोदय, यो प्रतिवेदन सरकारले कार्यान्वयन गर्नको लागि र अध्यागमन ऐन संशोधन गर्नको लागि म सुझाव राख्न चाहन्छु। धन्यवाद। अभिवादन।

(१४:४१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुमित्रा वि.सी.

(१४:४२ बजे) **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आज सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत परेका बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ सभा समक्ष छलफलका लागि पेश भएको छ। सभाका सभापति माया प्रसाद शर्माज्यूले माननीय माया प्रसाद शर्माज्यूले यसलाई पारित गर्दिन पनि अनुरोध गरिसक्नु भएको छ। र यो समितिको प्रत्यायोजित विधायन उपसमितिको संयोजकले पनि आफ्ना भनाइहरू राखिसक्नु भएको छ। यो सबै प्रतिवेदनहरू जस्तै, सबै ऐन कानुन जस्तै यो अध्यागमन ऐन पनि २०४९ मा बनेको र यो यसले धेरै अधिकारहरू प्रत्यायोजित गरेको जब प्रत्यायोजितको पनि प्रत्यायोजित गर्न नपाइने कुराहरू पनि यसका नियमावली, विनियमावली, निर्देशिका यी सबैमा सबैको अध्ययन गरेर विशेषज्ञले अध्ययन गरेर हामीले सम्बन्धित कार्यक्षेत्रमा पनि गएर अनुगमन गरेर विज्ञहरूसँग धेरै छलफल गरेर यो प्रतिवेदन आएको छ। यो प्रतिवेदन भित्रका कुराहरू यदि हामी सुधारियो, कार्यान्वयन गऱ्यौं भनेदेखि यो एउटा राष्ट्रको सम्पत्ति हो र यसलाई, यस्ता खालका ऐनहरूलाई सुधार गऱ्यौं र अधिकार प्रत्यायोजित हुन दिएनौं, दुरुपयोग हुन दिएनौं भने पनि देशमा राम्रो सुशासन हुने भएको कारणले यो यसमा प्रतिवेदनमा थुप्रै कुराहरू छन्। म धेरै भन्न चाहन्न एउटा जुन अघि पनि कुरो त उठिसकेको छ, त्यसलाई जोड दिए नेपालीहरू बाहिर जाँदा धेरै कारकेर गर्नुपर्ने र धेरै सताउने। एउटा पाटोबाट उनीहरू सहिसलामत पाटोबाट जान पाएनन् भने उनीहरूले फेरी दलालको साहारा लिनुपर्ने एउटा अप्ठ्यारो भएको हामीले भेटायौं र जुन विदेशीहरू हाम्रो देशमा आउँछन्। उनीहरू के उद्देश्यले आएका हुन् ? कहाँ बस्छन् ? के गर्छन् र के राम्रो गरेर जान्छन् की नराम्रो गरेर जान्छन् ? यसको कुनै खोजी हुँदैन लेखाजोखा हुँदैन र यसले गर्दाखेरि हामीले धेरै कतिपय कुराहरू अप्ठ्यारो पनि भयोग्नु परेका कुराहरू उहाँहरू त्यो ठाउँमा काम गर्ने (.....समय सकिएको।)

(१४:४५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१४:४५ बजे) **मानननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू के कति छन् भनेर अध्ययन गरे यो प्रतिवेदन हाम्रो हातमा पुऱ्याएको छ। राष्ट्रिय सभाका समितिहरू चार वटा जुन समिति छन्, उनीहरूले आ-आफ्नो क्षेत्र भित्रका अध्ययनहरूलाई व्यवस्थित रूपमा अध्ययन गरेर प्रतिवेदनको रूपमा यस हाउसमा ल्याउने जुन प्रचलन चलिराखेको छ। यो असाध्यै राम्रो छ र माननीयज्यूहरू यो छ वर्षको कार्यकालमा कम्तीमा दुइटा समितिमा बस्नु भयो भने अनुभवको आदान प्रदान गर्न सजिलो हुन्छ। अनुभव साट्न सजिलो हुन्छ, मलाई त्यस्तो लाग्छ। र यो समितिमा एउटै समितिमा बस्दाखेरि भन्दा यो चार वटा समितिको कार्यकाल भित्र चार वटा समिति मध्ये दुइटा कम्तीमा दुइटामा बसियो भने एउटा अनुभव सघाँल्ने मौका मिल्दछ। यसले प्रत्यायोजित कानुनमा कानुनको अध्ययन गर्ने, विधायनमा प्रत्यायोजित विधायन के कसो भनेर यसमा अध्ययन गर्ने र यो ऐनलाई संशोधनको रूपमा परिमार्जित गर्नुपर्छ भनेर पनि यसले सिफारिस गरेको छ। त्यस्तै गरेर नेपालको अध्यागमनको विकासक्रम र अन्तर्राष्ट्रिय अध्यागमनमा भइरहेका कामहरूको तुलनात्मक अध्ययन गरेको छ र त्यस्तै गरेर यसले नियमावली कार्यविधि र परिपत्रहरू कति छन् र कसरी के-के विषयमा गरिएको छ भन्ने अध्ययन गरेको छ।

र त्यसपछि यो भिजिट भिसा प्रकरण जो हाम्रो हाउसमा पनि निकै चल्यो त्यसको बारेमा अध्ययन गर्दै त्यहाँ के भइराखेको छ भन्ने कुराहरू पनि ल्याएको छ र त्यसलाई कसरी व्यवस्थित गर्ने भन्ने कुराहरू ल्याएको छ। त्यस्तै गरेर यो विधायन ऐनसँग बनाउनु पर्ने नियमावलीहरू र बनेका नियमावलीहरू कानुन मन्त्रालयमा दर्ता गर्नुपर्ने र यो चैत तीन गते सम्ममा यो दर्ता भएर आउनुपर्ने कामहरू भएको छ की छैन भन्ने एउटा सम्झाउने काम पनि अन्तमा गरेको छ। र यसको लागि हामीले विधायन व्यवस्थापन समिति र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको एउटा संयुक्त बैठक कानुन मन्त्रीसँग संयुक्त बैठक गरेका थियौं। यी सबै कुराहरू हामीले यो सरकारलाई व्यवस्थित गर्नका लागि र विधि निर्माणमा हामी व्यवस्थित हुनका लागि गरिराखेका छौं भन्ने कुराहरू राख्दै मेरो भनाइ अन्त गर्छु। हस् धन्यवाद।

(१४:४८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रुकमिणी कोइराला।

(१४:४९ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी हाम्रो समितिले अध्ययन गरेको अध्यागमन ऐन, २०४९ को कार्यान्वयन प्रत्यायोजित विधायन समेतको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरिरहेका छौं। यस अध्ययनका सामान्य उद्देश्य अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत जारी प्रत्यायोजित विधायनहरूको अध्यागमन गर्नु नै हो। प्रत्यायोजित विधायनहरू, मान्ने सिद्धान्त मापदण्ड अनुकूल छन् की छैनन् ? निर्माण गर्ने प्रवृत्ति र कार्यान्वयन गर्ने अभ्यास कस्तो छ भन्ने विषयमा केन्द्रित गरिएको छ। यस अध्ययनको शीर्षक विशिष्ट उद्देश्य पनि यही नै हो। अध्यागमन ऐन, २०४९ को प्रत्यायोजित कानुनको अध्ययन, अन्वेषण र विश्लेषण गर्ने धेरै राम्रो कुरा आएको छ। म यसलाई स्वागत र सम्मान गर्न चाहन्छु। अध्यागमन ऐन, २०४९ अन्तर्गत जारी प्रत्यायोजित विधायनको अध्ययन गर्ने यसको विधायिकी अभिप्राय सिद्धान्तहरू, मापदण्डहरू, सीमाहरू तिनिहरूको कार्यान्वयन प्रवृत्ति सान्दर्भिकताको मूल्याङ्कन गर्ने उद्देश्य राखिएको देखिएको छ। अघिल्ला सरकारका पालामा अध्यागमन र भिजिट भिसाले प्रतिनिधि सभा र राष्ट्रिय सभा व्यापक चर्चा पाएको थियो र सदनै अवरुद्ध पनि भएको थियो। भिजिट भिसा चासोको विषय बनेको थियो। विदेश प्रस्थान र आगमनको निकै जटिल बनेको थियो। यसै गरी प्रत्यायोजित विधायन लागू गर्दा नियमावली, विनियमावली, गठन आदेश, निर्देशिका कार्यविधि, मापदण्ड कसरी बनाएको छ भनेर चासोको विषयले हेरिएको देखिन्छ। यो धेरै राम्रो कुरा छ। यसालाई स्वागत र सम्मान गर्दछु र सर्वसम्मत पास सबैले सर्वसम्मत पास गरौं भन्न चाहन्छु। अन्त्यमा छ वर्ष कार्यकाल सफल पूर्वक सम्पन्न गरेर बिदाइ हुनुहुने माननीयज्यूहरूलाई बिदाइ पछिको जीवन सुखदाय बनोस् भन्दै हार्दिक शुभकामना दिन चाहन्छु। धन्यवाद। मेरो भनाइलाई यही अन्त्य गर्छु। धन्यवाद।

(१४:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१४:५१ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, हामी सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिद्वारा तयार पारिएको अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ माथि छलफल बहस गरिरहेका छौं। यो अध्यागमन ऐन एउटा महत्वपूर्ण ऐन हो र यसले तयार पारेको यो प्रतिवेदन पनि मलाई धेरै महत्वपूर्ण लागेको छ। देशका सिमानाहरूमा जुन पोइन्टहरू हुन्छन्, देश भित्र प्रवेश गर्न इन्ट्री पोइन्टहरू धेरै महत्वपूर्ण हुन्छन्। र अध्यागमन ऐनको सरोकार त्यही पोइन्ट त्यही बिन्दुहरूसँग हुन्छ। यस अर्थमा यो अध्यागमन ऐनको पनि महत्वपूर्ण स्थान

हुन्छ, महत्व हुन्छ भन्ने मलाई लाग्छ र यो समितिले यो विषयको छनोट गरेर जुन एउटा प्रतिवेदन तयार पाऱ्यो। राजनीतिककर्मी तथा वरिष्ठ अधिवक्ता डा. खेमलाल देवकोटाद्वारा तयार पारिएको प्रतिवेदनमाथि छलफल गरेर यो ल्याएको छ। यसका यसले धेरै निर्णयहरू, सुझावहरू सिफारिसहरू प्रस्तुत गरेको छ। त्यी सबै मननयोग्य छन् भन्ने मलाई लाग्दछ। र जुन प्रकारको अध्ययन यसले गऱ्यो स्थलगत अध्ययन, स्थलगत भ्रमण, धेरै व्यक्तिहरूसँग छलफल आदि इत्यादि जुन गऱ्यो। अन्तरक्रिया छलफल जुन गऱ्यो त्यसको आधारमा जुन निष्कर्षमा यो पुग्यो, त्यो धेरै महत्वपूर्ण छ भन्ने कुरा म राख्न चाहन्छु। यो अध्यागमन ऐनका सन्दर्भमा एउटा विषय यति चर्चित भयो, विवादित भयो कि गायकहरूले त गीत पनि बनाए। "भिजिट भिसामा हजुर भिजिट भिसामा भुई छोडेर जाने हजुर पश्चिम दिशामा" कहाँ जाने र भन्दाखेरि पश्चिम दिशामा अनि यो भिजिट भिसाको प्रेरक हो। त्यसैले यो कुख्यात एउटा कुख्यात भिजिट भिसाको जुन प्रकरण थियो त्यसलाई पनि सायद यो अध्यागमन ऐनले कन्ट्रोल गर्न सक्दछ, नियमन गर्न सक्छ भन्ने मलाई लाग्दछ।

यद्यपि यो यसमा जुन सिफारिसहरू आएका छन्, जुन सुझाव र निष्कर्षहरू छन्। यी सबै परिपूर्ण छन् भन्ने मलाई लाग्दैन किनकी "No one is perfect"। कमीकमजोरिहरू जहाँ पनि हुन सक्छन् र सच्याउन सकिन्छ। यो ऐन कानुनको सन्दर्भमा मलाई के लाग्छ भने सम्माननीय अध्यक्ष महोदय ऐन कानुनहरू त ठीक हुनुपर्छ तर त्यो भन्दा पनि महत्वपूर्ण कुरा इमानदारी। What we need is sincerity/honesty इमानदारी हो। यदि ऐन कानुन ठीक छ मान्छे बदमास छ लागू गर्ने मान्छे बदमास छ भने त्यो ऐन कानुनको पनि केही अर्थ हुँदैन। तर मान्छे इमानदार छ भने जतिसुकै क्षेत्रहरू भएता पनि, जतिसुकै कानुनहरूमा कमी कमजोरी भएता पनि उसले त्यहाँ बदमासी गर्दैन, भ्रष्टाचार गर्दैन। त्यसैले आशा गरौं यो समितिले जुन प्रतिवेदन तयार पारेको छ, यो प्रतिवेदनले त्यस्ता बेथिति विसङ्गतिहरूलाई रोक्नमा मदत गर्नेछ भन्ने कुरा राख्दै र त्यसैले यो प्रतिवेदन पास गर्नलाई सबैलाई अनुरोध गर्दै बिदा हुन चाहन्छु। धन्यवाद।

(१४:५५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ।

माननीय सदस्यहरू अब म माननीय गृह मन्त्री ओम प्रकाश अर्याललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:५५ बजे) **<u>माननीय गृह मन्त्री श्री ओम प्रकाश अर्याल</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू, सम्मानित सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिबाट पेश भएको अध्यागमन ऐन, २०४९ तथा सो अन्तर्गत बनेका विधायन सम्बन्धी अध्ययन प्रतिवेदन छलफल सम्बन्धमा गृह मन्त्रालयबाट भए गरेका काम कारबाहीहरूका सम्बन्धमा अनुरोध गर्दछु।

१. अध्ययन प्रतिवेदनमा मूलभूत रूपमा देहायका विषयहरू उल्लेख भएको पाइन्छ:-

(क) अध्यागमन ऐन, २०४९ तथा अध्यागमन नियमावली, २०५१, अध्यागमन कार्यविधि, २०६५ र परिपत्रका सम्बन्धमा:

- गम्भीर र सारवान विषयहरू ऐनमै राख्नुपर्नेमा नियमावली, कार्यविधि आदिमा समावेस गरिएकोले प्रत्यायोजनको दायरा पुन: निर्धारण गरी गम्भीर सारवान विषयहरू ऐनमा नै राख्ने,
- विधायन ऐन, २०८१ को प्रावधान बमोजिम प्रत्यायोजित विधायनको दर्ता गर्ने, ई-भिसा तथा बायोमेट्रिक प्रणाली जस्ता विषयहरू समेटेर समयानुकूल ऐन जारी गर्नु पर्ने।

(ख) भिजिट भिसाका सम्बन्धमा:

- भिजिट भिसाका सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यासबाट पाठ सिक्दै तदनुकुल नेपालको प्रणालिगत, नीतिगत तथा कानुनी व्यवस्थामा सुधार गर्नुपर्ने तथा भिसा प्रणाली व्यवस्थापन, डिजिटलाईजेसन गर्नुपर्ने।

(ग) नीतिगत सिफारिस सम्बन्धमा:

- नीतिगत सिफारिस अन्तर्गत एकीकृत अध्यागमन फ्रेमवर्कको विकास गर्ने,

(घ) संरचनागत सिफारिस सम्बन्धमा:

- संरचनागत सिफारिस अन्तर्गत मन्त्रालयमा पुनरावलोकन डेस्कको स्थापना र प्रत्यायोजित विधायन जारी हुनुअघि जाँच गर्ने।

(ङ) अन्य सिफारिस सम्बन्धमा:

- नियमित तालिम र पुनर्ताजगी कार्यक्रमसहित विभिन्न निकायहरूबीचको समन्वय थप सुदृढ गर्ने।

२. नेपाल सरकार, गृह मन्त्रालयको तर्फबाट अध्यागमन सम्बन्धी कानुन तथा काम कारबाहीका सम्बन्धमा देहाय बमोजिम सुधारका कार्यहरू अगाडि बढाइएको बेहोरा सम्मानित सभासमक्ष अनुरोध गर्दछु:-

(क) नयाँ अध्यागमन ऐनको आवश्यकता महसुस गरी "अध्यागमन  कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" तर्जुमा गरिएको छ। उक्त विधेयक मिति २०८२।२।२० मा नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव गरिएकोमा मिति २०८२।२।२६ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट उक्त विधेयक मन्त्रिपरिषद् विधेयक समितिमा पठाउने गरी निर्णय भएको बेहोरा अनुरोध गर्दछु। मिति २०८२।५।२७ मा अन्तरिम सरकार गठन भएपछि मिति २०८२।५।३० मा नेपाल सरकार, मन्त्रिपरिषदमा पेश भएका सबै प्रस्ताव फिर्ता हुँदा उक्त अध्यागमन विधेयक समेत फिर्ता हुन आएको छ।

(ख) अध्यागमन सम्बन्धी उक्त मस्यौदा विधेयकमा सम्मानित सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिबाट पेश भएको अध्यागमन ऐनमा हुन पर्ने संशोधन तथा नीतिगत सुधार हुनु पर्ने भनी औँल्याइएका विषयहरू समावेश भएका छन्। जसमा विदेशीको प्रवेश, उपस्थिति, भिसा जारी गर्ने, भिसाका प्रकार, भिसा दस्तुर, जाँचबुझ, नियन्त्रित क्षेत्रमा प्रवेश, विदेशी नागरिकले पालना गर्नु पर्ने दायित्व, विदेशी नागरिकको अनुगमन तथा सुपरिवेक्षण, विदेशी नागरिकलाई निष्कासन तथा निषेध गर्न सक्ने सहितका अध्यागमन सम्बन्धी विषय समावेश गरिएका छन्। त्यसै गरी अध्यागमनका विषयमा मुलुकको आवश्यकता तथा विकसित अन्तर्राष्ट्रिय अभ्यास समेतलाई दृष्टिगत गरी मस्यौदा तर्जुमा गरिएको छ। आगामी दिनमा उक्त विधेयक मस्यौदालाई अझ बढी समृद्ध बनाउन विधायन ऐन, २०८१ को व्यवस्था बमोजिम सबैको लागि सार्वजनिक गरी प्राप्त सुझाव समेत समेटिने नै छ। त्यसैगरी सम्मानित समितिको प्रतिवेदनमा औँल्याइएका सुझावहरू समेतलाई समेटिने नै छ।

(ग) गृह मन्त्रालय अन्तर्गतका प्रत्यायोजित विधायनहरूका विषयहरू विधायन ऐन, २०८१ को प्रावधान अनुरूप कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ताको लागि पठाउने क्रम जारी रहेका छन्।

(घ) अध्यागमन कार्यविधि, २०६५ मा मिति २०८२।७।१३ मा दोस्रो संशोधन गरी राहदानी, भिसा, एकतर्फी गन्तव्य सम्मको टिकट तथा भ्रमण गर्ने व्यक्तिको स्वघोषणाको आधारमा नेपाली नागरिकलाई पर्यटक भिसामा विदेश भ्रमणमा जान सक्ने व्यवस्था गरिएको छ। यसबाट विगतमा भएका कमी कमजोरीमा समेत सुधार आएको छ।

(ङ) डिजिटल भिसाका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०८२।३।९ मा उच्चस्तरीय अध्ययन तथा छानविन समिति गठन भएको बेहोरा अनुरोध गर्दछु। भिजिट भिसाका सम्बन्धमा गृह मन्त्रालयबाट देहाय बमोजिमका सुधारका कार्यहरू अगाडि बढाइएको छ।

(च) भिसा प्रणाली व्यवस्थापन र डिजिटलाईजेसनका सम्बन्धमा नियमित गर्ने कार्य भइरहेको र अध्यागमन सूचना प्रणालीलाई थप सुदृढ बनाइएको छ। मिति २०८२।८।११ मा विदेशी नागरिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्था गरिएको छ। सो बमोजिम FOREIGN NATIONAL MANAGEMENT INFORMATIONS SYSTEM ( FNMIS ) कार्यान्वयनमा ल्याइएको छ।

(छ) विधायन ऐन, २०८१ को व्यवस्था बमोजिम सबै प्रत्यायोजित विधायनलाई वेभसाइटमा अपलोड तथा दर्ता गरिने प्रक्रिया अगाडि बढाइएको छ।

(ज) अध्यागमनबाट प्रदान गरिने सेवा प्रवाहलाई उपभयोक्ता मैत्री बनाउन कर्मचारीहरूलाई नियमित तालिम र पुनर्ताजगी कार्यक्रम सञ्चालन गरिएको छ।

(झ) Nepali Portal को स्तरोन्नति गरी अध्यागमन प्रणालीलाई थप सुदृढ बनाउन प्रक्रिया अगाडि बढाइएको छ। विदेशी नागरिकको नेपाल बसाईको अभिलेख र अनुगमनको लागि सूचना प्रणालीको विकास गरिएको छ। विदेशी नागरिकलाई भिसा प्राप्ति तथा भुक्तानी सहजीकरणको लागि International Card Payment को शुरुवात गरिएको छ। पदयात्रा अनुमति प्रणालीलाई पूर्ण रूपमा अनलाईनमा आधारित बनाइएको छ। नेपाल भ्रमणमा आउने विदेशी नागरिकलाई अनलाईन मार्फत Electronic Travel Authorization प्राप्त गर्ने र सो को शुल्क समेत अनलाइनबाट भुक्तानी गर्ने व्यवस्था मिलाइएको छ।

अन्त्यमा, सम्माननीय अध्यक्ष महोदय मार्फत सभामा माननीयज्यूहरूले उठाउनु भएका विषयहरू र प्राप्त सुझावलाई मैले गम्भीरता पूर्वक लिएको छु। यसका लागि माननीयज्यूहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु। हामी नयाँ अध्यागमन विधेयक तर्जुमाको क्रममा छौं। त्यसकारण सम्मानित सभा र समितिबाट प्राप्त भएका सुझावहरू अमूल्य सम्पत्तिको रूपमा रहने छन्। यी विषयहरूलाई नेपाल सरकारले प्रस्तावित अध्यागमन विधेयकमा  समावेश गरी अध्यागमन सुधार सम्बन्धी काम कारबाहीलाई प्रभावकारी बनाउने बेहोरा सादर अनुरोध गर्दछु। धन्यवाद।

**(१५:०२ बजे) <u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफल यही समाप्त हुन्छ।

माननीय सदस्यहरू प्रतिवेदनका सम्बन्धमा माननीय सदस्यहरूले छलफलमा उठाएका विषयहरू र सो सम्बन्धमा माननीय मन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नु भएका बिचार समेतका आधारमा अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ मा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन गर्छु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालू उन्नाइसौं अधिवेशन अन्त्यको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ। अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य डा. बेदुराम भुसाल।

**(१५:०४ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो सभाको यो १९औं अधिवेशन गत माघ ४ गते शुरू भएको थियो र फाल्गुन १ गते समापन हुँदैछ। २७औं दिन हामी यो अधिवेशनलाई समापन गर्दैछौं। यस बीचमा हामीले जम्मा आठवटा बैठक गरेका छौं। शुरूको दिन माघ ४ गते हाम्रो यसै सभाको माननीय सदस्य बलदेव बोहोराजीको निधनमा दुख प्रकट गरेर शोक प्रस्ताव पारित गरेर हामीले अन्त्य गरेका थियौं। बाकी सातवटा बैठकमा हामीले यो सभालाई कार्यसूचीका आधारमा सञ्चालन गऱ्यौं। सातवटा बैठकमा हामीले के काम गरेछौं भनेर हेर्दाखेरि तीनवटा विधेयक पारित गरेछौं। तीनवटा नै अध्यादेश स्वीकार गऱ्यौं। एउटा विधेयक हामीले समितिमा पठाएका थियौं दफावार छलफलको लागि। त्यहाँ छलफल करिब करिब टुङ्गिएकै पनि थियो। तर सरकारको त्यो विधेयकको नाम सम्बन्धी विषयमा गलत खालको अडान रहेको हुनाले त्यसलाई हामीले पारित गर्न सकेनौं। एउटा विधेयक हामीले सरकारले फिर्ता मागेको हुनाले फिर्ता गऱ्यौं, त्यो काम हामीले गऱ्यौं। चारवटा अध्ययन प्रतिवेदन यहाँ प्रस्तुत भए यस बीचमा आज समेत गरेर र ती मध्ये तीन वटा प्रतिवेदन माथि हामीले छलफल पनि गऱ्यौं। एउटा प्रतिवेदन माथि छलफल गर्न हामीलाई आज समापन हुने भएको हुनाले समय पुगेन भन्नुपर्दछ। संघीय इकाइहरू बीचको विधायिकी अन्तरसम्बन्ध सम्बन्धी जुन अध्ययन प्रतिवेदन थियो, विधायन व्यवस्थापन समितिले गरेको त्यो छलफल गर्नुपर्ने खालकै थियो। साथै बालबालिका ऐनसित

सम्बन्धित यो उत्तर विधायिकी परीक्षण सम्बन्धी प्रतिवेदन थियो त्यसमा पनि छलफल गर्न पाएको भए अझ राम्रो हुन्थ्यो। त्यी कामहरू हामीले गर्न सकेनौं। अब तथापि जो एउटा विधायिकी अन्तरसम्बन्ध सम्बन्धी प्रतिवेदन साथसाथै यो बाल अधिकार सम्बन्धी ऐनको उत्तर विधायिकी पक्ष परीक्षण सम्बन्धी प्रतिवेदनहरू पनि यहाँ प्रस्तुत भए। र हामीले दुई पटक प्रश्नोत्तरको कार्यक्रम पनि गऱ्यौं। यसरी हर्दाखेरि यो छोटो समयमा सात वटा बैठकमा यतिका काम गर्ने कुरा राम्रै भयो भन्ने मलाई लाछ। यो अधिवेशनको सफलता यसमा छ भन्ने कुरा मलाई लाग्छ। छोटो समयमा यति धेरै काम सायद हामीले विगतमा गरेका थियौं कि थिएनौ अध्ययन गर्नु पर्छ होला, यो अधिवेशनमा गरेका छौं। त्यसो भएर मैले यसलाई सकारात्मक ढङ्गले लिएको छु।

माननीय अध्यक्ष महोदय, हामी चुनावतर्फ जाँदैछौं। चुनावमा जाने कारणले नै हाम्रो यो अधिवेशनको अन्त्य भएको छ। तर चुनाव अहिले पनि कस्तो वातावरणमा हुँदैछ भन्ने प्रश्न उठिरहेको छ। यो चुनाव शान्तिपूर्ण ढङ्गले हुन्छ या हुँदैन ? यो निष्पक्ष हुन्छ या हुँदैन ? यो धाँधलीरहित हुन्छ या हुँदैन ? र जनताले, नागरिकहरूले, मतदाताहरूले एकदम भयमुक्त वातावरणमा आफ्नो मतदान गर्न पाउँछन् कि पाउँदैनन् भन्ने प्रश्न गम्भीर रूपमा उठिरहेको छ। म सरकारको गम्भीर रूपमा ध्यानाकर्षण गर्न चाहन्छु कि यो प्रश्नको समाधान गर्नका निम्ति सरकारले अझै बढि मिहिनेत गरोस्। अझै प्रभावकारी भूमिका निर्वाह गरोस् र साँच्चै नै शान्तिपूर्ण, स्वच्छ, धाँधलीरहित र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न भएर जनताका प्रतिनिधि चुनिएका छन्, निर्वाचित भएका छन् भन्ने सन्देश जाने गरी यो निर्वाचन सम्पन्न हुन सकोस्। यो सरकार ले यसमा ध्यान दिओस् भन्ने माग पनि गर्न चाहन्छु।

सँगसँगै म अन्तिममा के अनुरोध गर्न चाहन्छु भने सम्माननीय अध्यक्ष महोदय, मेरो लागी यो बैठक जो सभाको यस कार्यकालको अन्तिम बैठक हो र मेरो यो मन्तव्य अन्तिम मन्तव्य हो। यस सन्दर्भमा म फेरि पनि के भन्न चाहन्छु भने अनुभव व्यक्त गर्ने सन्दर्भमा भनेकै कुरा दोहोरिन्छ होला की यो सभाले आफ्नो जुन खालको मर्यादा कायम गरेको छ, जुन खालको हैसियत कायम गरेको छ। यो एउटा छुट्टै खालको नेपाली राजनीतिको चरित्रको हिसाबले भन्ने हो भने एउटा छुट्टै खालको राजनीतिक विवादहरूबाट अलिकति माथि उठेको यद्यपि हामी यहाँ राजनीतिक दलका सदस्यहरू नै छौं। त्यसले गर्दाखेरि विवादबाट पूर्ण मुक्त त छैनौं र हुन सक्दैनौं पनि तथापि सभाका काम कारबाहीको सन्दर्भमा र खासगरीकन विधेयकहरू माथिको छलफल र पारित गर्ने सन्दर्भमा यो सभाले जुन खालको सहमतिका साथ काम गर्ने गरेको छ। त्यसै गरीकन अन्य विषयहरूमा पनि सहमतिका साथ नै निर्णय गर्ने सकेसम्म सर्वसम्मतिका साथ नै निर्णय गर्ने जुन खालको परम्परा स्थापना गरेको छ। समयमा

आफ्नो काम शुरू गर्ने र समय तालिका अन्तर्गत रहेर कार्य सम्पादन गर्ने जुन खालका परम्पराहरू स्थापित गरेको छ र विधि निर्माणका सन्दर्भमा जुन खालका मानकहरू यो सभा र सभा अन्तर्गतका छन्, समितिबाट निर्धारण भएका छन्। त्यी सबैलाई अचल उचाइमा उठाउने गरी यो सभाले आगामी दिनमा काम गर्न सकोस्। हामीले राजनीतिक हिसाबले हाम्रा अनेकौं खालका मतभेदहरू भए पनि सहकार्यका साथ, सहमतिका साथ अगाडि बढ्न सक्छौं भन्न सन्देश यो सभाको मार्फत दिन सकौं। यीनै शुभकामनाका केही शब्दहरू राखेर म यो अन्तिम बिदाइ यो समापन मात्रै होइन यो सभाबाट बिदा पनि हुने मन्तव्यको हिसाबले सायद भेटघाट त हामी अझै २० गते सम्म होला नै तर यो सभामा अभिव्यक्त हुने हिसाबले अन्तिम रूपमा पनि यहाँहरूसँग बिदा हुने गरी म यो भनाइलाई अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१५:११ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१५:११ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, संघीय संसद राष्ट्रिय सभाको १९औं अधिवेशन आज देखि अन्त्य हुँदैछ। यो अधिवेशन देशको अत्यन्त राजनीतिक विषम परिस्थितिका बीचबाट अन्योलका बीचबाट २०८२ माघ गते प्रारम्भ भएको थियो। म सर्वप्रथम राष्ट्रिय सभाका माननीय बलदेव बोहोराज्यूको निधन प्रति दुखद निधन प्रति म भावपूर्ण श्रद्धाञ्जली अर्पण चाहन्छु र उहाँको परिवारजनमा म हार्दिक संवेदना प्रकट गर्न चाहन्छु। वास्तवमा माननीय बलदेव बोहोराले नेपालको लोकतान्त्रिक आन्दोलनमा अत्यन्त ठुलो योगदान गर्नु भएको थियो र म उहाँको योगदान प्रति उच्च सम्मान पनि गर्न चाहन्छु।

त्यस्तै यो अधिवेशन अत्यन्त छोटो समय चल्यो र आजसम्म आजको बैठक सहित हामी नौं वटा बैठकहरू आज सम्पन्न हुँदैछन् र यो छोटो बैठकमा यो अधिवेशन अत्यन्त सफल भएको मैले अनुभूति गरेको छु। र पहिलो कुरा यो मुलुकमा यो संविधान जीवित छ कि छैन अथवा राष्ट्रिय सभाको जुन गरिमा, जुन महत्वको बारेमा धेरै मान्छेलाई यो बारेमा बुझ्ने पनि मान्छेका बुझाइहरू फरक थिए। त्यसकारण अहिले पनि यो मुलुकमा संविधान जीवित छ भन्ने कुरा यस पटकको अधिवेशनले यो सन्देश दिएको छ। र सँगसँगै राष्ट्रिय सभाको जुन एउटा गरिमा हो, जुन महत्व हो र अझ यो यसको महत्व बढाएको छ भन्ने कुरा पनि मैले अनुभूति गरेको छु। त्यस्तै यो हामीले जुन नौं वटा बैठकहरू गऱ्यो र यो नौं वटा बैठकबाट अत्यन्त महत्वपूर्ण निर्णयहरू भएका छन्। हामीसँग विधायन समितिमा पाँचवटा विधेयकहरू थिए र त्यो पाँच वटा विधेयक मध्येमा हामीले चारवटा विधेयकहरू अत्यन्त धेरै

ठुलो मेहनत गरेर, छलफल गरेर हामीले  तीनवटा विधेयकहरू हामीले पारित गरेका छौं। एउटा विधेयक सरकारले नै फिर्ता लिएको छ र त्यो सरकारलाई फिर्ता लिने पनि हामीले समितिबाट र सँगसँगै हामीले यहाँको सभाबाट पनि हामीले त्यो अनुमति दियौं। एउटा विधेयक वास्तवमा हामीले छलफल गर्दै जाँदा केही कुराहरू अझै त्यहाँ अपुग थिए र समितिमा समितिका माननीयहरूको बीचमा धेरै छलफलहरू भए, मन्त्रालयका बीचमा छलफल भए। यो हुने क्रममा यो विधेयकले धेरै अझै बाँकी छलफलहरू खोज्यो।  त्यसकारण यो समय अपर्याप्तका कारण यो एउटा विधेयक अहिले पनि विचाराधिन छ र मलाई लाग्छ आउने उसबाट यो विधेयक पारित हुनेछ। सँगसँगै यसै बीचमा थुप्रै समितिका सभापतिज्यूहरूले, समितिहरूले धरै ठुलो मेहनत गरेर समितिहरूले आफ्नो प्रतिवेदनहरू यहाँ पेश गर्नु भयो सभामा। र त्यी प्रतिवेदनहरू पास भएका छन् र भयोलिका दिनमा त्यी प्रतिवेदनहरू कार्यान्वयन गर्नको निम्ति, कतिपय कुरा विधेयक निर्माण गर्नको निम्ति म सरकारलाई म आग्रह गर्न चाहन्छु। र अझ यसमा यही समितिकै सन्दर्भमा म खासगरि म जुन समितिमा छु, विधायन समितिमा। म रहेको समितिको सभापतिजी माननीय तुलसा दाहालले अत्यन्त धेरै ठुलो मेहनत गर्नुभयो। वास्तवमा जति पनि उहाँको कार्यकालमा जति विधेयकहरू आज हामीले पारित गऱ्यौं, सभाबाट हामीले पारित गरेर पठायौं। धेरै विधेयकहरू हामीले प्रतिनिधि सभामा पठाउँदा जिरो पनि भएका छन्। तर अहिले आजका मितिसम्म आईपुग्दा धेरै ठुलो उहाँले मेहनत गर्नुभएको छ। उहाँको यो मेहनत, यो समितिमा गरेको उहाँको यो योगदान, यो सभामा गरेको जुन योगदान छ। म यसको उहाँलाई म प्रशंसा गर्न चाहन्छु, उच्च सम्मान गर्न चाहन्छु र म उहाँलाई बधाई व्यक्त गर्न चाहन्छु।

यसपछि यसमा विधेयकहरूका सँगसँगै नेपाल सरकारले यी बीचमा दुई तीनवटा केही मतदाता नामावली ऐन, २०७३ लाई  संशोधन गर्न बनेको अध्यादेश लगायतका तीनवटा अध्यादेश पनि सरकारले ल्याएको थियो। र त्यो अध्यादेशहरूलाई पनि हामीले यहाँबाट पारित गर्ने कामहरू गरेका छौं। त्यसकारण म अनुरोध गरौं फेरी पनि दोहोऱ्याएर भन्न चाहन्छु कि यो छोटो समयमा यो अधिवेशन अत्यन्त सफल भएको म फरी यहाँ सम्मानित सदनमा म निवेदन गर्न चाहन्छु।

यसपछि जसले छ वर्ष कार्यकाल पूरा गरेर केही माननीयज्यूहरू बिदाइ भएर जाँदै हुनुहुन्छ र म बिदाइ भएर जाने सम्पूर्ण माननीयज्यूहरूलाई म यो दुई वर्षको मेरो यो अनुभव दुई वर्षको कार्यकालमा उहाँहरूसँग अत्यन्त ठुलो सहकार्य रह्यो, सहकार्य भयो। र उहाँहरूले धेरै ठुलो मेहनत गर्नुभएको छ। उहाँको योग्यता, उहाँको क्षमता र उहाँले जुन योगदान राष्ट्रिय सभामा गर्नुभएको छ, यो अत्यन्त प्रशंसनीय र राष्ट्रिय सभा र मेरो निम्ति यो मार्गनिर्देशनको रूपमा रहने छ। त्यसकारण  म

बिदाइ भएर जानुहुने सम्पूर्ण माननीयज्यूहरूलाई यहाँहरूको आगामी जुन राजनीतिक जीवन छ त्यो अझ सफल होस्, अझ सुखद रहोस् भन्ने पनि म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

त्यस्तै मैले थोरे अब २०८२ साल फाल्गुन २१ गते यो देशमा निर्वाचन हुन गइरहेको छ। र यो निर्वाचन गत विगतको जस्तो यो नियमित खालको निर्वाचन होइन र त्यो आवधिक निर्वाचन पनि होइन। देशमा एउटा असामान्य परिस्थितिमा भदौ २३ र २४ गतेको जुन घटना भयो र आज वास्तवमा हामी कसैले पनि यो कुरा स्वीकार्न सक्दैनौं कि वास्तवमा यो अहिले कानुन सम्मत, प्रतिनिधि सभा विघटन भएको छ भन्ने कुरा हामी कसैले पनि स्वीकार्न सक्दैनौं। तर देशको एउटा समय एउटा परिस्थिति फरक परिस्थितिमा देशको निर्वाचन भइराखेको छ। त्यसकारणले यो निर्वाचनको बारेमा आज सबैको चासो र चिन्ता छ। धेरै माननीयज्यूहरूले पनि यो कुरा अघि बताउनु भएको छ कि वास्तवमा अहिले पनि आम नागरिकलाई फाल्गुन २१ गते निर्वाचन हुन्छ कि हुँदैन ? त्यो निर्वाचन भयो भने निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण निर्वाचन हुन्छ कि हुँदैन र त्यो निर्वाचनले सम्पन्न भइसकेपछि निर्वाचनले दिने परिणामले यो अहिलेको खास मुलुकको जुन सङ्कट छ, जुन राजनीतिक सङ्कट छ। यो निकास दिन्छ कि दिँदैन भन्ने कुरा आज अहम् प्रश्न छ, आज गम्भीर प्रश्न छ। त्यसकारण म सरकारलाई आग्रह गर्न चाहन्छु कि सरकारले यो निर्वाचनलाई शान्तिपूर्ण बनाओस्, निष्पक्ष बनाओस् धाँधलीरहित बनाओस् र यो निर्वाचनको परिणामले साँच्चिकै देशलाई एउटा निकास देओस्। तर म एउटा कुरा यहाँ बताउन चाहन्छु। त्यो युवा जवानहरूको भावना अनुरूप बनेको सरकार हो भनेर भनिन्छ। नागरिकको सरकार हो, स्वतन्त्र नागरिकको सरकार हो भनेर पनि भनिन्छ। र मलाई लाग्छ कतिपय मन्त्रीले त्यसरी आफूलाई परिभाषित पनि गर्नुहुन्छ। तर आज सरकारमै रहेका केही सदस्यहरू हतार हतारमा आज निर्वाचन लड्न गइराख्नु भएको छ। केही सदस्यहरूले आज आफ्नो दायित्व पूरा नगरेर जुन खालको जिम्मेवारी थियो, जुन खालको दायित्व थियो। त्यो पूरा नगरेर आज निर्वाचनमा आफै निर्वाचन लड्न गइराख्नु भएको छ र केही बाँकी सदस्यहरूले आज निर्वाचन गराउँदै हुनुहुन्छ। त्यसकारण यो संयोग हो कि के हो ? कामना गरौं यो संयोग मात्र होस्। म यति कामना गर्न चाहन्छु र वास्तवमा यदि अरू केही कुराहरू छन् भने मान्छेहरूले त धेरै आशङ्का गरिरहेका छन्। यदि त्यो पछाडि त्यसका थुप्रै केही कुराहरू छन् भने भविष्यमा त्यी कुराहरू खुल्दै जानेछन्। त्यसकारण म फेरी पनि आग्रह गरे यो सम्माननीय अध्यक्ष मार्फत यो सम्मानित सभामा, सम्मानित सदनमा म आग्रह चाहन्छु कि फाल्गुन २१ गते हुने निर्वाचन अत्यन्त निष्पक्ष होस्, शान्तिपूर्ण तरिकाले होस् र धाँधलीरहित होस्। भयरहित वातावरणमा आम नेपाली नागरिकले, मतदाताले चाहेको पार्टीलाई चाहेको उम्मेदवारलाई

भयोट हाल्ने वातावरण बनोस् र त्यसपछिको परिणामले यो मुलुकको साँच्चीकै निकास देओस्। र त्यो निकासले राष्ट्रियता बलियो होस्। त्यो निकासले यो लोकतान्त्रिक व्यवस्था बलियो होस् र त्यो निकासबाट यो संविधानलाई कसैले तलमाथि गर्न सक्दैन भन्ने कुरा त्यो कुरा बनोस्। संविधान बलियो बनोस्। र यसको निम्ति म सबै राजनीतिक दलहरूलाई जसले यो संविधान निर्माण गर्नको निम्ति, यो संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नको निम्ति सबै दलहरूले जुन खालको योगदान गर्नु भएको छ। सबै दलहरूले एकताबद्ध भएर त्यो खालको २१ पछिको एउटा खालको वातावरण निर्माण गरेर यो मुलुकको एउटा समृद्धिको निम्ति, विकासको निम्ति त्यसमा हामी सबै एकताबद्ध हौं भन्ने कुरा पनि म सबै दलहरूलाई आग्रह गर्दै मेरो भनाइ यही अन्त्य गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

**(१५:२२ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोपाल भट्टराई।

**(१५:२२ बजे)** **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले):**- सम्माननीय अध्यक्ष महोदय, आज हामी १९औं अधिवेशनको अन्त्यमा छौं र अब व्यक्तिगत रूपमा भन्दा म यो सदनको उपस्थितिको अन्त्यमै छु। त्यसकारण सबै सबै प्रति हार्दिक धन्यवाद जति खेर म यो सदनमा प्रवेश गरे प्रवेश गरे देखिनै यो विभिन्न समितिमा रहेर काम गर्ने अवसर मिल्यो र विभिन्न माननीयज्यूहरू सित सबै माननीयज्यूहरू सित सहकार्य गर्ने अवसर पनि मिल्यो। त्यसो भएको हुनाले यहाँहरू सितको सहकार्य मेरो लागि भयोलिको निम्ति पनि एउटा शिक्षा प्रदत्त नै रह्यो भन्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, यो विषम परिस्थितिमा पनि हामीले विषम परिस्थिति मात्र होइन अन्यौलहरूको परिस्थितिमा पनि हामीले यो सदन सञ्चालन गर्न सक्यो। जुन सदन जलेर ध्वस्त भएको थियो र त्यसको बैठक बस्ने ठाउँको पनि थिएन त्यो ठाउँको प्रबन्ध समेत गर्ने गरी व्यवस्था गर्न सरकारलाई सहमत गराउन अध्यक्षज्यू, सचिवालय जसरी लाग्यो हाम्रो समेत उहाँहरूलाई सहयोग समर्थन रह्यो र यो सदन सुचारु भयो अघि माननीयज्यूहरूले भनि सक्नु भएको छ। यो सभाको यो अन्तिम बैठक अन्तिम सभाले धेरै कामहरू गरिएका छ। हामीले आज समेत ९ वटा बैठक बस्यौं ९ वटा मध्य एउटामा हामी शोक प्रस्ताव पारित गऱ्यो। त्यो भन्दा बाहेकका बैठकहरू प्रत्येक बैठकले महत्वपूर्ण कामहरू गरेको छ र धेरै धेरै काम गरिएको छ। एक महीना भित्र ९ वटा बैठकमा ३-४ वटा विधेयकहरू पारित हुन भनेको चानेचुने कुरा होइन। हामी समितिबाट पनि धेरै मेहनत गऱ्यौं र त्यो मेहनतको प्रतिफल हामीले प्राप्त गरिएको छौं। र भयोलिको निम्ति यहाँ रहनु हुने माननीयज्यूहरू र नयाँ आउनेहुने माननीयज्यूहरूले यो सहकार्यलाई यथावत् राख्न सफल हुनुस् भने भन्न चाहन्छु। केही अझै पनि हामीसँग अझै केही

मान्छेहरूको बारेमा, केही नेताहरूको बारेमा, जुन खालको त्यो एग्रेसिवनेस छ त्यसलाई छोड दिनुस् भन्छु म त, पटक पटक एउटा कुरा उठाई रहने फल्नोले गर्दा यसो भयो भने त्यसो भएको भए उसले गरेका कामहरू गलत थिए र नियम सम्मत थिएन भने पटक पटक सरकारमा जानेहरूले के हेरेर बसेको हो। त्यो टुङ्ग्याउनु पर्‍यो नि त्यो नटुङ्ग्याउने आएर सदनमा त्यो सार्वजनिक खपतको निम्ति बोल्ने काममा मैले आग्रह गर्छु यस्तो नगर्नु होला भने आग्रह गर्न चाहन्छु। अब हामी अहिले सम्मको जुन हामीले गरेको कामहरू जति काम गर्न सक्यो। हामी प्रवेश गरिसकेपछि दुई वर्ष कोरोनाले हामीलाई थिलो थिलो पार्‍यो। त्यसपछि विभिन्न घटना क्रमहरू भए तर पनि हामीले मेहनत गरेर धेरै काम गरेका छौं भने मलाई लाग्छ। अब हामीले गर्नु पर्ने केही कामहरू छन् तत्काल गर्नु पर्ने संघीयता कार्यान्वयनको निम्ति गर्नु पर्ने कानुनहरू विधायन समितिले जुन इंगित गरेर सरकारलाई दिएको छ ती कानुनहरू चाँडो चाँडो ल्याउनको निम्ति अब सरकारलाई दबाब सिर्जना गर्नुपर्छ र ती कानुन नबन्दाखेरि साँचो यो संघीयता असफल हो कि जस्तो जस्तो देखिएको अवस्था पनि छ। त्यसो भएर त्यसलाई सफल बनाउनको निम्ति पनि यी कानुनहरू अति नै आवश्यक छ भने मलाई लाग्छ। अब यस सन्दर्भमा मैले यति कुरा मात्र राखे र यो भन्दा पहिला पनि मैले सबै माननीयज्यूहरूलाई धन्यवाद समेत व्यक्त गरिसकेको छु त्यसो भएर म यस तर्फ धेरै जान्न।

अब अहिले के देखिएको छ भने निर्वाचन आइ रहेछ। निर्वाचन निष्पक्ष, स्वतन्त्र, धाँधलीरहित हुन्छ भने सङ्केत छैन। त्यो सङ्केत के-के कारणले छैन भन्दाखेरि अब भ्रष्टाचारका मुद्दाहरू फिर्ता लिने र सरकारले फिर्ता लिन्छ। अब अदालतले मानिरहेका छैन त्यो छुटै कुरा भयो तर सरकार त्यसमा त लाग्यो अरूलाई भ्रष्टाचारी भने भ्रष्टाचारका मुद्दाहरू सङ्गठित अपराध जस्ता मुद्दाहरूलाई पनि फिर्ता लिने जुन खालको सरकारको रबैया देखिएको छ यसले पनि सङ्केत गर्छ यो निर्वाचन निष्पक्ष, धाँधलीरहित हुन्छ भने हामीले हुँदैन। तीनै मान्छेहरू अस्ति जेल ब्रेक गरेर निस्के थुप्रै मान्छेलाई निकाले सबै आफ्नो काम सम्पन्न गरेर भित्र जेलमा गए सम्पन्न त्यसपछि भएको छ नि सबै जलाउने काम पनि त्यसपछि भएको छ। त्यसो भएर यो हामीले पूरै विश्वास गर्ने अवस्था छैन शान्ति सुरक्षाको अवस्था राम्रो छैन मान्छे त्रसित छन् यहाँ हामीले देखे जस्तो सजिलो छैन। पुलिस प्रशासन आज त्यहाँ त्यो राजाको स्वागत गर्न गएका मान्छेहरूसित डराएर छेउछेउ लागेको अवस्था देखिन्थ्यो। त्यसो भएर पुलिस प्रशासनको समेत मनोबल गिरीरहेको अवस्थामा जनताको मनोबल कसरी उठ्न सक्छ भने कुरामा हामीले यिनी कुराहरूले हामीले निष्पक्ष, धाँधलीरहित हुन्छ भने सङ्केत देखिएको छैन। अब यो प्रहरीबाट लुटिएका हतियारहरू बाहिर छन् अब देश सिंहदरबार जलाउने, अदालत जलाउने, संसद जलाउनेहरूका

फोटो सहितका भिजुअलहरू आएका छन् ती मान्छे कोही पनि पक्रिँदैन। केही त उम्मेदबारे भए छन् त्यसो भएपछि यो कसरी शान्ति सुरक्षा हुन्छ र ती मान्छेहरू यो निष्पक्ष हुन्छ भनेर हामीले विश्वास गर्ने यो खालको अवस्था छ। यो सामाजिक सञ्जालको अवस्था त्यस्तै छ निर्वाचन आयोगले त मैले सामाजिक सञ्जाल नियन्त्रण गर्न सकिन् अब पुलिस प्रशासनले के गर्न हो गर भनिसक्यो भने पछि कसरी हुन्छ यिनी कुराहरूबाट हामीले शान्ति सुरक्षाका साथ निर्वाचन हुन्छ भने कुरामा हामी विश्वस्त हुन सक्ने आधार छैन भने कुरा मैले राख्न चाहन्छु। अब अघि मैले भन्दा भन्दै त्यहाँ अलिकति १ मिनेटमा सक्दो रहिन रहेछ। त्यो अहिले भर्खर यो समाज कल्याण परिषदबाट १६ जना कर्मचारीलाई निकालेको छ। आचारसंहिता सरकारलाई लाग्छ कि लाग्दैन आचारसंहिता लागू भइसकेपछि ती कामहरू गर्ने हो र। त्यो त भयोलि निर्वाचन सम्पन्न भइसकेपछि कसैले गर्ला नि उहाँहरूले चाहेको सरकार आयो भने त्यसैले गर्ला अरू सरकार आयो भने अरूले गर्ला। यस्ता कामहरूमा समेत हात हाल्ने र सरकार अलि एक पक्षीय हो भने खालको परिस्थिति देखिएको छ। त्यसो भएको हुनाले समय अलिकति बढि लिए मैले यसको निम्ति क्षमा माग्दै यस्तो अवस्थामा चुनावलाई अब आइसक्यो १५-२० दिन बाँकी छ। यो २० दिनमा भित्र अब २/४ दिन भित्रै सरकारले निष्पक्ष, धाँधलीरहित हुन्छ भने मेसेज कसरी दिन सक्छ यसतर्फ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**(१५:३३ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

**(१५:३३ बजे)** **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यू तथा अन्य कर्मचारी साथीहरू, आज हामी १९औं अधिवेशनको अन्तिम दिन समापन कार्यक्रममा छौं र यतिखेर एकतिहाई सदस्य माननीयज्यूहरू बिदाइ भएर जाँदै हुनुहुन्छ। र हाम्रो राष्ट्रिय सभाका माननीय उपाध्यक्षज्यू पनि त्यसमा हुनुहुन्छ र उहाँहरूलाई उहाँहरूसँगको हाम्रो बसाइमा जुन सहकार्य भयो, अत्यन्त महत्वपूर्ण रह्यो। र उहाँहरूसँगको छलफल, कामकारबाही र उहाँहरूको निर्देशन र सहयोगको लागि म सम्पूर्ण माननीय सदस्यहरूको तर्फबाट उहाँहरूलाई धन्यवाद दिन चाहन्छु। र यो अधिवेशनमा अन्य अधिवेशनभन्दा तुलनात्मक रूपले हामीले धेरै कामहरू गरेका छौं, पूर्ववक्ता माननीयज्यूहरूले पनि भन्नुभयो। समय अवधिको हिसाबले यति छोटो समयमा हामीले धेरै नै काम गरेका हौं, त्यो कुरालाई हामीले स्वीकार्नु पर्छ।

र अब हामी लगत्तै चुनावमा जाँदै छौं, सिङ्गो देश चुनावमा जाँदैछ। २१ गते हाम्रो मतदानको दिन छ तर देशको परिस्थिति अत्यन्तै अन्योल छ। अन्योल र चिन्ताजनक अवस्था छ। भयमुक्त

वातावरणमा चुनाव हुन्छ वा हुँदैन भन्ने कुरामा नै शङ्का छ। तर हामीलाई बाध्यता छ, चुनावमा जानुपर्ने अवस्था छ। त्यसो गर्दा सरकारलाई म अनुरोध के गर्छु भने निष्पक्ष चुनाव गराउनको लागि र भयरहित तरिकाले जनताले आफ्नो अभिमत व्यक्त गर्ने वातावरण तयार गर्नमा सरकार दत्तचित्त भएर लागोस् मैले यही अनुरोध गर्न चाहन्छु, र यो चुनावको वातावरण यही बीचमा विभिन्न ठाउँमा हातहतियारहरू भेटिएका, पैसाहरू बरामद भएका समाचारहरू पनि छापामा आएका छन्। अब पुलिसबाट खोसिएका हतियारहरू बाहिरै छन्। कैयौं भागेका अपराधीहरू तिनिहरू जेल बाहिरै छन्। त्यसो गर्दा स्थिति अत्यन्त गम्भीर छ।

र अर्कोतिर देशको राजनीतिक अवस्था यतिखेर अत्यन्त गम्भीर अवस्थामा पुगेको छ। खास गरेर देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता अत्यन्त सङ्कटमा गइरहेको छ। साँच्चै भन्ने हो भने देश रहने हो कि नरहने हो, यस खालको स्थिति सिर्जना भएको छ। हामी सबैले आकलन गरिरहेका छौं। छापा र मिडियाहरूमा आएका कुराहरू सुनिरहेका छौं। यहाँ देशभित्र भएका गतिविधिहरू हेरिरहेका छौं। त्यसले देशको राष्ट्रियतालाई निषेध गर्ने त होइन ? यस खालको शङ्का टट्कारो रूपमा अगाडि आएको छ। हामीले छापामा देखिरहेका छौं कि भर्खरै indo-pacific strategy का प्रमुख आएर नेपाली सेनासँग डायरेक्ट भेटघाट भयो भन्ने कुरो पनि छापामा आयो। त्यस्को लगत्तै चीनबाट एउटा पत्रिकामा एकजना लेखकले लेखे कि तपाईहरू भन्ने एउटा गर्ने अर्को। कि त तपाईहरू आफ्नो इतिहासलाई पछ्याउनुस्, सुरक्षित साथ बाँच्नुसु। होइन भने तपाईहरूले गरेको  कामकारबाहीको नतिजा भयोग्नुस् भनेर त्यस खालको थ्रेट आइरहेको छ। यस्तो अवस्थामा हामी चुनाव गर्न गइरहेका छौं। आज देशको अवस्था यो छ।

त एकातिर यो अवस्था छ भने अर्कोतिर हामीले हिजो देखिनै हामीले भन्दै आइरहेका हौं कि यो संघीयता देशको लागि भारी भयो। यो संघीयताले गर्दाखेरि जातीय र क्षेत्रीय विग्रह र आर्थिक बोझ देशलाई थप्यो, त्यसैले यसमा विचार गरौं। अझै पनि हामी यसलाई सुदृढ बनाउने र यसलाई बलियो बनाउनेतिर नै हाम्रो कोसिस छ। यति लामो समय हामीले कोसिस गर्‍यौं तर पनि हामीले त्यसमा उल्लेखनीय नतिजा प्राप्त गर्न सकेका छैनौं। र अब त हामी नै भन्न लागिरहेका छौं संघीयताले देश रहन्छ कि रहन्न ? त्यो अवस्थामा त हामीलाई पुर्‍यायो त। देशी विदेशी शक्ति केन्द्रहरूको चलखेल त तपाई हामी सबैले देखेकै छौं यहाँ, कुन हद सम्म पुगेको छ भन्ने कुरा। त्यसैले यस विषयमा पनि विचार गर्नुपर्छ भन्ने मैले आफ्नो भनाइ यहाँ राख्न चाहन्छु।

अर्को देशमा अहिले पपुलिस्ट राजनीति अत्यन्त हाबी भएर गएको छ। विगत लामो समय देखि देशको राणा शासन अन्त्य गर्ने, पञ्चायती व्यवस्था ढलाउने, राजतन्त्रलाई खतम गरेर त्यसको ठाउँमा गणतन्त्र ल्याउने। धर्म निरपेक्षता ल्याउने। यो आन्दोलनमा आफ्नो माने सिङ्गो जीवन अर्पेका नेताहरू र राजनीतिक पार्टीहरूको कुनै मान्यता छैन। यहाँ रातारात उम्रेका, रातारात पलाएका पपुलिस्टहरू, स्टन्टबाजीको भरमा आज चुनावी मैदानमा खडा भएका छन्। त्यस मध्ये त कैयौं जेनजी आन्दोलनको क्रममा जुन आँगजनी भयो, जुन किसिमको एउटा वितण्डा मच्चियो। त्यसमा प्रत्यक्ष संलग्न भएका मानिस पनि यहाँ शामिल भएका छन्। चुनावमा उम्मेदवारी भएको हामीले देखिरहेका छौं। त्यतिमात्र होइन आज देशमा हिन्दू धर्म स्थापना गर्ने र राजतन्त्र ल्याउने कुरा चर्को रूपमा उठिरहेको छ। त्यो के कारण ले उठ्यो ? हिजो तपाई हामीले ज-जसले सत्ता सम्हाल्यौ, हामी ठुला पार्टीहरू जो-जो सत्तामा रहयौं। हामीले निश्चित रूपमा यो देशलाई सही दिशा अघि बढाउन सकेनौं। जनतालाई सही किसिमले डेलीभरी दिन सकेनौं। जनताको आवाजलाई हामीले सम्बोधन गर्न सकेनौं। त्यस कारणले नै यस खालको वातावरण सृजना भयो र आज चुनावमा उठेकाहरूमा छापाहरूमा देखिन्छ। कति सोह्र जना त पास्टरहरू उम्मेदवार भएका छन् यहाँ। एकातिर यहाँ यो देशलाई क्रिश्चियनीकरण गर्ने दौडधूप चलेको छ अर्कोतिर यसलाई हिन्दू राज्यमा लैजाने दौडधूप चलेको छ। यो खिचातानीको बीचमा देश के हुन्छ ? कहाँ जान्छ ? तपाई हामीले गम्भीर रूपमा लिनुपर्ने, सोच्नुपर्ने अवस्था आएको छ।

त्यसैगरी अर्को कुरा एम.सी.सी को कुरा त हामीले बारम्बार सदनमा उठाउँदै आएका हौं। एम.सी.सी ले देशमा घातक गर्छ। यो शुद्ध सहयोगी भावनाबाट यो एम.सी.सी प्रोजेक्ट आएको छैन, यो परियोजना। यसको पछाडि रणनीतिक कारण छ र त्यो हो Indo-Pacific Strategy को मातहतकै एउटा अङ्ग हो भनेर। आज बिस्तारै-बिस्तारै यसको पोल खुल्दै गइरहेका छन्। बिस्तारै-बिस्तारै त्यसका प्रतिनिधिहरू आएर भेट्ने काम गरिरहेका छन्। र साँच्चै भन्ने हो भने जुन एम.सी.सी लाई हिजोका पटक-पटक सत्तामा बस्ने ठुला दलहरूले संसदमै लगेर पास गरेर पाको बनाउनु भयो। त्यै एम.सी.सी ले उहाँहरूलाई अपदस्थ गऱ्यो। यो सरकारलाई नै ढलाएर देशलाई यो ठाउँमा पुऱ्यायो। त्यसैले यस खालका चीजलाई हामीले बेलैमा ठम्याउन सकेनौं, बेलैमा यसलाई हामीले यसलाई चिन्न सकेनौं र त्यसको निम्ति हामीले कुनै कदम चाल्न सकेनौं। आज संविधान खारेज गर्ने कुरा आइरहेको छ। निश्चित रूपमा संविधान खारेज गर्ने कुरा यहाँ गणतन्त्र धर्मनिरपेक्ष र बहुदलीय व्यवस्थालाई खतम गरेर त्यस ठाउँमा राजतन्त्र ल्याउने अनि हिन्दू राज्य बनाउने दृष्टिकोणबाट नै यो कुरा उठिरहेको छ। त्यसैले यो विषयमा हामी गम्भीर हुनुपर्छ र संविधान खारेजको कुरालाई हामीले विरोध गर्नुपर्छ। संविधानमा भएका

त्रुटिहरूलाई, सानातिना त्रुटिहरूलाई हामीले संशोधन गर्ने र यो व्यवस्थालाई कायम गरेर अझ अगाडि जाने कुरामा हामी सबै दृढ हुनुपर्छ र एकमठ हुनुपर्छ भन्ने कुरालाई मैले यहाँ जाहेर गर्न चाहे।

त्यसै गरेर यहाँ यही बीचमा कार्यकारी प्रमुखको कुरा पनि उठिरहेको छ, र विशेष गरेर कैयौं त वामपन्थी पार्टीहरूले पनि कार्यकारी प्रमुख हुनुपर्छ भन्नु भएको छ। तर नेपालको सन्दर्भमा कुनै देशको लागि त्यो उपयुक्त होला तर नेपालको सन्दर्भमा कार्यकारी प्रमुखको कुरो, त्यो उपयुक्त हुँदैन भन्ने हाम्रो ठम्याइ छ। किनभने अहिलेको प्रधानमन्त्री उसमा के हुन्छ त भन्दाखेरि चेक एण्ड ब्यालेन्स हुन्छ। तर यस खालको सानो देशमा हाम्रो जस्तो राजनीतिक गजमजिएको ठाउँमा कार्यकारी प्रमुख भयो भने भयोलि निरङ्कुशता जन्म लिन सक्छ। त्यो कार्यकारी प्रमुख जनताप्रति उत्तरदाई भएन र निरङ्कुश भई दियो भने देशको हालत के हुन्छ। एउटै कार्यकारीको सहिले भयोलि जसरी सिक्किम भारतमा विलय भयो नेपाल पनि विलय हुन के बेर लाग्छ। त्यसमा कुनै उ छ। त्यसैले यस विषयमा पनि हामी सचेत हुनुपर्छ भन्ने लाग्छ। त्यसैले अब यो जुन आगामी दिनमा जे भएपनि देश अब सिङ्गो देश अब चुनावमा गइसकेको छ। र यो सरकारले अत्यन्त सजगताका साथ, अत्यन्त होसियारीपूर्वक तरिकाले यो चुनावलाई निष्पक्ष बनाउने। सुरक्षा संयन्त्रहरूलाई व्यवस्थित गर्ने र जनतालाई भयरहित वातावरणमा आफ्नो मत खसाल्ने वातावरण तयार पारोस्। र त्यसपछि आउने सरकारले यो देशको राष्ट्रियता, यो देशको सार्वभौमिकता, जनताले लडेर ल्याएको बहुदलीय व्यवस्था, मौलिक अधिकार जस्ता जुन महत्वपूर्ण चीजहरू छन् त्यसलाई संरक्षण गर्दै यो देशलाई अगाडि बढाउने र स्वाधीन र स्वाभिमानी देश बनाउने कुरामा आगामी आउने सरकारले भूमिका खेलोस् भन्ने पनि मैले कामना गर्दै आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छु। समय बढी लिएकोमा माफी पनि चाहन्छु। धन्यवाद।

**(१५:४५ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू जुन अनिश्चय र अन्योलका बीच १८औं अधिवेशन अन्त्य भएको थियो, अहिले १९औं अधिवेशन अन्त हुँदै गर्दाको परिस्थितिमा धेरै ठूलो फेरबदल भइसकेको छ। हामी यतिबेला प्रतिनिधि सभा सदस्य निर्वाचनको संघारमै आइपुगेका छौं। देशभर चुनावी माहोल बनिसकेको छ। हामीले गत माघ ४ गते १९औं अधिवेशन शुरू हुँदै गर्दा केही नयाँ चुनौतीका साथ थप नयाँ जिम्मेवारी हाम्रो काँधमा आएको थियो। त्यसलाई हामीले कुशलतापूर्वक पूरा गरेकाछौं। म यहाँ यो पनि स्मरण गर्न चाहन्छु कि राष्ट्रिय सभाको विगतका अधिवेशनभन्दा यो अधिवेशन समयका हिसाबले निकै छोटो र कामका हिसाबले धेरै महत्त्वपूर्ण र भविष्यमा पनि गर्व गर्न सकिने भयो भन्दा कुनै अतिसयोक्ति नहोला। सभा सञ्चालनका लागि चाहिने

नयाँ सभा कक्ष, सम्पूर्ण प्रविधिलाई व्यवस्थापन गर्ने देखि सबै विषय नयाँ हुँदा हुँदै पनि सम्पूर्ण माननीय सदस्यहरूको सक्रिय सहयोग, संघीय संसद सचिवालय र यस मातहतका सबै निकायको सक्रिय पहलका कारण बिना कुनै रोकावट र अवरोध १९औं अधिवेशनको अन्तमा आइपुगेका छौं।

माननीय सदस्यहरू, संघीय संसद, राष्ट्रिय सभाको उन्नाइसौं अधिवेशनको पहिलो बैठक सम्वत् २०८२ साल माघ ०४ गते आइतवार बिहान ११:०० बजे प्रारम्भ भई २०८२ साल फागुन १ गते शुक्रबारसम्म जम्मा २७ दिन चालू रह्यो। यस अवधिमा ९ वटा बैठक बसी जम्मा १७ घण्टा २५ मिनेट सभाको काममा व्यतीत भयो। यस अधिवेशन अवधिमा ७ वटा बैठकमा शून्य समय रहेको थियो। उक्त शून्य समयमा २९ जना माननीय सदस्यहरूले ४८ मिनेट समय उपयोग गर्नुभएको छ भने ३ वटा बैठकमा विशेष समय रहेको थियो। विशेष समयमा १५ जना माननीय सदस्यहरूले ३ घण्टा ३९ मिनेट समय उपयोग गर्नुभएको छ। यस अधिवेशनको एउटा बैठकमा प्रादेशिक सरोकार समय रहेको थियो। प्रादेशिक सरोकार समयमा ७ जना माननीय सदस्यहरूले १ घण्टा १८ मिनेट समय उपयोग गर्नुभएको छ। २०८२ फागुन २० गतेदेखि विदाई हुनुहुने माननीय सदस्यहरूले यस अवधिमा सभा तथा समितिमा रही प्राप्त गर्नुभएका आफ्नो अनुभव प्रस्तुत गर्ने क्रममा ११ जना माननीय सदस्यहरूले २ घण्टा १२ मिनेट समय उपयोग गर्नुभएको छ।

माननीय सदस्यहरू, सभामा दर्ता भएका अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ भने पर्यटन विधेयक, २०८१, चलचित्र विधेयक, २०८१ र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ लाई पारित गरी प्रतिनिधि सभामा पठाएको छ र नेपाल सरकारले सामाजिक सञ्जाल विधेयक, २०८१ लाई फिर्ता लिएको छ।

माननीय सदस्यहरू यसै अवधिमा मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२; प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ र नेपाल विशेष सेवा ऐन (दोस्रो संशोधन) अध्यादेश, २०८२ सभामा पेस भई सर्वसम्मत स्वीकृत समेत भइसकेका छन्। सरकारलाई संसदप्रति जबाफदेही तुल्याउने महत्वपूर्ण औजारको रूपमा रहेको प्रश्नोत्तर कार्यक्रम अन्तर्गत यस अधिवेशन अवधिमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयसँग सम्बन्धित ४ वटा मौखिक प्रश्नोत्तर सञ्चालन भएका छन्।

माननीय सदस्यहरू, अधिवेशन शुरू हुँदै गर्दा २०७६ सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशबाट निर्वाचित माननीय सदस्य नारायणकाजी श्रेष्ठ र माननीय सदस्य भगवती न्यौपाने एवं सम्माननीय राष्ट्रपतिबाट मनोनीत राष्ट्रिय सभाका माननीय सदस्य बामदेव गौतमले नेपालको संविधानको धारा ८९ को खण्ड (क) बमोजिम लिखित राजिनामा दिनुभएको थियो। २०८० सालको राष्ट्रिय सभा सदस्य निर्वाचनमा सुदुरपश्चिम प्रदेशबाट निर्वाचित सदस्य बलदेव बोहराको निधन भएको थियो। उपरोक्त राष्ट्रिय सभा सदस्यहरूको स्थान रिक्त भएको छ। संवैधानिक व्यवस्था अनुसार ६ वर्षे कार्यकाल पूरा गरी एक तिहाइ माननीय सदस्यहरू बिदाइ हुँदै गर्दा रिक्त हुने पदमा अधिवेशनकै बीचमा गत माघ ११ गते नयाँ सदस्यहरू निर्वाचित भइसक्नुभएको छ। अब २०औं अधिवेशनमा हामी उहाँहरूसहित भेट हुने नै छौं। यस सन्दर्भमा बिदाइ हुने माननीय सदस्यहरूलाई हार्दिक धन्यवादसहित सुन्दर भविष्यको शुभकामना र नवनिर्वाचित माननीय सदस्यहरूलाई बधाई सहित स्वागत तथा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू, यसै अधिवेशन अवधिमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापति कमला पन्तले राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ र विकास, आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन; सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्माले अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन; संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सभापति सोनाम गेल्जेन शेर्पाले संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन र विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहालले विधायन व्यवस्थापन समितिको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन, संघीय एकाइहरूबीच विधायिकी अन्तरसम्बन्धः अध्ययन प्रतिवेदन, २०८२ र बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानहरूको कार्यान्वयन मापन प्रतिवेदन, २०८२ पेस गर्नुभएको थियो। साथै सभामा पेस भएका प्रतिवेदनहरू मध्ये राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२; अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ र अठारौं अधिवेशनमा पेस भएर छलफल हुन बाँकी रहेको राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ सभामा छलफल गरी प्रतिवेदनमा समावेश भएका सुझावहरू र सभामा

सरकारको तर्फबाट सम्माननीय प्रधानमन्त्री तथा माननीय मन्त्रीहरूले व्यक्त गरेका प्रतिबद्धता समेतलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न निर्देश समेत भएको छ। यस अधिवेशन अवधिमा संवैधानिक व्यवस्था अनुसार मुस्लिम आयोगको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन सभामा पेस भएको छ।

माननीय सदस्यहरू, यस अधिवेशन अवधिमा राष्ट्रिय सभा सदस्य बलदेव बोहरा, पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य ऋषिकेश गौतम, पूर्व मन्त्री, संविधानसभा सदस्य एवं प्रतिनिधि सभाका पूर्व सदस्य मोहम्मद आफ्ताव आलम, राष्ट्रिय सभाका पूर्व सदस्य कृष्णकुमारी श्रेष्ठ, पूर्व मन्त्री, प्रतिनिधि सभा एवं राष्ट्रिय सभाका पूर्व सदस्य आमोदप्रसाद उपाध्याय, पूर्व मन्त्री एवं प्रतिनिधि सभाका पूर्व सदस्य होमनाथ दाहाल र राष्ट्रिय सभाको पूर्व सदस्य शुक्रराज संयोकको निधन भएकोमा सभाले शोक प्रस्ताव पारित गरेको छ।

माननीय सदस्यहरू राष्ट्रिय सभाको १९औं अधिवेशन समयका हिसाबले छोटो अवधि सञ्चालन भए पनि ऐतिहासिक र महत्त्वपूर्ण भूमिका पूरा गर्दै सम्पन्न भएको छ। जेनजी आन्दोलनपछि बदलिएको देशको राजनीतिक परिस्थिति र प्रतिनिधि सभा विघटन भई नयाँ निर्वाचन घोषणा भएको अवस्थामा एक प्रकारको अन्यौलताको बीच हामीले राष्ट्रिय सभामार्फत विशिष्ट कामहरू पूरा गरेका छौं। कानुनी जटिलतालाई समाधान गर्ने मात्रै नभई सरकार, संघीय संसद, राजनीतिक दल र अन्य पक्षहरूसँग समेत सहमति, सहकार्य र समन्वय गर्दै संविधानको मर्मअनुसार आपसी विश्वास पैदा गर्ने र जनतामा पैदा भएको अन्योलतालाई चिर्दै संघीय संसद राष्ट्रिय सभाले अभिभावकीय भूमिका निर्वाह गरेको छ।

अन्तमा, १९औं अधिवेशन सफलतापूर्वक सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीहरू, राष्ट्रिय सभा सदस्यहरू, राजनीतिक दल, संघीय संसदका महासचिव, सभाका सचिव, सचिवालय सचिव लगायत सम्पूर्ण कर्मचारीहरू तथा सञ्चारकर्मी, सुरक्षाकर्मी सबैलाई म विशेष धन्यवाद तथा आभार व्यक्त गर्दछु। धन्यवाद।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट चालू उन्नाइसौं अधिवेशन अन्त्य सम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय अध्यक्ष,
राष्ट्रिय सभा,
सिंहदरबार, काठमाडौं।

संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/१०/२६ को सिफारिसमा सम्वत् २०८२ साल फागुन १ गते शुक्रबार राती १२:०० बजेदेखि लागू हुने गरी राष्ट्रिय सभाको चालू अधिवेशन अन्त्य गरेको छु।

(राम चन्द्र पौडेल)
राष्ट्रपति
२०८२ माघ २९

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालू उन्नाइसौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुनेगरी यो बैठक अन्त्य भएको घोषणा गर्दछु।

**स्थगितः १५:५६ बजे।**